# पहाड बोल्छ

देश र परिवेशसम्बन्धी वकपत्रहरू



# पहाड बोल्छ

देश र परिवेशसम्बन्धी बकपत्रहरू

© सम्पादित सामग्रीहरूको सर्वाधिकार *द पानस इन्स्टिच्युट,* २००३

*द पानस इन्स्टिच्युट* विकास र वातावरणसम्बन्धी विश्वव्यापी विषयहरूमा छलफल र संवाद अघि बढाउनका लागि कार्यरत संस्था हो। *पानस*का मुख्य कार्यालयहरू काठमाडौंलगायत डकार, कम्पाला, लन्डन, लुसाका, प्यारिस र वासिङटनमा छन्।

'पहाड बोल्छ' *पानस,* लन्डनको माउन्टेन प्रोजेक्टको एउटा भागका रूपमा रहेको ओरल टेस्टिमोनी प्रोग्राम (ओटीपी) अन्तर्गतको प्रकाशनमाला हो। ओटिपीले कैयन वर्षदेखि संसारभरका विभिन्न पर्वतीय समुदायहरूका स्थानीय व्यक्तिहरूलाई नै अन्तर्वार्ताकार र वक्ताका रूपमा सामेल गराएर उनीहरूका विचार र अनुभवहरूको अभिलेख राख्ने काम गरिरहेको छ। यसको उद्देश्य ती क्षेत्रहरूको वातावरण र संस्कृतिमा आइरहेको परिवर्तनको स्थानीय व्यक्तिहरूकै भाषा-शब्दमा अभिलेख राख्नु, विकासका बढ्दा प्रभावहरूको बारेमा जागरुकता बढाउनु तथा सामाजिक, आर्थिक एवं वातावरणीय प्रभावहरूका बारेमा मानिसहरूको अनुभव र दृष्टिकोणलाई सार्वजनिक गराउनु हो।

ओटीपीको माउन्टेन प्रोजेक्ट मूल रूपमा विकास सहयोगका लागि स्वीस संस्था एस्डीसी (SDC) बाट प्राप्त भएको छ। यसका लागि थप सहयोग नोविब (Novib), नर्वेजियाली विकास निकाय नोराड (NORAD) तथा सिडा (Sida) बाट प्राप्त भएको छ। नेपालसम्बन्धी यस पुस्तकका लागि एस्डीसी, एक्सनएड नेपाल तथा *पानस साउथ एसिया*बाट विशेष सहयोग प्राप्त भएको छ। यस पुस्तिकाका कुनै अंशहरू स्रोत उल्लेख गरेर पुन: प्रकाशन गर्न सकिनेछ। त्यस्तो प्रयोग भएका खण्डमा प्रकाशित सामग्रीको कटिङ वा त्यसका बारेमा प्रकाशित समीक्षा पठाइदिन अनुरोध छ।

यो पुस्तिका सञ्चारमाध्यमहरू तथा सामान्य आर्थिक क्षमताका गैरसरकारी संस्थाहरूका लागि नि:शुल्क उपलब्ध हुनेछ।

---

## कृतज्ञता

यस पुस्तिकामा सङ्कलित सामग्रीहरू सङ्कलन, अनुवाद तथा सम्पादन गर्ने, आवश्यक ठाउँहरूमा टिप्पणी थपेर विषयवस्तुलाई स्पष्ट पार्ने तथा पुस्तक एवं वेबसाइटको तयारी गर्ने काममा सञ्जय राणा, सङ्गीता लामा, भीम सुब्बालगायत धेरै व्यक्तिहरूको मेहनत लागेको छ र हामी सबैलाई धन्यवाद ज्ञापन गर्दैछौं। हामी ती व्यक्तिहरूप्रति विशेष आभारी छौं जसले आफ्नो व्यस्त समय खर्चेर आफ्ना विचार, अनुभव र कथाहरू सुनाउनुभएको छ।

## सम्पादकीय टिप्पणी

यहाँ सङ्कलित अन्तर्वार्ताहरूमा मूल कुराकानीको छानिएको भाग मात्र राखिएको छ। सकेसम्म देशका सबै क्षेत्र र समुदायका दृष्टिकोण र अनुभवहरूको प्रतिनिधित्व गर्न सक्ने र चाखलाग्दा अन्तर्वार्ता अंशहरूलाई मात्र हामीले यहाँ समावेश गरेका छौं। पहिलो चरणको सम्पादनमा दोहोरिएका कुरा, अन्यौल र प्रश्नहरूलाई हटाइयो। केही कुरालाई स्पष्ट गर्नका लागि थपिएका कुराहरूलाई कोष्ठकमा राखिएको छ र खाली ठाउँ जनाउन तीनओटा थोप्ला ... को प्रयोग गरिएको छ।

---

*प्रकाशनमाला सम्पादक: सिओभान वारिङ्टनका साथमा ओलिभिया बेन्नेट; सम्पादक: वेन्डी डेभिस; उत्पादन: नोर्म्यान स्मिथ; नेपाली अनुवाद तथा सम्पादन: केदार शर्मा, आवरण डिजाइन: स्याली ओ'लेरी; आवरण चित्र: सारा जोन; नक्सा: जुलिया कोलिन्स; तस्बिरहरू एस्. राई, मधुकर उपाध्याय: पृष्ठ २८*

# परिचय

"विकासले गर्दा थुप्रै सुविधा भएको छ ... सिँचाइ पनि विकासले नै ल्याएको हो"– रामबहादुर आफ्नो पाखो जमिनका ससाना कान्लामा उब्जनी बढेको कारण बताउँछन्। उनले यो कुरा २०५१/५२ सालमै भनेका हुन् जुन बेला यस पुस्तिकामा सङ्कलित कैयन अन्तर्वार्ताहरू लिइएको थियो। त्यस बेलासम्म गरिब नेपाली ग्रामीण जनतालाई माओवादी र संस्थापना पक्षबीचको द्वन्द्वको कालो बादलले ढाकेको थिएन। त्यस बेला मानिसहरू पाइपको खानेपानी, स्वास्थ्यचौकी, बाटो, बिजुली, नयाँ जातका बीउबिजन र मलका बारेमा कुरा गर्ने गर्थे जसबाट उनीहरूको उब्जनी बढ्थ्यो, दुःख घट्थ्यो दुःख घट्थ्यो र जीवन सम्पन्न र सुखी हुन्थ्यो। दिनहुँ बढिरहेको जनसङ्ख्या र रासोबासोका कारण खेतीयोग्य जमिन, चरन र वनमा ठूलो चाप परेको भए तापनि धेरै मानिसहरू सामुदयिक वन र नर्सरीका बारेमा कुरा गर्थे। हामीसँग कुरा गर्ने सबैजसो मानिसहरूका विचारमा जीवनमा केही न केही सकारात्मक परिवर्तन आइरहेको थियो।

हामीसित कुरा गर्नेमध्येका महिलाहरू विशेष जागरुक र भविष्यप्रति आशावादी थिए। विद्यालय जाने बालिकाहरूको सङ्ख्या बढेको एवं गैरसरकारी संस्था तथा बचत-ऋण कार्यक्रमहरूमा महिलाहरूको पहुँचमा सुधार आएको भए तापनि आफूहरूले निर्णायक भूमिका नपाएको, सम्पत्तिको अधिकार नदिइएको तथा तालिम र रोजगारीका अवसरहरूबाट वञ्चित भएको गुनासो धेरैको थियो। धेरै जनाले शिक्षामा मानिसहरूको पहुँच बढ्दै गएका कारण जात र लिङ्गका आधारमा हुने गरेका विभेदहरूमा कमी आएको कुरा बताए तापनि जातिभेद घटेको छ भन्ने कुरा बताउनेहरू माथिल्लो जातका बाहुन-छेत्रीहरू थिए। यहाँ सङ्कलित अन्तर्वार्ताले भने अझै पनि जातिभेदका जरा बलियै छन् भन्ने कुरा स्पष्ट पारेको छ।

शिक्षाको महत्त्वलाई संसारभरि नै स्वीकारिएको र उज्ज्वल भविष्यको राहदानीका रूपमा हेरिएको भए तापनि परम्परागत सीप र ज्ञानहरू अहिले पनि अधिकांश मानिसको जीवनका अभिन्न अङ्गका रूपमा रहेका छन्। मानिसहरूले जडीबुटीलगायतका परम्परागत औषधोपचारका विधिहरूका बारेमा जसरी नै परम्परागत जलस्रोत व्यवस्थापनका कुरा पनि गरेका छन्। वास्तवमा, कतिपय अवस्थामा यस्ता विधिहरू लामो समयसम्मको बेवास्तापछि पनि जागेका पनि देखिएका छन्।

यतिका सुधारहरू भईकन पनि यहाँ चर्चा गरिएका समुदायहरू सबै दृष्टिबाट एक्लिएका एवं गरिब छन् र यी मानिसहरू संसारकै सबभन्दा न्यून

आम्दानीमा गुजारा चलाइरहेका छन्। ती ठाउँहरूमा आधुनिक सुविधाहरू र बजारसितको पहुँच कम छ र खेतीपातीबाट अपुग भएको खर्च चलाउने हिसाबले लोग्नेमान्छेहरू कामको खोजीमा लाग्ने क्रममा बसाइँसराइमा वृद्धि भएको छ। कामको खोजीमा युवतीहरू सहरतिर लाग्ने कुरा पनि अब नौलो छैन, खास गरी धेरै ग्रामीण युवतीहरू विभिन्न सहरहरूमा गलैंचा बुन्ने काम गर्छन्। गाउँको गरिबीले गर्दा दलालहरू केटीहरूलाई सजिलैसित फकाउन, फुक्याउन र जबर्जस्तीसित वेश्यावृत्तिमा लगाउन सक्छन्। यस पुस्तिकामा त्यस्तो बसाइँसराइमा परेका महिलाहरूका आफ्नै बयान पनि सङ्कलित छन्।

ग्रामीण नेपालमा गहिरो जरा गाडेको गरिबीमा क्रमिक सुधार भइरहेको भए तापनि प्रगतिको दर सुस्त छ। कहीँकहीँ त केही भएकै छैन। हामीले पहिलो चरणका अन्तर्वार्ताहरू सङ्कलन गरिसक्नासाथ माओवादीहरूले 'गरिबी उन्मूलन गर्नमा कुनै चासो नभएको भ्रष्ट शासनसत्ताविरुद्ध' भनेर सङ्घर्ष सुरु गरे। २०५२ सालदेखि उनीहरूको गतिविधि उनीहरूको गढ भनिएको मध्यपश्चिमी पहाडहरूबाट फैलिएर सरकारका संवेदनशील क्षेत्रहरूमा समेत पुग्यो। देश हिंसा र अशान्तिका कारण जर्जर अवस्थामा पुग्यो, अनुमानतः ८,००० मानिसहरूको ज्यान गयो र त्योभन्दा धेरै मानिस हिंसाग्रस्त क्षेत्रहरूबाट, खास गरी पश्चिम नेपालबाट पलायन हुन बाध्य भए। माओवादीहरूको प्राथमिक लक्ष्यमा धनी र भ्रष्ट मानिसहरू छन् भनिए तापनि सुराकी भएको आरोपमा माओवादीहरूबाट र माओवादी समर्थक भएको आरोपमा सुरक्षाकर्मीहरूबाट ग्रामीण गरिबहरू नै सबभन्दा पीडित भए। जताततै शङ्का, अविश्वास, आक्रमण र प्रत्याक्रमणको वातावरण बन्यो। विद्यालयलगायतका विकासका भौतिक संरचनाहरू ध्वंश भए र हिंसाग्रस्त पहाडी क्षेत्रहरूको उत्पादकत्वमा ठूलो ह्रास आयो।

पहिलोपटक अन्तर्वार्ता सङ्कलन गरेयता समाजमा आएका नाटकीय परिवर्तनहरूको अभिलेख राख्ने उद्देश्यले *पानस*ले गतवर्ष केही नयाँ अन्तर्वार्ताहरू सङ्कलन गऱ्यो। हामीसित कुरा गर्नेमध्येकी एउटी महिलाले "हामीले केही प्रगति गरेका थियौँ" भनिन्, तर उनले थपिन्, "त्यो सबै भताभुङ्ग भयो।" हामीसित कुरा गर्नेमध्येका धेरैले सानातिना विकासका उपलब्धिहरू पनि फेरि जस्ताको तस्तै भएको तथा गाउँघरमा चिन्ता र डरको वातावरण रहेको कुरा बताए। कुनै पनि सरकारी निकायमा उपस्थिति नभएको दुर्गम क्षेत्रमा दुईओटा युद्धरत पक्षहरूको चेपमा पर्दा हुने मानवीय क्षतिका बारेमा यस पुस्तिकामा दुई जना व्यक्तिहरूले बोलेका छन्। उनीहरूले द्वन्द्वका कारण तिनका आफन्तहरू कसरी घाइते भए, कैदी

बनाइए र मारिए भन्ने कुराको रामकहानी सुनाएका छन्। २०५८ को माघमा सुरु भएको युद्धविराम र वार्ताले देखाएको आशाको किरण पनि २०६० भदौमा वर्ता भङ्ग भएपछि हराएको छ र देश नजाने कति समयका लागि फेरि आतङ्क र त्रासको भुमरीमा फँसेको छ।

**सहयोगीहरू**

यस पुस्तिकामा अलगअलग तीनपटक लिइएका अन्तर्वार्ताहरू सङ्कलित छन्। पहिलो चरणमा २०५१/५२ सालताका एक्सनएड नेपालले मुख्य रूपले सिन्धुपाल्चोकका तामाङहरूको अन्तर्वार्ता सङ्कलन गऱ्यो। त्यस क्रममा नवलपरासी र सिन्धुलीबाट पनि केही अन्तर्वार्ताहरू सङ्कलन गरिएको थियो। यो कामको संयोजन सञ्जय राणाले गर्नुभएको थियो। २०५५ मा *पानस साउथ एसिया*ले पानीसित सम्बन्धित विषयहरूमा केन्द्रित रहेर एउटा सङ्ग्रह निकाल्यो। विभिन्न समुदायहरूमा रहेको पानीको परम्परागत व्यवस्थापनदेखि आधुनिक अग्रसरता र आध्यात्मिक महत्त्वसम्ममा प्रकाश पार्ने 'पानीको पुर्ख्यौली ज्ञान' *वाटर विज्डम* नाममा अङ्ग्रेजी भाषामा पनि प्रकाशित भएको थियो। २०५८ मा यी दुवै अन्तर्वार्ता सङ्ग्रहहरू इन्टरनेट www.mountainvoices.org मा राखिए। २०५८ मा पानीको पुर्ख्यौली ज्ञानका लागि काम गरिसकेकी पत्रकार सङ्गीता लामाले थप नौ जना महिलाहरूको अन्तर्वार्ता गर्नुभयो। यी अन्तर्वार्ताहरूले जातिभेद, बसाइँसराइ, माओवादी विद्रोहलगायतका विभिन्न विषयहरूमा प्रकाश पारेका छन्।

यो पुस्तिका *द पानस इन्स्टिच्युट*को 'भ्वाइसेज फ्रम द माउन्टेन' नामक शृङ्खलाको नेपाली भाग हो। यस पुस्तिकामा प्रत्येक अन्तर्वार्ताका सिरानमा लेखिएको सङ्ख्या (उदाहरणका लागि पहिलो अन्तर्वार्तामा लेखिएको नेपाल ३१) यसको पूर्ण पाठसित सम्बन्धित छ। इन्टरनेटमा www.mountainvoices.org मा गएर NEPAL-31 मा क्लिक गरेपछि सानुमाया तामाङको अन्तर्वार्ताको पूर्ण, असम्पादित भाग अङ्ग्रेजीमा पढ्न सकिन्छ। यो इन्टरनेट साइटमा *पानस*को ओरल टेस्टिमोनी कार्यक्रमका बारेमा अन्य जानकारी पनि पाउन सकिन्छ।

# बकपत्रहरू

## सानुमाया

नेपाल ३१

*श्रीमान् काठमाडौंमा काम गर्ने भएकाले घरपरिवार र खेतीपातीको सबै अभिभारा सानुमाया तामाङकै जिम्मामा छ। उनी कामका लागि बाहिर जानु आजभोलिको आवश्यकता नै हो भन्ठान्छिन् र बाहिर काम गरेर पुरुषहरूले पैसा मात्र होइन, अनुभव, ज्ञान र बुद्धि पनि कमाएर ल्याउँछन् भन्ने सोचाइ राख्तछिन्। उनलाई आफू केटाकेटी हुँदाभन्दा अहिले धेरै कुरा सजिलो भएको जस्तो लाग्छ तापनि उनी 'रातोदिनको कामले' आफूलाई उमेरै नपुगी बूढी पारेको भन्ठान्छिन्। ४७ वर्षकी सानुमाया काभ्रे जिल्लाको न्याले गाउँकी बासिन्दा हुन्।*

... रातिको चार बजे उठ्छु। धेरै काम धन्दा छ भने तीन बजे नै उठ्छु। आज त पानी परेर पो एकछिन तपाईंसँग कुरा गर्न फुर्सत भयो। त्यहाँ मेरो कति काम बितिरा'को छ अहिले। अब भैंसीलाई खोले पकाउने, कुटी काट्ने, खुवाउने अनि आफूलाई भात पकाउने, भात खाइसकेपछि घाँस सोतर जाने।

साँच्चै, आज पानी परेर मात्र फुर्सत पाएको। नत्र त खेतबारीमा मकै गोड्ने र खेतालालाई काम लाउने अरू थुप्रै काम थियो। नौदस जना खेताला आउँथ्यो आज छैन, पानीले गर्दा गयो।

... गाह्रै त हो त। पहाडमा अब यस्तो पानी पर्छ। यो दिन काम गर्छु भनेर खेतालो बोलायो यस्तो पानी परिदिन्छ। अब आफू ताक्छ मुढो बन्चरो ताक्छ घुँडो भनेजस्तै हुन्छ। योभन्दा त बरु ज्याला गरेर खाने, ज्यामी काम गरेर खानेको जिन्दगी सुविधा हुन्छ होला। हामी यस्तो पानी परिरहे पनि सुत्न पाउँदैन। घाम लागेको बेला डोको बोकेर हिंड्नु परिहाल्यो, त्यैत हो नि! अब अहिले पहिलाजस्तो टाढा हिँड्नुपर्ने, भारी बोक्नुपर्ने दुःख त छैन तर हाम्रो हातचाहिँ एकछिन खाली छैन।

पहिलापहिला त घाँसदाउरा सजिलै पाउँथ्यो। अहिले त मान्छे धेरै भएर हो कि के हो वनै सकिसक्यो। वनमा वनपाले पनि पहिलापहिला त थियो अहिले छैन। अब वनपाले बसौं भने (माओवादीले) त्यही वनपालेलाई नै मारिदिन्छ अनिखेरि डरले नबसेको।

वनपाले हुँदा त रोक्थ्यो हामीले स्याउला ल्याउन पनि पाउँदैन थियो। अहिलेचाहिँ यो रोकतोक छैन।

अब पहिले दिनरात बाह्रै महिना वन जानुपर्थ्यो। अब त्यसरी सधैं वन




जान नपर्ने भयो। धेरैले आफ्नै खेतबारीमा घाँसको रूख रोप्न थाले त्यसैबाट घाँस, स्याउला र धेरथोर दाउरा पनि आउन थाल्यो। आफ्नो बारीको बुटाको अनि वनको पनि अलिअलि गर्दाखेरि निकै घाँस दाउरा जम्मा हुन्छ। कहाँकहाँबाट उत्तिसको बिरुवा ल्याएर रोप्यो एउटा-दुइटाले हाम्रो गाउँमा। अहिले गाउँमा सबैको उत्तिसको बुटा छ अलिअलि।

**नयाँ बाली नयाँ स्वाद**

मेरो श्रीमान्ले काठमाडौंमा काम गर्नुभा बाइस वर्ष भयो। शुक्रबार बेलुका घर आउनुहुन्छ अनि सोमबार बिहान फेरि जानुहुन्छ। अनि त्यस्तो भएपछि घरखेतको काम मैले हेर्नुपऱ्यो।

अहिले त मकै गोड्ने बेला। अब भोलिपर्सि मकै भाँचेर कोहीले तोरी छर्छ, कोहीले गहुँ छर्छ। पहिला तोरी गहुँ लाउने चलन थिएन। पहिले त

---

***रामबहादुर छेत्री, ४८ वर्ष*** *नेपाल २*

पहिले त हामी दुई बाली मात्र लाउँथ्यौं, अहिले विकास आएपछि तीन बाली लाउन थालेका छौं। (पहिलेभन्दा) सुविधा बढ्यो नि! अब खेतमा कुलो लाग्न थाल्यो। तर माथि डाँडातिर भने ठन्डी हुन्छ, अनि एक बाली मात्तै लाग्छ।

---

*धेरै पुरुषहरू कामका लागि बाहिर गएका छन्*

मकै, जौ र कोदो मात्रै छर्थ्यो। पहिला कोदो धेरै रोप्थ्यो। अहिले कोदो रोप्न छोडिसक्यो सबैले। खानलाई त राम्रो हो। तर झम्मार के झम्मार। जहान नहुनेलाई त गाह्रो छ कोदो रोप्न। अहिलको केटाकेटीले त कोदोको ढिँडो खान पनि मान्दैन। कोदोको ढिँडोलाई त कुखराको गुहु भन्छ अहिलेको केटाकेटीले।

जौ पनि धेरैले छर्दैन। धेरैचाहिँ मकैको ढिँडो र भातै खान्छन्। मान्छेहरूले राम्रोराम्रो सबै छोड्यो। अब अहिले (केटाकेटी) पसलमा पल्केर नि त! पसलमा पल्कियो, भातमा पल्कियो। लोभलाग्दो चाउचाउमा पल्कियो। त्यही भएर पो नखाको त। हामी सानोसानो हुँदा चियाको चलन त थिएन। कोही पनि चिया खाँदैनथे। अहिलेचाहिँ चिया सधैं खानुपर्छ एक दिन चिया नखाए सकसक लागिहाल्छ नि!

तरकारी? अहँ, मुला, रायोको साग त्यति हो तरकारी रोप्ने पहिलेपहिले त। अहिले त अब यसो लसुन, प्याज, हरियो धनिया, काउली आलु सबै हुन्छ। गोलभेडाहरू, खुसार्नी, काउली, सागहरू, लसुन, प्याज सबै हुन्छ यहाँ अहिले लाउन सके। हामीले अरू छिमेकीको देखेर तरकारी रोप्न थालेको हो। मेरो बूढा हप्ताको एकचोटि घर आउँछ अनि उसैले नै गर्छ रोप्ने, गोड्ने, पानी हाल्ने उसैले हो सबै। मैले त भ्याउँदै भ्याउँदैन।

पहिले पानीको समस्याले गर्दा पनि तरकारी लाउने कसैलाई वास्ता नभएको। अब वर्षामा पो अकाशबाट पानी पर्छ अब हिउँदमा त खानलाई त बोकेर भ्याउँदैन थियो अनिखेरि त्यो तरकारी रोप्न कहाँ पाउनु अब पानी। गाउँमा धारा आएदेखि आँगनमा तरकारी रोप्न सजिलो भयो नि!

### "पहिलेभन्दा धेरै सजिलो भएको छ"

दाउरा बेच्न र नुन मसला किन्न भक्तपुर जान परेन। पहिले यस्तो वर्षाको हिलो चिप्लोमा लौरो टेकेर ढाडमा भारी बोकेर ओरालोबाट कति थर्थर् कामेर झर्नुपर्थ्यो। अब अहिले त्यस्तो दुःख गर्न परेन। अहिले सहर जाने बस गाउँछेउमै भेटिहाल्छ।

त्यही दाउरा बेचेको पैसाले चाडबाडमा खान लाइनमा बसेर सबैभन्दा सस्तो उसिना चामल किन्थ्यो। अरू राम्रो चामल हामीले किन्न सक्दैनथ्यो। अहिले यो मन्सुली चामल खाने। त्यो पसलतिर आउँछ नि! त्यो किलोमा किन्ने केटाकेटीलाई चाहिँ ।

पहिले सासूससुरा र घरको बुढाबुढीलाइ नसोधी केही खान नपाइने। अँ, अब त्यो मासु त चाडबाडमा मात्रै दिने। अहिले त महिनामा एकदुईचोटि मासु खान्छ।

*ताराकुमारी, २५ वर्ष* *नेपाल १५*

लोग्नेमानिसहरू काम गर्न बाहिर जाने भएपछि हामी आइमाईहरूले त घरमै बसेर बस्तुभाउ, खेतीपाती र केटाकेटी हेर्नुपऱ्यो नि ! जतिसुकै अप्ठ्यारो खेप्नुपरे पनि लोग्नेमानिसहरू घरमा छैनन् भन्दैमा आफू पनि घर छोडेर हिँड्न कहाँ पाइन्छ र ! कति जनाका त लोग्नेहरू काम खोज्न गएर कहिल्यै नफर्केका घटनाहरू पनि छन्। बिचरा ती आइमाईहरू मेलापात गरेर वा विभिन्न प्रकारको हन्डर खाएर भए पनि केटाकेटीको मायाले गर्दा बसिरहेका छन्।

अनि उहिलेको बूढाबूढीहरू हामीजस्तो कहाँ हो र। उनीहरूले छोरीबुहारी एकछिन बसेको देख्यो कि 'घरमा लुटुपुटु गरेर खान पाइन्छ ? हामीले जमाएर राखेको छ ?' भनेर गाली गर्न आइहाल्थ्यो। तर उहिलेको बूढाबूढीहरू काम पनि धेरै गर्छ ... ।

राम्रो चीजलाई नराम्रो भनौँ भने हुँदैन। पहिलाभन्दा धेरै सुविधा भएको छ तर हामी आइमाईको कामचाहिँ घटेको छैन। यी देखिहाल्नुभो दिनरात हामीलाई फुर्सद छैन। पहिला त घाँससोतर गर्न जाँदा त जुकाले खाएर हैरान पार्ने। हात खुट्टामा नुन, खरानी, टिम्बुर दलेर भए पनि जानुपर्ने। यहाँ मथितिर यहाँ घुँडा कम्मरसम्म यत्रोयत्रो पोको जुका झुन्डिन्थ्यो। त्यो पनि मसिनु जुका होइन त्यो खरीजुका ठूलठूलो रातो हुन्थ्यो है।

**परदेश जाने आवश्यकता**

पहिलेपहिले लोग्नेमान्छेहरू गाउँ छोडेर बाहिर काम गर्न जाने चलन थिएन। यो गाउँको जम्मा एउटादुइटा लोग्नेमान्छेहरू सरकारी जागिरमा थियो त्यति हो। अहिले त धेरै केटाहरू गाउँबाहिर काम गर्छ नि ! कोही बाहिर कोही घरतिर। अब अहिले त यो गाउँको सबै घरको जस्तै एकदुई जना सहरमा काम गर्छ नि ! पहिला त सबै इन्डिया जान्थ्यो। अहिले त धेरैजसो केटाहरू काठमाडौँमा नै बढी छ। हाम्रो गाउँको एकदुई जना अरबतिर छ। जे होस् तामाङ केटाहरू पनि अहिले गाउँबाहिर जान थाल्यो नि ! उनीहरूले बाहिर गएर अलि पढिलेखेर आउँछ। नयाँ कुरा सिकेर बुझेर आउँछ। बच्चाहरूलाई पनि नयाँ कुरा सिकाउँछ। त्यसैले गाउँमा पहिलाभन्दा अलि राम्रो भएको हो। अब सबै मान्छेहरू गाउँमै मात्र बसिरहेको भए केही हुन्थ्यो त ?

खेतीपातीले मात्र बाह्रै महिना खान गाह्रो पर्छ। केटाहरू घरको काम केही गर्ने होइन, तिनीहरू त यसो अलि खेतबारीको काम हेर्ने मात्र हो। अनि धेरै काम गर्नु नपरेपछि कोही बाह्रमासे हुन्थ्यो, कोही चोर हुन्थ्यो,

***दावा ग्याल्मु, २८ वर्ष*** *नेपाल ११*

पहिले त केटाले केटी जबर्जस्ती भगाएर पनि बिहे गर्ने गर्थे ... मेरी साहिली भाउजूको पनि त्यसै गरी बिहे भएको थियो ... भाउजू कतिपटक त भाग्न पनि खोजेकी थिइन्। एकपटक त भागेर गोठमा लुकेकी थिइन्। तर हाम्रा दाजुहरूले गोठको ढोकासोका फोडेर जबर्जस्ती उनलाई ल्याइछाडे ... तर अहिले त केटीहरूले कानुन बुझिसकेका छन्। उनीहरूलाई के गर्नुपर्छ भन्ने राम्ररी थाहा छ ... कसैले जबर्जस्ती गर्न खोज्यो भने उनीहरू पनि आफूलाई जोगाउन सक्ने भएका छन्।

कोही यस्तो रिस डाहा गर्ने हुन्थ्यो, गाउँमै लोग्नेमान्छे लोग्नेमान्छे जाँड खाएर जुधेर बस्थ्यो। स्वास्नी कुट्थ्यो हैन त ?

त्यस्ताहरूसँग लडेर बस्नुभन्दा लोग्नेमान्छेहरू कमाउन बाहिर गएको नै बेस भएन त अब ? तिनीहरू बाहिर गएर खालि पैसा मात्र कमाउने हैन बुद्धि पनि कमाएर ल्याउँछ। कुरा पनि बुझ्या हुन्छ। हामीले यस्तो गर्न नहुने रहेछ। यस्तो गर्न हुने रहेछ भनेर उनीहरूले थाहा पायो अब। (मेरो श्रीमान् पनि) घरमै बसिराख्यो भए भेडो हुने थिएन त ? यो पहाडमा बसेपछि त ... !

खेतीमा मान्छे त घट्यो। तर उनीहरू हप्ताको एकचोटि त घर आँउछ। भ्याउनेजति खेतीको काम आफूले पनि गऱ्यो। नभ्याको जति खेतालाले गर्छ ज्यालामा। लोग्नेमान्छे घरमा बसेको भए भकारो सोरिदिन्छ। सबैथोक गर्दिन्छ। घरमा बसेको त राम्रो नि ! तर अब के गर्ने ? सबैलाई



*गह्रा बनाएर खेती गर्ने चलनका कारण चिस्यान जोगियो र माटो बग्न छाड्यो*

पैसा चाहियो। अब पैसा पनि चाहियो मान्छे पनि चाहियो भनेर कहाँ हुन्छ त? अब पैसा नभएपछि छोराछोरीलाई पढाउन पनि नसक्ने थियो। अब उहाँ गाउँमै बसेको भए छोराछोरी पनि आफूजस्तै कानो हुन्थ्यो के।

काठमाडौँमा कहिलेकहीँ गयो भने बूढोले बस्नै दिँदैन। कहीँ घुमाउँदैन। काठमाडौँ गयो कि उसले "घरमा भैँसी मऱ्यो कि, बाखा मऱ्यो कि, आम्मै के के गऱ्यो होला घरमा" भन्छ। अहँ, मलाई त्यहाँ काठमाडौँतिर बस्न दिँदैन। अब आफू त बूढी भइहाल्यो। ऊ त काठमाडौँ बसेर खाएको ठिटै छ नि ऊ त। उमेरले पनि मभन्दा तीन वर्षको भाइ। तीन वर्षको कान्छो। अहिले पनि ऊ त भर्खरकै ठिटै देख्छ। मभन्दा त कतिकति ठिटो देखिन्छ। म पो दिनरात यो कामले यस्तो भएँ।

**मान्छेको विचार फेरिँदै छ**

कतिले मेरो छोरीलाई माग्न पनि आउँछ। तर मेरो छोरी मान्दैन अनि के गर्ने त? जागिर खाएर मेरो बिहे मै गर्छु भन्छ ऊ त। उसको कुरा मलाई पनि ठीकै लाग्छ। उसले पढेकोमा खुसी लागेर नै पढ्न लगाएको त हो नि, तर अब त छोरीको बिहे गर्ने बेला पनि भयो। तर उसले हुँदैन भनेपछि अहिलेको जमानामा कर गर्नु हुँदैन। अब अहिलेको छोरीहरू पहिलेको जस्तो होइन आमाबाबुले जहाँ जाउ भन्यो त्यहीँ जाने। जोसँग जाउ भन्यो त्यहीसँग जाने। त्यसमा पनि पढेलेखेको मान्छेलाई त कर लाउने कुरै आएन। हामीलाई करले त हो बिहे गर्नुपरेको। बाउआमालाई इच्छा परेपछि लाटा होस् कि गाँडा होस् कि, बूढो होस् कि, लङ्गडो होस् कि जानैपर्ने। केटीले म त्योसित बिहे गर्दिनँ, जादिनँ भन्न नपाइने। मैले पनि त्यसै गरी बिहे गरेको हो। नत्र त मैले भनिहालेँ नि, यो दुःखिया ठाउँमा म किन बिहे गर्थें र?

पहिला त बिहे गर्नुअघि कहाँ माइती कहाँ मावली कहाँ भनेर सोधेर मात्र बुझेर मात्र त्यो केटी माग्ने चलन थियो होइ। अहिले कामी, दमाईं, सार्कीबाहेक सबै चलाइसके। सबै सरोबरी! आफ्नो मन परेदेखि खुसी परेपछि त त्यस्तो छैन। अब छोरीले मन परेर गयो भने त के गर्ने त हामीले।

बाहुन-छेत्रीहरूसँग पनि हाम्रो ऐँचोपैँचो भइरहन्छ। अब आँगननिरै छिमेकी नै छ उनीहरू। अब त उनीहरूले हामीलाई हेप्ने समय गयो। ओहो, पहिलापहिला त भोटिनी भन्थ्यो जँडिनी भन्थ्यो उनीहरूले हामीलाई। कस्तो हेप्थ्यो। उनीहरूले हामीलाई सित्तैमा काममा लाउने। उनीहरूको काम परे एकछिन आइदेऊ, दुईछिन आइदेऊ, भनेर बोलाउने। एक भारी

ल्याइदेऊ, दुई भारी ल्याइदेऊ, भनेर अह्राउने। *राती भएपछि डर लाग्छ*

अहिलेकाहरू तिनीहरूको बाउबाजेजस्तो त छैन। तर पनि त्यस्तो हेप्न र त्यसै काम अह्राउन खोज्यो भने त हामी सीधै "तेरो कमारो हो र? हामी के तेरो नोकर हो र?" भन्छौं। अहिले त्यस्तो हेप्न, हामीलाई हप्कीदब्की गर्न पाउँदैन। अहिले सबै जना पढ्यो, हामीले नपढे पनि हाम्रो छोराछोरीले पढ्यो भाइबहिनीले पढ्यो अनि सबै कुरा थाहा पायो। अनिखेर उनीहरूले हेप्न पाएन के।

स्कुलमा त हाम्रो बच्चाले नेपालीमै पढ्छ। मलाई त पर्बते भाषा राम्रो बोल्न आउँदैन होइ। घरमा आफ्नो भाषा बोल्छ। मलाई त बाहिर जाँदा अप्ठ्यारो लाग्छ नेपाली भाषा बोल्नलाई। तामाङ बोल्न पनि अरूको अगाडि लाज लाग्छ। अनिखेर त बाहिर गएपछि जाने पनि नजाने पनि म त पर्वते भाषा बोल्छ। अहिलेका केटाकेटीलाई हामीले पर्वते कुराले झुक्याउनु पर्दैन। अहिले त उनीहरूले हामीले भन्दा बढी कुरा जान्दछ। उनीहरू बाठो छ। अहिलेको कटाकेटीले हामीलाई बेचेर खान्छ। अहिले त कति बाठो कति बाठो केटाकेटी।

**डरको छाया**

'पहिलाभन्दा अहिले त मान्छे नै भिन्नै! खाने, लाउने, बोलाई फरक छ व्यवहार फरक छ। कति थोक फरक छ फरक। धेरै राम्रै राम्रो छ अब बिजुलीबत्ती नै थिएन गाउँमा। तर राम्रो मात्तै ता काँ हुन्छ र? अहिलेको नराम्रो भनेको नै जङ्गलमा फ्रिले घुम्न पाएन, मनखुसी गरेर मेलापात जान पाएन त्यति हो।

मेलापातमा, यसो बारीतिर त केही (माओवादी) को डर छैन दिउँसो त तर साँझबिहान र रातमा निस्कनलाई चाहिँ अलि डर छ अब। अब बिहान सबेरै उठेर यसो धन्दा गरौँ र दैलो उघारौँ भने न बाहिर आइराख्या छ कि माओवादी र केके जाति हो भनेर डर लाग्छ।

पहिला त रातभरि दैलो खुलै राखे पनि डर थिएन ... अहिले त दैलो उघार्नेबित्तिकै ग्वाराङ्गगुरुङ्ग आउँछ कि भन्ने लाग्छ ... चाँडो उठ्यो तर बाहिर निस्कन डर लाग्छ। न माओवादीको निहुँले चोरडाँका आउँछ कि भनेर डर लाग्छ। साँझबिहान अलि डर छ अहिले। पहिलाजस्तो फ्रि छैन गाउँमा अहिले।

## मणि

नेपाल ४

*२३ वर्षका मणि सिन्धुपाल्चोक जिल्लाको दुर्गम गाउँ सरसुङमा बस्छन् । उनको गाउँमा न त यातायातको सुविधा छ न त सञ्चारकै । त्यहाँको जीवन सारै कष्टपूर्ण हुनका साथै अर्थोपार्जनका अवसरहरू पनि विरलै छन् । तर मणि गर्वका साथ कसरी उनको जातले अहिले शिक्षाका कारण आत्मसम्मान र आत्मविश्वास प्राप्त गरिरहेको छ भन्ने कुरा व्यक्त गर्दछन् । मणि भन्छन्, "राम्रो शिक्षा पाइयो भनेजस्तो जागिर पनि पाइन्छ ।"*

मेरा बाआमा लेखपढ गर्न जान्नुहुन्न । मेरो बा सधैँ रक्सी खानुहुन्थ्यो । उहाँ केही काम पनि गर्नु हुन्नथ्यो। मैले नौ वर्षको उमेरदेखि नै हलो जोत्न थालेको हुँ। सानामा म सारै दुब्लोपातलो थिएँ, बिरामी भएर झन्डै मरेको रे। त्यसैले म स्कुल पनि गएको थिइनँ तर एक्सनएड यहाँ आएपछि भने मैले पढ्ने मौका पाएँ। मैले प्रौढ शिक्षामा पढेँ। अहिले म नेपाली बुझ्न र लेखपढ गर्न सक्छु।

पहिलेपहिले यहाँका मान्छेहरू नयाँ मान्छे देख्नेबित्तिकै भाग्ने गर्थे किनभने उनीहरूले केही कुरा जानेबुझेका थिएनन् । उनीहरू बोल्नसमेत डराउँथे। बाहुन-छेत्रीहरू आउँदासमेत पुलिस आयो भनेर सबै जना भाग्ने गर्थे । उनीहरू तिनीहरूले कुट्छन् र झ्यालखानामा हाल्छन् भन्ने सोच्थे। तर अहिले त हाम्रोमा एउटा स्कुल पनि छ, सबैले पढ्नलेख्न पनि थालेका छन्। अचेल यहाँका मान्छेहरू मान्छे देखेर भाग्दैनन्।

पहिले छेत्री-बाहुनले मात्र पढेका थिए। उनीहरू जे पनि गर्न सक्थे। उनीहरू गाउँमा आउँदा एउटा तामाङ कुटेको कुकुरझैँ हुन्थ्यो। उनीहरू हामीलाई केही न केही काम अराउँथे। उनीहरूले जे भने पनि हामीले गर्नैपर्थ्यो, नगरे हप्की खानुपर्थ्यो। अचेल, उनीहरूले त्यसरी दपेट्न सक्दैनन् ... हामी सबै उस्तै हौँ। सबैको रगत रातै छ।

मलाई नै हेर्नुस् न, मैले केही नजान्दा मान्छेहरू मलाई कति हेप्थे। अहिले दुईचार कुरा जान्ने भएपछि कसैले हेप्न सक्दैनन् । केटाकेटीमै पढ्नलेख्न पाएको भए म पनि अर्कै मान्छे हुने थिएँ।

तर हाम्रो स्कुल त्यति राम्रो छैन। एक जना मास्टर छन् त्यै पनि कहिले स्कुल आउँछन् कहिले छुट्टीमा बस्छन्। त्यसमाथि स्कुल यहाँबाट टाढा पनि छ। सरहरू सधैँ आउने भए त ४०-५० जना विद्यार्थी हुने थिए। तर सर आउने हुन् कि होइनन् भन्ने कुराको टुङ्गो हुँदैन। त्यसैले स्कुल आउने केटाकेटीहरू पनि घटेर २०-२५ जना पुगेका छन्।

## घट्दो प्राकृतिक सम्पदा

मेरो परिवारमा सबै जनाले काम गर्ने हुनाले खान राम्ररी नै पुग्छ। मेरो बा पानीघट्टामा काम गर्नुहुन्छ; हामी उहाँलाई खेत जोत्न सघाउँछौँ। केही आम्दानी खेतबाट हुन्छ, केही घट्टाबाट पनि हुन्छ। कहिलेकाहीँ तुसारोले जम्मै बाली सखाप पारिदिन्छ। तर घट्टाबाट दिनमा चार मानादेखि एक पाथीसम्म अन्न आउने भएकाले हामीले खेतबारीमा मात्र भर पर्नु पर्दैन। हामी मकै, कोदो, गहुँ उब्जाउँछौ। यहाँ धान उब्जिदैन तर हामीले खोलाको छेउछाउमा धानखेती गर्नसमेत खोजिरहेका छौँ। पहिलेपहिले अहिलेभन्दा मकै बढी फल्थ्यो। कहिलेकाहीँ कोदो पनि राम्रै फल्छ, उब्जनी भन्ने कुरा हावापानी र जमिनमा भर पर्ने कुरा न हो!

हिजो आज वनजङ्गल पातलिँदै गइरहेको छ। म सातआठ वर्षको हुँदा वनजङ्गल बाक्लो थियो। राम्रो वनजङ्गल भयो भने त्यसको वरपर सधैँ शीतल हुन्छ र माटो पनि नरम हुन्छ। तर अहिले सबै मानिसहरू रूख काट्छन्। त्यसैले माटो बिग्रिँदै गएको छ र उब्जनी पनि घट्दै गइरहेको छ। यस्तै भएकाले यहाँ धेरै कुरा बिग्रिइरहेको छ। खेतबारीमा मलिलो माटो छैन। चराचुरुङ्गीहरू हराउँदै छन्, पानीका मुहानहरू सुक्दैछन्। हामी यो ठाडो खोलाको पानी खान्छौँ, तर यो पानी सारै फोहोर छ। त्यै पनि त्यहाँबाट पानी ल्याउन एक घण्टै लाग्छ। मानिसहरू खोलामै फोहोर फाल्ने गर्छन्।

अहिले जनसङ्ख्या पनि बढ्दो छ। एकातिर उब्जनी कम छ, अर्कोतिर खेतबारीमा घरहरू उम्रिइरहेका छन्। त्यसैले हामीले सधैँ अन्न किन्नुपर्छ।

पर्याप्त अन्नपात उब्जाउन नसक्नेले सेर्पाकहाँ काम गर्नुपर्छ। यस्तो कामको ज्याला दिनको ४० रुपियाँ हुन्छ तर त्यो पनि लोग्नेमान्छेहरूलाई मात्र। आइमाईले भने दिनको २५ रुपियाँ मात्र पाउँछन्। सेर्पाहरूले उनीहरूलाई दाउरा काट्ने, भारी बोक्ने जस्तो खालको काम लगाउँछन्। प्रायः यहाँका मानिसहरू सेर्पाहरूको काम गर्न हेलम्बु र कुटुमसाङसम्म पुग्ने गर्दछन्।

## मरेकालाई सम्मान

हामी गौतम बुद्धको पूजा गर्दछौँ। पहिलेपहिले तामाङहरू घेवा गर्ने गर्थे। घेवा गर्न सारै धेरै खर्च लाग्थ्यो। हामी यसलाई पुरै छाड्न त सक्दैनौँ तर पहिलेभन्दा केही कम खर्च गर्न भने थालेका छौँ। जो मरेर जान्छ उसलाई त केही छैन तर बाँच्ने र यी सब काम गर्नुपर्नेका लागि भने यो साह्रै गह्रौँ बोझ हुन्छ। घेवाका लागि कम्तीमा पनि पन्ध्र हजारदेखि बीस हजार

*खेतबारीलाई घरले ढाकिसके*

रुपियाँसम्म चाहिन्छ । घेवा गऱ्यो भने त्यो मरेको व्यक्तिकहाँ पुग्छ र उसलाई स्वर्गमा सजिलो हुन्छ भन्छन् तर मलाई त त्यस्तो कुरा हो जस्तो लाग्दैन। साँचै भन्ने हो भने धेरै पैसा खर्च भएकाले बाँच्नेलाई पो मरे बराबर हुन्छ। हामीले चामल बाहिरबाट ल्याउनुपर्छ अनि घेवा गर्न महँगो पर्छ। त्यसमाथि हामीले लामालाई पनि केही त दिनैपर्छ।

धनी मानिसहरूले चार दिन लगाएर घेवा सक्छन् तर गरिबहरूले भने दुई दिनमै सक्छन्। तर पनि ऋण तिर्नका लागि तिनीहरूले बस्तुभाउ बेच्नुपर्ने हुन्छ । त्यसमाथि अलिअलि गर्दै ब्याज पनि तिर्दै जानुपर्छ । बस्तुभाउ नहुनेले त ऋण तिर्न जग्गाजमिन नै बेच्नुपर्छ। घेवा गर्नु साँच्चै नै सारै गारो काम हो।

घेवा गर्नका लागि जाँडरक्सी पनि धेरै चाहिन्छ। तर मलाई भने रक्सी खाएको मन पर्दैन। बच्चा बेलादेखि नै मैले रक्सी खाएको छैन। मानिसहरू जति पनि खान्छन् । एकताल खान बस्दै सबै पैसा सक्ने पनि छन्। तिनीहरू कसरी व्यवहार चलाउँछन् भनेर मलाई त अचम्मै लाग्छ। खाए मात्रै त हुन्थ्यो नि, खाएपछि लाप्पा पनि खेल्छन्, झगडासमेत गर्दछन् ... तामाङहरू बढी नै रक्सी खान्छन्, तास खेल्छन् र घेवा गर्छन् त्यसैले त उनीहरू गरिब भएका नि !

**"छोरो सधैंभरि काखामा"**

छोरो पाउने आइमाईलाई घरका मान्छेले राम्रो हेरचाहा गर्छन् । तर छोरीकी आमालाई भने त्यति वास्ता गर्दैनन्। महिलाहरूले छोरो नपाउन्जेलसम्म परिवार नियोजन गर्नसमेत पाउँदैनन्। छोरो सधैंभरि काखमै हुन्छ तर छोरीलाई भने भुइँमा राखिन्छ ... ।

मेरो विचारमा छोरो भने सधैं आफूसितै बस्छ तर छोरीले एक दिन पराइघर जानुपर्छ त्यसैले त स्वास्नी-मान्छेहरूलाई सधैं बेवास्ता हुन्छ ।

***गौमती, ५१ वर्ष*** *नेपाल ८*

एउटा छोरो पाउन नसक्दाका मेरा दिनहरू अझै सम्झन्छु। म जङ्गलबाट घाँसको भारी लिएर आउँथे। तर घरमा मलाई खानेकुरा हुँदैनथ्यो, त्यसकारण म रुने गर्थे ... यहाँ सहराँजस्तो काहाँ छ र! एउटा छोरो नजन्माउन्जेल त यहाँ कसैले वास्ता गर्दैन। अहिले हाम्रोमा धेरै गैरसरकारी संस्थाहरू खुलेका छन् र हामीलाई छोरा भए पनि छोरी भए पनि एकै हो भनिरहेका छन्। तर गाउँलेहरू भने ... (के भन्छन् थाहा छ ?) छोरीहरू छोराहरूसरह हुनै सक्दैनन् रे ! बीउ हराउनेले फेरि जोत्नुपर्छ। छोरा भनेका मान्छेका बीउ हुन्। त्यसैले छोराको लागि प्रयास गर्नैपर्छ।

*आइमाईलाई सधैंको हेला छ*

***दावा ग्याल्मु, २८ वर्ष*** *नेपाल ११*
हाम्रो सबभन्दा ठूलो चाड ल्होसार हो। यो औँसीको भोलिपल्टदेखि सुरु भएर पूर्णेसम्म चल्दछ। हामी घिउमा मुछेको टीका थाप्छौँ ... घरको अगाडि झन्डा गाड्छौँ र रक्सी खान्छौँ ... धेरै पाहुनाहरू आउँछन् र हामी उनीहरूलाई भोटे चिया, रोटी र सागसब्जी खुवाउँछौ ... बाले घरका सबै जनालाई टीका लगाइदिएर पैसा पनि दिनुहुन्छ। अँ, यो चाड मनाउनलाई त्यस्तै पाँच, छ हजारजति लाग्दो हो।


*शान्तिको सन्देश बौद्ध धर्मका ध्वजाहरू*

छोरीहरूले सम्पत्ति पाउँदैनन्, त्यसैले हामीले छोरालाई भन्दा छोरीलाई धेरै पढाउनुपर्छ जस्तो लाग्छ मलाई त।

मलाई त आइमाईलाई भन्दा लोग्नेमानिसहरूलाई बढी मान मनितो गर्नु राम्रो होइन जस्तो लाग्छ। पहिले मान्छेहरू 'आइमाईहरूको कुरा नसुन्नु ' भन्ने गर्थे, तर अहिले आइमाईले नै धेरै किसिमका कामहरू गर्छन्। तर आइमाईले बोल्न खोज्दा चैँ मान्छेहरू उनीहरूलाई रोक्नखोज्छन्? मान्छेहरू "स्वास्नीमान्छेले स्कुल गएर के गर्ने ?" भन्छन्, तर मलाई त केटीहरू स्कुल जान पाए भने केटाहरूले भन्दा राम्रो गर्छन् जस्तो लाग्छ।

**"अस्मिता बेचेर"**

हिजो आज केटीहरू पनि विदेशतिर जान्छन्। प्रत्येक चार जनामा दुई जना जान्छन्। तिनीहरूले के काम गर्छन् भन्ने चाहिँ मलाई थाहा छैन। तरकोही फर्केर आउँछन्, कोही उतै बस्दछन्। केहीले तीस पैँतिस हजारसम्म रुपियाँ ल्याएका छन्। कसैकसैले चैँ केही पनि ल्याएका छैनन्। तिनीहरू बम्बई, कलकत्ता जान्छन्। म सम्झिन्छु, पहिले पहिले हाम्रो गाउँमा धेरै केटीहरू हुन्थे, अहिले केटीहरू घट्दै गइरहेका छन्।

बाहिर बस्नेहरू त्यहाँ धेरै दु:ख गर्नु पर्दैन भन्छन्। त्यहाँ यहाँभन्दा सजिलैसित सबै कुरा पाइन्छ भनेको सुनेपछि केटीहरू उनीहरूसँगै जान्छन्। तर ४०, ५० जना गएकोमा १५ जना मात्रै फर्किए। तिनीहरू तीन वर्ष वा छ वर्षपछि मात्रै फर्कन्छन्। कसैले घर बनाउँछन् र जग्गा पनि

जोड्छन् । तर उनीहरूले धेरै फाइदा चैं पाउँदैनन् । कसैले कुनै ख्यालै नगरी पैसा खर्च गर्छन् । पैसा पनि सकिन्छ र उनीहरूको ज्यान पनि काम नलाग्ने भइसकेको हुन्छ ।

धेरै मान्छेहरू छोरी चेलीहरूलाई बाहिर पठाएर राम्रै हुन्छ भन्ठान्छन् । अरूका छोरीहरू त्यहाँ गएका छन् भने उनीहरू आफ्ना छोरीहरूलाई पनि त्यतै पठाउँछन् । उनीहरू अरूका छोरीहरूले राम्रो लुगा जुत्ता लगाउन सक्छन् भने हाम्री छोरीले चैं किन सक्दिन भन्ने सोच्छन् । तर मलाई चैं यो कुरा मन पर्दैन । मलाई उनीहरूले आफूलाई विदेशमा बेचिरहेका छन् जस्तो लाग्छ । तर जब एउटी केटी बाहिरबाट फर्कन्छे र अरूलाई त्यहाँका कुरा सुनाउँछे, राम्राराम्रा लुगाफाटा देखाउँछे ती कुराहरूले अरूलाई पनि लोभ्याउँछन् । बाहिरबाट फर्किने १० जना मध्ये तीन-चार जनाले मात्र त्यता जानु राम्रो होइन भन्छन् ।

## सत्यलाल

नेपाल १८

*सानागाउँ, ललितपुरका ८२ वर्षीय सत्यलाल 'धार्मिक भावनाबाट प्रेरित भएर' मानिसले समुदायको सेवा र भलाइका लागि कुवा र पोखरी बनाउने चलन भएको समयका कुरा झल्झली सम्झिन्छन् । त्यस्ता कुवा, पोखरी र इनारहरूको निर्माणदेखि नियमित मरम्मत सम्भारको काम पनि समुदायकै सदस्यहरूले जिम्मा लिने गर्दथे । धाराको पानी आएपछि या चलन सबै हट्यो भन्ने कुरामा उनलाई ठूलो गुनासो छ ।*



पहिला धारा नभएको बेलामा इनारको पानी सफा थियो । इनारको पानीमा फिल्टर पनि राख्नु पर्दैन । धाराको पानीभन्दा पनि इनारको पानी मीठो, सफा, ताजा छ । यहाँ एउटा यस्तो इनार पनि छ, जहाँको पानी खायो भनेर घाँटीमा आउने गलगाँड नै हराएर जान्छ । बिहान सबेरै, सबैभन्दा पहिले त्यो इनारको पानी झिकेर सात दिनसम्म खाएमा गलगाँड नै निको हुन्छ । पहिला पाटन, भक्तपुर, जाउलाखेलका मानिसहरू त्यो इनारको पानी लिन आउँथे ।

पहिला आगलागी हुँदा, आपत् पर्दा काम लिन भनेर ठाउँठाउँमा पोखरी बनाइराखेको हुन्थ्यो । त्यस्ता पोखरीहरू सबै टोल मिलेर बनाइन्थ्यो । ...

कुनै पोखरीमा त्यहीँ पानी उम्रेको हुन्छ भने कुनै पोखरीमा अन्तैबाट नाली बनाएर पानी खसाल्नुपर्छ। यहाँको पोखरीमा राजकुलोबाट गोदावरी खोलाको पानी ल्याइन्छ। वर्षमा एकपटक गाउँका सबै मिलेर कुलो मरम्मत र सफा नगरी हुन्न। ... तर पहिलाजस्तो अहिले सबैले मिलेर पोखरी सफा कहाँ गर्छन् र? हिजोआज कलधारा आएपछि पोखरीको वास्ता भएन। हामी बूढाहरू कराएर केही लाग्ने होइन। यस्तो अचाक्ली गर्दा देउताले पनि केही गरेको होइन। के गर्ने?

अब यो असार आएपछि गाउँका सबै गएर राजकुलोमा जमेका फोहोर सफा गरेर बिग्रेको ठाउँमा मरम्मत गरेर फेरि धान रोप्न पानी ल्याउनुपर्छ। अहिले त राजकुलोमा सिमेन्ट पनि प्लास्टर गरिसकेको छ। पालेहरू पनि राखिएको छ। ती राजकुलो हेर्ने पालेहरूलाई जग्गा हुनेहरूले जेजे छ, जति सक्छन्, त्यहीअनुसार दिनुपर्छ।

पहिला त सबै जना मिलेर वर्षमा एकपटक पोखरीमा जमेको फोहोर र हिलो पनि सफा गरिन्थ्यो र त्यो हिलो आआफ्नो खेतबारीमा मलको रूपमा हाल्ने चलन थियो। मलाई यति पोखरीको हिलो लिने, तिमीलाई त्यति भनेर पहिल्यै चिनो लगाइन्थ्यो। त्यो मल अहिलेको रासायनिक मलभन्दा धेरै राम्रो हुन्थ्यो। अब पहिलाजस्तो पोखरीको हिलो खेतबारीमा हाल्ने

---

***विश्वनाथ, ६६ वर्ष*** *नेपाल २०*

हाम्रो एउटा सगोलको कुलो थियो। सानोसानो भत्केको ठाउँमा एकदुई जना जाने, सोरसार पारेर ल्याउने, ठूलो भत्केको ठाउँमा छसात जना जाने गर्थ्यौँ। मैले थाहा पाउँदादेखि नै सबै मोही किसान त्यसरी जम्मा भएर कुलो झिक्ने चलन थियो। उस बेला नक्सा पनि थिएन, ओभरसियर पनि थिएन। फिता, डोरी लाउने, कीला गाड्ने त चलनै थिएन। कोही कम्ती ठाउँमा ढुङ्गा लाउने गरेपछि पानी ठ्याक्क पुग्नुपर्ने ठाउँमा पुग्थ्यो। कुलो बनाउन नगईकन कसैले सुखै पाउँदैनथ्यो, जानैपर्थ्यो। कुलो चल्दा हामी सात घरलाई हिउँदे बाली लगाउनलाई पुग्थ्यो। तर हिजोआज यो कुलो हामीले चलाउन पाउन छाडेका छौँ। कुरो के भयो भने काठमाडौँमा पानी लान भनेर मेलम्ची आयोजना बनाउने भए। त्यसका लागि मोटरबाटो बनाउँदा हाम्रो कुलो पुरिदिए। त्यस बेला कुलो पुरिए पनि बाटाको किनारा ढलबाटै पानी ल्याउन मिलिहाल्छ भनेर कुरा गरे। कसैलेचाहिँ बाटो बनेपछि कुलो फेरि झिक्न मिलिहाल्छ भने। मेलम्ची आयोजनाका मान्छेहरूले बाटो बनिसकेपछि तपाईंहरूको कुलो अझ राम्रोसित चलाइदिउँला भने। तर अहिले आएर यो कुराको उति भर लागेको छैन। पुरानो कुलो हरायो, हाम्रो केही उपाय लागेन। सबै खेत बाँझिने हो कि भनेर चिन्ता लागिरहेछ।

---

चलन पनि छैन। त्यसरी हिलो ओसार्नेहरू पनि छैनन्, पोखरीमा पानी आउने नाली पनि भत्किसके। अब पोखरी अर्कै तरिकाले बनाइसकियो।

त्यस्ता इनार यहाँ अहिले दुईओटा बाँकी छन्। जति पानी झिके पनि हिउँद-वर्षा जहिले होस् पानी घट्दैन, फोहोर पानी पनि आउँदैन। यहाँ अलि परका गाउँका मान्छेहरूसमेत रातिराति पानी लिन आउँछन्। गर्मीमा यहाँको पानी निकै ठन्डा र स्वादिलो हुन्छ। धाराको पानी तातो हुन्छ। जेभए पनि यी दुईओटा पोखरीलाई त बचाउनैपर्छ। यी पोखरीहरू गाउँका सबैलाई आवश्यक पर्ने पोखरीहरू हुन्। फेरि यिनमा देउता छन्, त्यही भएर पनि यी मासिदैनन्। अर्कोचाहिँ गाउँमा कुनै भवितव्य भए पनि पोखरी चाहिन्छ। त्यहाँको पानी सफा पनि छ।

**"पुण्यको काम"**

यहाँ पहिला यस्तायस्ता पवित्र पोखरीहरू थिए, जुन पोखरीको पानी हेरेर घरबाट कतै बाहिर काम निस्कँदा साइत पर्थ्यो, काम बन्थ्यो। त्यस्तो लक्षणहरूका पोखरीहरू सबै मासिए। पहिला पोखरीको पानी कति सफा हुन्थ्यो। त्यही पानी पिइन्थ्यो। ती पोखरीहरू हामी सानो छँदादेखि नै यहीं थिए। सृष्टिको बेलादेखि थिए ती पोखरीहरू। त्यस्ता पोखरीहरू पुराना मानिसहरूले ठाउँठाउँको लक्षणअनुसार राम्रोसँग हेरेर, विचार गरेर बनाएका थिए।

कसैलाई धर्म, दान र पुण्य गर्न मन लागेमा गाउँमा पोखरी, इनार खन्न लाउँथ्यो। पोखरी बनाउन लाग्ने रकम दाताले बेहोर्थ्यो। धर्मको काम भनेर पोखरी बनाउने कामका लागि खन्न, बोक्न गाउँका सबै मान्छेले सक्दो सहयोग गर्थे। पोखरी निर्माण गर्न सहयोग गर्ने गाउँलेहरूलाई दाताले नै खुवाउँथ्यो।

त्यस्तै, धर्म गर्नुपर्छ भनेर खेतबारीको फाँटमा कुवा खन्थे। खेतमा काम गर्दा भन्नेबित्तिकै पानी पाउन गाह्रो हुन्छ। त्यसैले सबै मिलेर

---

***लालबहादुर माझी, ६२ वर्ष*** *नेपाल २१*

पहिलेपहिले त घट्टमा कुनै दिन बीस-पच्चीस जना मानिस पनि आउँथे। तर मिलहरू खुलेपछि यहाँ आउने मान्छे धेरै घटे। यो घट्टचाहिँ माझीहरूले मात्रै होइन सबैले चलाउँछन्। अब जान्यो भने जसले पनि चलाइहाल्छ नि! भोटेले पनि चलाउँछ, दनुवारले पनि चलाउँछ, छेत्री-बाहुनले चलाउँछन्। उहिले-उहिले यस्तो खोलामा बस्ने माझीहरू नै भएकाले यो माझीको मात्रै कामजस्तो देखिएको हो। यो खोल्साखोल्सीमा घट्ट जल्ले बनाउँछ, उसैले चलाउँछ।

---

*हिजोआज सबै एकजुट हुँदैनन्*

कुवा बनाइन्थ्यो, धर्मको लागि। पानी खान नपाउनेहरूले पानी खान पाएपछि धर्म हुँदैन त ?



*जलस्रोत व्यवस्थापनको परम्परागत शैली र ज्ञानसम्बन्धी अन्तर्वार्ताहरूको यो सँगालो* पानस साउथ एसिया*को प्रकाशन हो।*

### "धर्म हरायो"

तर अहिलेका मान्छेहरूले यस्ता धर्मका कुरै गर्न छोडिसके। त्यस्तो पोखरी भत्काएर, बार हालेर हिजोआजका केटाहरूले खेल्ने ठाउँ बनाए। यस्तो गर्नु हुँदैन भन्दा 'त्यो पोखरी के गर्नलाई चाहियो, हामीलाई त खेल्ने ठाउँ चाहिन्छ' भनेर जवाफ दिन्छन्। हामी बूढाहरूले 'यसरी पोखरी मास्नु हुँदैन, पुराना कुराहरू बिगार्नु हुँदैन' भन्दा 'यस्ता बूढाहरू खालि पुराना कुरा मात्र गर्छन्, यिनको कुरै नसुन कराए कराऊन्' भन्छन्।

हिजोआजका मानिसहरूले धर्म बिर्सिए। यी सबै पोखरी, पाटी, पौवा मासिएकै धर्म नभएर हो। हिजोआजका केटाकेटी र ठिटाठिटीहरूलाई 'पुराना कुरा मास्नु हुन्न, बिगार्नु हुन्न, पाप लाग्छ' भन्यो भने फोहोर गाली गर्दै 'केको धर्म ?' भन्दै झन् भएको चीज पनि टिपेर फाल्छन्। त्यसैले तिनीहरूलाई कराएर के गर्ने ? पढेलेखेकाहरू झन् त्यस्ता भए।

देशमा प्रजातन्त्र आएपछि त यो गर्नुहुन्छ र ऊ गर्नु हुँदैन भन्ने नै रहेन। जे मन लाग्यो त्यही गर्न थाले। कसैको दर्जा भनेको पनि रहेन। बूढापाका र ठूला अथवा थकाली मान्छे भनेर मानमर्यादा गर्ने, निहुरिएर ढोग्ने पनि केही रहेन। हामी बूढा मान्छेहरूले केही भन्यो भने 'हे ... यी बूढाहरूको कुरा के सुन्ने ?' भनेर आजकलका ठिटाठिटीहरू भाग्छन्। स्कुल, कलेज पढ्नेहरूलाई साना जातले छोएको खानु हुँदैन भन्दो 'के साना जातकासँग दुईओटा सास फेर्ने नली हुन्छ ? किन खान नहुने ? उनीहरूको पनि दाँत, मुख हाम्रोजस्तै हो' भनेर जवाफ दिन्छन्। त्यसैले अहिले जातभात पनि हराएर जान लाग्यो। आठदस वर्षअघिसम्म पनि यतिविघ्न भएको थिएन। केही डर र मानमर्यादा थियो, अहिले त केही छैन।

## बिमला

नेपाल २८

*२८ वर्षकी बिमला विश्वकर्मा चितवन जिल्लाको कृष्णपुरमा बस्छिन् । उनी मेहनती र सक्षम छन् तर उनी अघि बढ्न खोज्दा भने गाउँका माथ्लो जातका महिलाहरूले अनेक बिङ्गा लाएर त्यो काम सफल हुन दिँदैनन् भन्ने उनको अनुभव छ । समूहबाट ऋण लिएर उनले एउटा सानु पसल सुरु गरेकी थिइन् तर आफ्नै समूहका महिलाहरूले त्यहाँबाट खानेकुरा किन्न नमानेपछि त्यो लगानी त्यत्तिकै डुब्यो । अन्ततः जातपातकै कारण उनीहरूको समूह नै भताभुङ्ग भयो ।*

समूह खोल्न मान्छे नपुगेका बेलामा बाहुन-छेत्री महिलाहरू हाम्रो घरमा धाए, कति कर लाए । समूहमा खेलेपछि सहयोग आउँछ, यस्तो उस्तो हुन्छ भने । हामी खेल्दैनौँ भने पनि उनीहरूले कति कर लाएर खेलाए ।

अब सुरुमा त हप्तैपिच्छे बैठक हुन्थ्यो क्यारे । आज एउटा साथीको घरमा बसे अर्को हप्ता अर्को साथीकहाँ बस्थ्यौँ । तर हामीलाई अन्त त बाहिरबाहिर र बरन्डामा मात्र बसाउने हो । भगवती दिदीकहाँ एक ठाउँमा मात्र माथिको कोठासम्म जान पाइन्छ । आखिर त उनीहरू पनि मान्छे हुन् हामी पनि मान्छे हौँ । एउटै दिदीबहिनीजस्तो भएर समूहमा बस्यौँ, सानैदेखि सँगै खेलेर हुर्क्यौँ हैन ? अब यसो कतै जाँदा यताउता जाँदा पनि हाँसखेल गर्ने कति राम्रो गरेर हिँड्ने तर आज यो बैठक बस्दा, भेला हुँदा सबै जना दिदीबहिनीहरू हामीलाई किन यस्तो गर्नेहोला, हामीले छोएको खानुपर्ला भनेर उठेर हिँड्नुहुन्छ भनेर हाम्रो मनमा पनि ठूलो चोट परिरहेको हुन्छ ।

सबैजना मिलेर बस्ने, दिदीबहिनी सबै एकता हुने भनेर नै समूहमा बसेको हो । समूह भनेको नै सबै दिदीबहिनी एउटै हुने हो नि ! तर यो सोचाइ समूहका महिलाहरूमा आएन । एकपटक हामी पिकनिक गएका थियौँ, तर पिकनिक गएर हाँस्नु त कहाँकहाँ उल्टो रुनुजस्तो भयो । हामीले पिकनिकमा न त कुनै खानेकुरा छुनपायौँ न त काट्ने, पखाल्ने, पकाउने काम गर्न पायौँ । बिहानदेखि साँझसम्म हामीले अरू दिदीबहिनीहरूभन्दा छुट्टै बस्नुपर्‍यो । उनीहरूले दिए खाने तर त्यहाँ गएर आफूहरूले खाऊँ, पकाऊँ भनेर उनीहरूले जस्तै पकाएर र झिकेर खान पाउँदैनथ्यौँ । हामीले त त्यस्तो हुन्छ भन्ने थाहा पाएरै सुरुदेखि नै नजाने भनेको हो तर यहाँ भगवती दिदीले यस्तो ठाउँमा जानुपर्छ रमाइलो गर्नुपर्छ, तिमीहरू एक्लोदुक्लो पिकनिक जान्छु भनेर त सक्दैन नि, सबै जना गएको बेलामा जानुपर्छ भनेर सम्झाउनु भएर हामी गएको थियो ।

तर हामी समूहमा बसेको त्यस्तै एक वर्षपछाडि बिस्तारै यो छुवाछूतको

*महिलाहरूले महिलालाई होच्याउनु हुँदैन*

कुरा खुलेरै चल्न थाल्यो। हामी थोरै दुईचार जना मन मिल्दोमिल्दो खेलिरहेको बेलामा समस्या थिएन। त्यसपछि समूहलाई ठूलो बनाऔं भने। धेरै जनाले हामी पनि खेल्छौं हामी पनि खेल्छौं भन्न थाले। हामीले पनि अब अरू दिदीबहिनीहरू खेल्ने नै भए किन नखेलाउनु, जतिसक्दो समूह बढाउनु नै राम्रो हो भनेर हामी सबैले सल्लाह गरेर आफ्नो गाउँको दिदीबहिनी सबै जना खेल्छन् भने किन नराख्ने भनेर हामीले नै मिलेर राखेको उनीहरूले नै हामीलाई पछि हेपे। त्यसरी हामीले नै हुन्छ भनेर उनीहरूलाई राख्यौं पछि उनीहरू नै सेर पल्टिए। हामीले दुःख गरेर बनाएको समूह पछि गएर त उनीहरूकै मात्र हो जस्तो गरे।

### "महिलाहरू धेरै पछाडि परेका छन्"

हामी महिला भएर अरू महिलाहरूलाई होच्याएर सानो बनाउन हुँदैन भनेर बाहुन-छेत्री महिलामा सोचै आउँदैन भने त्यस्ता अबुझहरूलाई हामीले पनि त भइहाल्यो अब भनेर उनीहरूको बानी व्यहोरा नै त्यस्तै छ भनेर चुप लागेका छौं। उनीहरूको शाखा सन्तानको मुख पनि हेर्नुपर्‍यो नि उनीहरूको श्रीमान्हरू त इज्जतका हुनुहुन्छ नि भन्दाखेरि भोलि त्यही समाज हामीलाई चाहिन्छ एकपल्टलाई छोडिदिउँ भनेर मात्र छोडिदिएको तर आइन्दा यस्तो भएछ भने हामीले सहन्नौं भन्ने सोचाइचाहिँ गरिरहेका छौं।

अहिले त यस्तरी जातभात छुट्टयाएमा कानुनले पनि कारबाही गर्छ नि! कसैलाई सानो जात भनेर हेला गरेमा छुवाछूत गरेमा लगेर थुनिदियो भने पाँच हजार, लैजानेबित्तिकै।

अब रेडियोबाट पनि सुनिराखेको छ अब टिभी हेरिराखेको छ। अब रेडियो टिभिबाटै भन्छ नि, दलितजाति भनी कुनै छोइछाइ र भेदभाव गर्‍यो भने सीधै आएर प्रहरी कार्यालयमा उजुर दिएमा केही फरक पर्दैन बरु उल्टो सजाय भोग्नुपर्छ भनेर भनि राखेको छ रेडियो टिभीले।

### "हामी पनि त मान्छे नै हौं नि!"

हाम्रा बाआमाले अरूका अगाडिबाट हिँड्दा पनि ढोग्दै हिँड्नुपर्थ्यो। केही बोल्न खोज्दा पनि माथिल्लो जातकाले "कामी भएर किन बाठो भएको, चुप लाग" भन्थे। यस्तो कुराले मेरो साह्रै चित्त दुख्थ्यो। आखिर हामी पनि त मान्छे नै हौं नि! केटाकेटी हुँदा कसैका घरमा छिर्न पनि डरै लागेर आउँथ्यो। हाम्रो धारा नै बेग्लै थियो। उहिलेका कुरा छाडौं, अहिले पनि त्यस्तै छ। इनार छोइयो भने मार्लान् भन्ने डर हुन्छ।

स्कुलमा त त्यस्तो भएको कुरा बच्चाहरूले बताएका छैनन्। हुन त

बच्चाहरू सानै छन्। छोरा सात वर्षको भयो। छोरी छ वर्षकी छ। तर बाहिरचाहिँ अलि ठूला बच्चाहरू र ठूला मान्छेहरूले पनि मेरो बच्चाहरूलाई तिमीहरू कामी हो भन्दिँदा रहेछन्। मेरो बच्चा मात्र होइन, अरू दलितहरूलाई ठूला जातिकाले हेपेको म सहन सक्दिनँ। हिजोआज पहिलेजस्तो हामीलाई डाइरेक्ट हेप्न त सक्दैनन् तर उनीहरूले गर्नलाई गरिरहेका छन्। म त बोल्न सक्छु मलाई त अलि हेप्न डराउँछन्।

**पसल खुल्यो ... पसल सुक्यो**

हाम्रो महिला समूहमा एक लाख कति हजार हो बचतको पैसा जम्मा भएको थियो। गाउँमा दिदीबहिनीहरूले चलाउन सकेको चाहिँ चलाउने र नसकेको चाहिँ ब्याङ्कमा लगेर राख्ने गरेका थियौँ। हामीले धेरैजसो गाउँमा नै लगानी गरेका थियौँ। कसैले भैँसी पाल्ने कसैले बाखा पाल्ने भने। मैले दोकान थापेँ र अरूले अर्कै केही गरे। मैले पनि सुरुमा त समूहकै दिदीबहिनीहरूको सल्लाहले दोकान गरेको हुँ। पछि पो बिग्रियो त। मैले दोकान गाउँमा नथापेर तल बजारमा लगेको भए यस्तो छुवाछूत हुँदैन्थ्यो होला। तर मेरा पनि बच्चाहरू साना छन् अब उनीहरूलाई छोडेर बजारमा जाँदा उनीहरूको पढाइ पनि बिग्रिने भो। बच्चाहरूलाई खुवाउने पनि असुविधा हुने भयो भनेर यहीँ दोकान राखेँ।

सुरुसुरुमा एकदुई महिना सबै जना किन्न आए पछि के भयो कसले उनीहरूलाई के भन्यो थाहा भएन। त्यसपछि मेरो पसलमा किन्न आउने दिदीबहिनीलाई समेत त्यो दोकानमा गएर किन पाउरोटी ल्याउने त्यो दोकानमा गएर किन चाउचाउ किन्ने तिमीहरूले, तिमीहरूको छोराछोरीको व्रतबन्ध गरिसकेका छौ नि, व्रतबन्ध गरिसकेको छोराछोरीलाई पनि उसको दोकानमा किनेको पाउरोटी खुवाउने, चाउचाउ खुवाउने भन्नेसम्म सोचाइ भएर आज यस्तो भयो। भगवती दिदीलाईसम्म त्यो दोकानमा किन्न नजाऊ भने। आफ्नै समूहका दिदीबहिनीहरूमा यस्तो सोचाइ आएपछि मेरो दोकान सुक्यो। हाम्रो गाउँ सानो छ यहाँ धेरै घर छैनन्।

पहिले त उनीहरूले नै दोकान राख भने ... पछिपछि त मेरो दोकानमा अगाडिबाट सामान किनेको अरूले देख्छन् भनेर पछाडि बारीबाट घुमेरसमेत सामान किन्न आउन थाले। त्यस्तो भएपछि मेरो व्यापार के भयो होला तपाईं नै भन्नुस् न। त्यस्तो गरेपछि दोकान चल्छ त? वरिपरिका दुईचार जना आउलान् किन्लान् तर एउटै समूहबाटै राखेको दोकान भनिसकेपछि मेरो दोकान सुक्नासाथ त समूहको ऋण लगानी गरेर यसरी दोकान डुब्यो अब समूहको लगानी पनि डुब्ला उसले के गरेर त्यो ऋण तिर्ला भन्ने

दिदीबहिनीहरूको त्यो सोचाइ आएन। हामीले नै गएर किनिदिए पो उसको केही लगानी बढ्छ त्यसपछि उसलाई केही फाइदा भएर दोकान केही बढाउन सक्छ भन्ने सोचाइचाहिँ समूहका दिदीबहिनीहरूमा आएन। समूहबाहेक अरू बाँकी त गाउँका दसपन्ध्र घर त हो नि! अब दसपन्ध्र घरकाले किनेर त पुग्दैन। अब २८ घरले किन्न छोडेपछि त मेरो पसल सुक्ने नै भयो।

ठूला जातकाहरूले हाम्रो जातलाई उन्नति गर्न नदिएको त उहिले पुर्खाकै पालादेखि हो जस्तो लाग्छ। हामी अघि बढ्यौं भने उनीहरूले भनेको टेर्दैनौं भनेर होला नि! त्यस्तो उनीहरूको सोचाइ होला तर हाम्रो भनाइ हामीले पनि बाहुन छेत्री महिलाहरूले पाएजति अधिकार चाहिन्छ भन्ने मात्र हो। जस्तो उनीहरूले पूजा गर्ने गरेको मन्दिरमा समेत हामीलाई पूजा गर्न नदिने। हामीहरू पूजा गर्न पसेको देखेमा उनीहरू टाढैबाट फर्किने गर्छ हाम्रो भनाइ त सँगसँगै पूजा गर्न पाउनुपर्छ भन्ने हो।

## रामजी

नेपाल १२

*कामको खोजीमा परदेश जाने उनका दौंतरीहरूभन्दा फरक रामजीप्रसाद अहिले पनि खेतीपातीमै लागिपरेका छन् तापनि उनका विचारमा उनको र परदेश जाने साथीहरूको जीवनस्तरमा 'खासै फरक छैन।' ब्राह्मण परिवारमा जन्मेका ३५ वर्षीय रामजी उनको गाउँठाउँ, सिन्धुपाल्चोक जिल्लाको बाँसबारी क्षेत्रमा सञ्चालित विकासका विभिन्न परियोजनाहरूमा पनि संलग्न छन्। उनका विचारमा बाहिरी संसारसितको सम्पर्कले भारी बोकेर गरिखाने एकदमै गरिब मानिसहरूबाहेक सबैलाई फाइदा नै भएको छ।*

म आफ्नो जीवनमा, आफ्नो काममा र आफ्नो गाउँठाउँमा समेत केही सुधार ल्याउन सकिएला कि भन्ठानेर स्कुल गएको थिएँ। केटाकेटीहरूले लेखपढ गर्न जाने भने त देशमा विकास ल्याउन सक्लान् नि! अरू त के कुरा गर्नु र, खेतीपातीमा त कति नयाँ तरिका आइसकेका छन्।

स्कुल आउने केटाकेटी निकै नै छन् र बर्सेनि बढ्दै छन्। तर उनीहरूले पाउनुपर्ने जस्तो शिक्षा भने पाउन सकेका छैनन्। स्कुलमा कस्तो पढाइ भइरहेको छ भनेर हेर्ने नै को छ र? त्यसमाथि कहिलेकाहीँ केटाकेटीले स्कुल माया मारेरसमेत खेतबारीमा काम पनि गर्नुपर्छ ... अनि त उनीहरू पछाडि परेको पत्यै हुन्छन्।

हाम्रो गाउँको स्कुलबाट एसएलसी पास गर्नेहरू साह्रै थोरै छन्। मेरो

***रामबहादुर क्षेत्री, ४८ वर्ष*** *नेपाल २*

पहिले त जङ्गल बाक्लो थियो। बस्तुभाउलाई घाँस सजिलैसँग पाइन्थ्यो। त्यसैले हाम्रा बस्तुभाउ पनि अहिलेभन्दा धेरै थिए। तिनीहरूको मलले गर्दा हामीलाई जीविका चलाउन सजिलो हुन्थ्यो। हिजोआज जङ्गल मासिँदै छ। बस्तुभाउको लागि घाँस पाउन पनि गारो हुन थालेको छ। त्यसैले त हामीले थोरै बस्तु मात्र पालेका छौँ। हामीले खेतबारीमा रासायनिक मल प्रयोग गर्न थालेपछि उब्जनी बढेको छ। त्यसैले हाम्रो आम्दानीको स्रोत पनि राम्रै छ।

विचारमा सयमा तीनचार जनाभन्दा धेरै छैनन्। छुट्टीका बेला केटाकेटीले खेतबारीमा काम गरेरै बिताउनुपर्छ, अनि घरमा लेखपढ गर्ने त मौकै पाउँदैनन् नि! अनि काँबाट रिजल्ट मात्रै गतिलो आओस्? चाहिएजति मास्टर नभएपछि प्राथमिकका शिक्षकले माध्यमिकमा समेत पढाउनुपरेको छ।

मलाई त सबभन्दा पहिले त विद्यालय सञ्चालक समिति नै शिक्षित हुनुपर्‍यो जस्तो लाग्छ। सञ्चालक समितिले पढाइको महत्त्व बुझ्नुपर्‍यो, अहिलेजस्तो राजनीतिक मात्र भएर त भएन नि!

## विकास र संरक्षण

तलतलतिर बाटाको सुविधा छ अनि विभिन्न संस्थाहरू आएर त्यतै मात्र काम गर्छन्। यता डाँडा पाखातिर भने कोही पनि आउँदैन। त्यही भएकाले हाम्रो वन संरक्षण समितिले चाहिँ यहीँ अफिस राखेर यहीँबाट काम गर्ने मुख्य लक्ष बनाएको छ। म पनि यसको सधारण सदस्य छु।

हामीले यो वन संरक्षण समिति वन कार्यालयकै सल्लाहमा खडा गरेका



*बालबालिकाले शिक्षा पाए भने देश विकासमा टेवा पुग्छ*

***बद्रीप्रसाद घिमिरे, ५८ वर्ष*** *नेपाल २२*

अहिले हाम्रो वन यसो हेर्दा 'त्यहाँ पनि पहिरो थियो र ?' भन्छन् मान्छेले । हामीले वृक्षरोपण गऱ्यौं अनि अहिले त यहाँ पहिले पहिरो गएको थियो जस्तो पनि लाग्दैन । अहिले सम्झँदाखेरि अलिकति हाम्रो लापरवाहीले गर्दा पनि त्यस्तो भएको रहेछ जस्तो लाग्छ । आफूले रोकथाम गरेर रोकिने कुरालाई पनि रोक्न नसकेको आफ्नो ज्ञानको कमीले गर्दा रहेछ भन्ने कुरा आजभोलि मलाई लागिर हन्छ । अब पहिरोको डर छैन, म ढुक्क छु । पहिलेको अवस्था सम्झँदा र अहिलेको अवस्था हेदा म ढुक्क छु ।

हौँ । यसमा १२७ घरधुरी सदस्य छन् । हामीले १८ जनाको कार्यसमिति बनाएका छौँ । यसले घरैपिच्छेबाट वर्षको १० रुपियाँ उठाउँछ । कार्यसमितिको बैठक महिनैपिच्छे बस्छ । हरेक उपभोक्ताले पालैपालो वनमा रुँगालो जानुपर्छ, त्यसैले मैले पनि जानैपर्छ । सबैको पालो महिनामा एकपटक आउँछ । यसरी रुँङ्ने गरेकाले नै हाम्रो वन संरक्षणको काम सफल भएको हो । यो भनेको चोरलाई नै तालाचाबी सुम्पेजस्तो हो । चाहिएका बेला ढलेपडेका रूख र हाँगाबिँगा चलाउन पाइन्छ तर त्यसका लागि पनि समितिबाट स्वीकृति लिनैपर्छ ।

बाहिरका मान्छेले भने यहाँबाट केही पनि लैजान पाउँदैनन् । उपभोक्ताले त दाउराका लागि हाँगाबिँगा मात्र पाउँछन् । कसैको घर ढल्यो, आगाले खायो, घर बनाउन काठ चाहियो भने के कति दिने, भन्ने कुरा समितिले निर्णय गर्छ अनि उपभोक्ताले एउटा बटमको १० रुपियाँतिर लैजान पाउँछ । त्यो पैसा समितिमै जम्मा हुन्छ ।

वनबाट अहिले नै त केही फाइदा भएको छैन तर १० वर्षपछि फाइदा होला भन्ने हामीलाई ठूलो आशा छ । पक्कै फाइदा हुन्छ । समितिको खातामा जम्मा गरेको पैसाले हामीलाई दह्रो बनाएको छ । वनले गर्दा खानेपानीको स्रोत राम्रो हुन्छ र उब्रेको पानी सिँचाइका लागि प्रयोग गर्न सकिन्छ । हामी प्राय: सबैले फलफूलका बगैँचा लगाएका छौँ । अबको दस वर्षमा हामी सबैको अवस्था राम्रो हुन्छ र हाम्रो घर व्यवहार पनि दिगो

***शेरबहादुर मगर, ७७ वर्ष*** *नेपाल ५*

गाउँमा कलकारखानाहरू खोल्ने कुनै उपाय छैन । हामीकहाँ बाटो छैन ... तर ठाईमा बस्ने मान्छेहरूकहाँ बिजुलीबत्ती, यातायात, बजार उनीहरूले सबै कुरा सजिलैसँग पाउन सक्दछन् तर यहाँ कुनै कुराको पनि सुविधा छैन । हामी केही पाउन सक्दैनौँ; त्यसैले पछि परेका छौँ ।

किसिमले चल्छ भन्ने मलाई विश्वास छ।

हामीले बाख्रा विकास कार्यक्रम पनि राख्ने विचार गरेका छौँ। यसले सबै किसानहरूलाई फाइदा हुन सक्छ। यसमा सुरुमा १२ जना सदस्य थियौँ, अहिले ४० जना पुगिसकेका छौँ।

सुरुमा हामीलाई अनुभव थिएन र सदस्यहरूको सङ्ख्या बढ्दै गयो। हामीले पनि समूह ठूलो भयो भने फाइदा नै होला भन्ने सोच्यौँ। तर पछि मासिक बैठक र बचतमा समेत समस्या देखा पर्न थाल्यो। हामी जनही महिनाको दुई रुपियाँ उठाउँथ्यौँ तर त्यो पैसा पनि सबै उठेन। अहिले हामीले अर्कै सानो समूह बनाएका छौँ। अहिले आएर हामीले २० जनाभन्दा कम सदस्य मात्र राख्ने निर्णय गरेका छौँ।

**बढ्दो पुगिसरी ... केहीका लागि मात्र**

यहाँ छरछिमेकीहरूसितको सम्बन्ध एकदमै राम्रो छ। हामी सबै चाडपर्वहरूमा भेला हुन्छौँ। गाउँका ११४ धुरीमध्ये १४ धुरी कामीहरू छन्। कामीबाहेक हामी सबै नै छेत्री-बाहुन छौँ र जे पनि सँगसँगै गर्छौँ। यी तीन जातको आपसी सम्बन्ध दाजुभाइको जस्तो छ। किसानहरू नभए कामीको आरन चल्दैन, कामीहरू नभए किसानको बारी बाँझै रहन्छ।

पहिला, २२ साल (२०२२) अघि धेरै गाउँलेहरूलाई खान पनि पुग्दैन थियो। रासायनिक मल आउनुअघि सयकडा पाँचजतिको त गुजारै चल्दैन थियो। अहिले खेतीबाली सप्रेको रासायनिक मलले गर्दा नै हो। पहिला हामीसित बाख्रा विकास कार्यक्रम मात्र थियो, अहिले त हामी राम्रा गाईभैँसी पालेर दूध पनि बेच्न थालेका छौँ।

अलि धेरै कमाउनेहरूले काठमाडौँमा जग्गा किनेर घर बनाएका छन्। हुन त अलि धेरै नाफा गर्न सक्नेहरूले मात्र त्यसो गरेका छन्। यहाँको जग्गा बेच्यो, काठमाडौँमा किन्यो, फेरि बेच्यो गरेर हो नाफा हुने। बाटो बनेकाले काठमाडौँ जान पनि सजिलो भएको छ। आलु, धान, मकै कोदोजस्ता यहाँका उत्पादनहरू बेच्न पनि सजिलो भएको छ। बाटोले गर्दा काठमाडौँबाट मल, नुन, जस्तापाता र घर बनाउने अरू सरसामान ल्याउन पनि सजिलो भएको छ।

*बाटो बनेपछि हामीले उब्जाएका अन्नपात बेच्न सजिलो भएको छ*

तर साह्रै गरिबलाई भने यी कुराहरूबाट केही पनि फाइदा भएको छैन। पहिला उनीहरू साँखुबाट हाम्रो सामान ओसारेर केही ज्याला त कमाउँथे, अहिले त त्यो काम पनि पाउन छाडेका छन्। त्यसैले मानिसहरू काम खोज्न कि त सहरतिर लागेका छन् कि माथि हेलम्बुतिर। त्यसैले गरिबहरूको आर्थिक स्थिति र जीवनस्तर भने खस्केको छ।

## चन्द्रबहादुर



*चन्द्रबहादुर दुलालको ५५ वर्षको अनुभवको सार छ "खेतीपातीका तौरतरिकामा अन्तर ल्याउने र उब्जेका अन्नपातलाई बेचबिखन गर्ने व्यवस्था मिलाउन नसकेसम्म यो दुर्गम क्षेत्रका जनताको जीवनस्तर उकास्ने कुनै उपाय छैन।" रोपवेको निर्माण गरेर ललितपुरको फँक्रीडाँडाका किसानहरूले कसरी बजारसम्मको दूरी घटाए भन्ने चर्चा गर्दै उनी भन्छन्, "हाम्रोजस्तो पहाडी वातावरणका लागि त रोपवे सडकभन्दा कता हो कता उपयोगी भएको छ।"*



यो ललितपुर जिल्लाको दक्षिणी क्षेत्र यातायातको कुनै सुविधा नभएको, दुर्गम पहाडी भेग भएको हुनाले आफूले उत्पादन गरेका कुनै चीजहरू, पशुपालनबाट फाइदा भएका चीजहरू घिउ, खुवा आदि बेच्न गाह्रो थियो। पिठ्यूँमा बोकेर ललितपुरको मङ्गलबजार पुऱ्याउने गर्थ्यौं। सुरुसुरुमा घिउ सङ्कलन गरेर बेच्ने काम हुन्थ्यो। पछि गएर घिउभन्दा केही फाइदा देखिएकाले बिस्तारै यो क्षेत्रभरि नै खुवा घोट्ने चलन आयो। जसको कारण हामीले एउटा नराम्रो के देख्यौं भने खुवा घोट्नाले नै वनजङ्गल विनाश भयो।

हिसाब गरौं न, पाँच सय लिटर दूध घोट्नका निमित्त प्रतिदिन लगभग प्रतिलिटर एक केजी राख्यौं भने पनि पाँच सय किलो दाउरा नोक्सान हुन्छ। खाना बनाउन र पशुको खोलेका निमित्त त दाउरा नोक्सान हुन्छ। खाना बनाउन र पशुको खोलेका निमित्त त दाउरा खर्च हुने नै भयो, थप त्यसमा खुवा घोट्नका निमित्त समेत दाउरा खर्च हुने भएपछि अलिअलि गर्दै जाँदा जङ्गलको ठुटोसमेत उप्काएर बाल्ने काम भयो। वनजङ्गलको विनाश हुनासाथ यहाँ भूक्षयको ठूलो प्रकोप हुन गयो। पहिरो जान थाल्यो र धेरै कुरा क्षति भयो। पहिरोले मान्छेका जग्गाजमिन, घरगोठ नै लग्यो।

### पहिला माटो जोगायौं

हामीले बाग्मती जलाधार आयोजनाका बारेमा थाहा पायौं र त्यहाँ गएर हामीले आफ्नो समस्या राख्यौं। सबभन्दा पहिले हामीले घरवरिपरिको पानीलाई नियन्त्रण गर्ने काम गऱ्यौं। नियन्त्रण गर्ने भनेको वर्षाकालमा बग्ने अनावश्यक पानीलाई क्षति नपुग्ने ठाउँमा, भएसम्म साह्रो ढुङ्गा भएको ठाउँतिर लगेर छाड्ने गऱ्यौं। कान्ला तास्दा धेरै नखोप्ने गऱ्यौं, कान्लावरिपरि

*पानीले बिगारेका ठाउँमा वृक्षारोपण गऱ्यौं*

*विकासका लागि धेरै कुरा चाहिन्छ*



*विकास हुनका लागि धेरै कुरा चाहिन्छ*

डालेघाँसहरू लगाउने गर्‍यौं। पछि बिस्तारै पशुको आहारका लागि बारीका डिलमा लगाएको घाँसले पनि हौसला बढायो। गह्रा सुधार गरेपछि चिस्यान राम्रो हुँदो रहेछ। क्षति हुने माटो पनि बग्न पाउँदो रहेनछ। कान्लाको डिलमा डालेघाँस लगाएपछि त्यसले भत्किनबाट रोक्दो रहेछ, उत्पादन पनि बढ्दो रहेछ।

हामीलाई यो काम सिकाउनका लागि बाग्मती जलाधारका प्राविधिकहरूले एउटा पहिरो जाने क्षेत्र छान्नुभयो र त्यहाँ संरक्षण पोखरी बनाइदिनुभयो। वर्षाकालको पानी उर्लेर आउँदा एउटा ठूलो पोखरीमा आउने भयो। पोखरीमा नअटेको मात्र तलतिर खस्ने भयो। खस्दा पनि क्षति हुने ठाउँ छ भने त्यहाँ उहाँहरूले क्रेट, तारको जाली र ढुङ्गाको सिँढीहरू लगाइदिनुभयो। भत्किने ठाउँमा चाहिँ रूखहरू लगाइयो। कहीं तारजाली दिनुपर्ने रहेछ भने त्यो दिने काम भयो। जसले गर्दाखेरि त्यो खसिसकेको डाँडो पनि सुरक्षित भयो।

**बाटोभन्दा रोपवे राम्रो**

यसरी वर्षाको पानीको उचित व्यवस्थापन गरेपछि र गह्रा सुधार कार्य गरेपछि हामीकहाँ सागसब्जी, फलफूल, दूधलगायतका वस्तुहरूको उत्पादन निकै बढ्यो। उत्पादन बढ्यो, तर बिक्री-वितरण पनि गर्नुपर्ने भयो।

हामी नजिकका मान्छेको त अब एकदुई घण्टाको परिश्रम गरेर मोटरबाटोमा आएपछि दूधसम्म त सहरमा जाने भयो। तर यही गाविस अथवा छिमेकी गाविसको मोटरबाटोमा दूध ल्याउन नसक्ने गाविस अथवा छिमेकी गाविसकाले मोटरबाटोमा दूध ल्याउन सक्दैन थिए।

---

***राम, ५३ वर्ष*** *नेपाल १७*

पानी पर्नेबित्तिकै माटो चिसै छँदा सागसब्जी लगाउन थालिहाल्नुपर्थ्यो। त्यसो नगरे बारी बाँझै बस्थ्यो। तर अहिले कुलोले गर्दा बारीमा जे आफूलाई मन लाग्छ त्यही रोप्न पाइएको छ। कसैकसैले त अझ तोरी उब्जाउँछन् र तेल पेलेर बेच्छन्। यहाँ अहिले कृषिमा धेरै सुधार भएको छ।

---

बजारको निमित्त छिटोछरितो साधन चाहियो। भट्टेडाँडाको रायोको साग एक दिनपछि लगनखेलमा लग्यो भने त बिक्री हुँदैन, ओइलिन्छ, सुक्छ। इकुडोल र भट्टेडाँडाको साग र दूध नबिगारीकन लगनखेल पुऱ्याउने साधन के त भन्दा रोपलाइन भयो।

त्यसै कारणले गर्दा हामीले एउटा विकल्प सोच्यौं। त्यो विकल्प यही रोपलाइन हो। गहिरिएर हेर्ने हो भने मोटरबाटो भन्दा त यो रोपलाइनले ठूलै सहयोग पुऱ्याउने भयो। यसले वन-बुट्यान पनि नाश हुँदैन। पहाडमा बाटो खन्यो, वर्षाकालमा भत्किन्छ। सबै ठाउँमा खनेर सम्भव पनि नहुने, ठूलो लगानी लाग्ने, त्यसभन्दा सरल र छिटो उपाय हामीले यो रोपलाइन देख्यौं र हामीले यही नै निवेदन गऱ्यौं। गह्रा सुधार भएपछि हामीले तरकारी लगाउन थाल्यौं। हाम्रो उत्पादनमा वृद्धि भयो। दूध उता पठाएपछि दूधबाट खुवा र घिउमा भन्दा बढी पैसा आयो। यो बनाएको तीन वर्ष भयो, यसका लागि पैंसट्ठी लाख रुपियाँ लागेको थियो।

यसको रोपलाइन दूरीचाहिँ यहाँ झाँक्रीडाँडाबाट तीन कि.मि. छ। यो रोपलाइनले एक टिपमा लगभग तीन सय किलो बोक्छ, करिब पन्ध्रसोह्र मिनेट लाग्छ। यसरी करिब एक घण्टाको बीचमा दुई टिप ओसारपसार गरिराखेको छ। ढुवानी भाडाबापत प्रतिकिलो एक मोहर लिएका छौं। मसलन्द अलिअलि खर्च हुन्छ। पाँच जनालाई तलब भयो, डिजेल, ग्रिजजस्ता आवश्यक खर्च हामी गर्छौं। कुनै चीजहरू बिग्रिए र प्राविधिकको आवश्यकता पऱ्यो भने त्यो ल्याएर खर्च गर्छौं। तपाईंहरू गरिखानुस् भनेर जलाधारले दिएपछि आजसम्मचाहिँ जेहोस् टिकाएकै छौं। त्यस्तो अवरुद्ध भएको पनि छैन।

हामी हप्ताको दुईपटक यहाँका उपजहरू दूध, दही, तरकारीहरू, यहाँको खाद्यान्नजस्तो गहुँको पीठो, कोदाको पीठो, फापरको पीठो, जौको पीठो, मकैको च्याँख्लादेखि लिएर खसी, बोका, कुखुरा, माछा यहाँ केके चीजहरू उत्पादित छन् त्यो सङ्कलन गरेर ललितपुर, लगनखेल लैजान्छौं। हामी ललितपुर जिल्ला सहकारी सङ्घको सदस्य भएकाले हामीलाई पसल राख्ने ठाउँ जिल्ला सहकारीले दिएको छ। हामीलाई गौरव छ यो हाटबजारमा। यो रोपलाइन बनेको थिएन, बाटो बनेको थिएन भने हाम्रा फर्सी, काँक्रा, फर्सीका मुन्टा, हाम्रा सागसब्जीहरू खेर जान्थे, हाम्रो आयआर्जनको बाटो थिएन।

यो ठाउँमा धानखेती नै हुँदैन। यो त मकै, कोदो हुने मात्र ठाउँ हो। यहाँको उब्जनीले तीनचार महिना मात्र खान पुग्ने र चामल बेसाएर खानुपर्ने क्षेत्र हो। हाम्रो आम्दानी भनेको खालि दूध बेच्ने अथवा खुवा

बेच्ने, घिउ बेच्ने थियो। अहिलेको जमानामा त्यस्तो आम्दानीले के पुग्छ ? हाम्रो बाबुको पालामा स्कुल थिएन, छोराछोरी पढाउनु पर्दैनथ्यो, फिस तिर्नु पर्दैनथ्यो जसले गर्दा उनीहरूको आम्दानी नभए पनि जीवन बित्थ्यो। तर अब त्यो हिसाबले हुँदैन। गरिब भए पनि एउटा विवेकी बाबुआमाले छोराछोरी पढाउनुपर्छ ज्याला गरेर भए पनि, नत्र भने काम छैन।

पहिलेपहिले बिक्री नहुने हुनाले जे पनि आफूलाई खानको निमित्त मात्र उत्पादन गरिन्थ्यो। बजार नभएपछि बढी उत्पादन भएर फाइदा पनि थिएन। बजार भएपछि उत्पादन बढाउन कर लाग्यो। मेरो घरमा दूधै छैन भने बजारको के मतलब ? हामी पहिला बारीमा लसुनको पोटी लाउँदैनथ्यौं। जब बजार भयो, हामीले लसुन, प्याज रोप्न थाल्यौं र आम्दानी गर्न थाल्यौं। हामीले कुनै फाउवञ्जारलाई दिएनौं। आफैं, आफ्नै तवरले बिक्री गर्‍यौं। हाम्रो समूहका साथीहरूले जेजे दिनुहुन्छ त्यही बजार पुर्‍याउने गर्‍यौं।

पहिला यहाँका सबै घर खरका थिए। घरमा आगलागीको सधैं डर हुन्थ्यो। त्यस्तो हुँदा त मान्छेको जीवनभरको कमाइ बर्बाद हुन्थ्यो। तर अहिले सयकडा पञ्चानब्बेको घर जस्ताले छाएको छ। हाम्रो ठाउँ त त्यही हो, मान्छेको आमदानीमा यत्रो सुधार कसरी भयो त ? यो सबै कुराको उपलब्धी गह्रा सुधारबाट भयो, रोपलाइनबाट भयो, बाटोबाट भयो।

## इन्कुमारी

नेपाल १८

*३५ वर्षकी इन्कुमारी महिलाहरूमाथि भेदभाव रहुन्जेलसम्म "देशको विकासै हुँदैन" भन्छिन्। शिक्षाको विकासले क्रमशः "सामाजिक बाधा अड्चनहरू" खुकुलो पार्दै लान्छ र मात्र महिलाहरूले पुरुषसमान अधिकार पाउनसक्छन् भन्ने उनको बिशस छ। सिन्धुली जिल्लाको सिद्धेश्वर गाउँमा बस्ने इन्कुमारी एक शिक्षिका हुन् साथै उनको एउटा पसल पनि छ।*

म एउटा दुर्गम ठाउँमा बस्छु, यहाँ महिलाहरू शिक्षित छैनन्। पहिले म स्कुल गएको बेला अरू कोही पनि केटीहरू पढ्दैन थिए। मेरो बुबाले भनसुन गरेर मलाई स्कुलमा भर्ना गरिदिनुभयो। गाउँकै स्कुलमा पढुन्जेल त सबै ठीकै थियो, तर म जिल्ला सदरमुकामको स्कुलमा गएपछि भने गाउँलेले धेरै कुरा काट्न थाले। छोरीले लेखपढ गरी र घर छोडेर काम गर्न थाली भने बिग्रिन्छे भन्थे। त्यति बेला साह्रै नराम्रो लाग्यो र निकै

*भगवती शर्मा, ३३ वर्ष* *नेपाल २७*

यो समाजकै व्यवहारले गर्दा एउटा छोरो आफू छोरो भएकोमा घमन्ड गर्छ। मेरा छोरा र छोरी एक दुई वर्षले जेठो कान्छा छन्... तर छोरो कहिल्यै पनि छोरीले जति काम गर्दैन..। मैले छोराछोरीमा कुनै किसिमको भेदभाव गरेको छैन.. तर पनि मैले उसलाई बुझ्ने बनाउन सकेकी छैन। "म त छोरो पो हुँ त, मैले त चियासमेत बनाउन र बाँड्न हुँदैन" भन्ने खालको विचार अझै पनि उसको दिमागमा रहिरहेको छ।

चिन्तित भएँ। तर मैले यसैलाई एउटा चुनौतीको रूपमा लिएँ र पढेँ। गाउँलेहरूको भनाइ सुनेर म घरैमा बसेकी भए यत्तिकी हुने थिइनँ। एस.एल.सी. परीक्षा पास गरेपछि मलाई एउटा तालिममा पोखरा पठाइयो। त्यति बेला पनि गाउँलेहरूले मलाई नजाओस् भन्ने चाहन्थे, तर मैले उनीहरूको कुरै सुनिनँ र बुबाले पनि वास्तै गर्दिनुभएन। गाउँलेहरूले जे भने पनि मलाई त्यस परिस्थितिले आफ्नो क्षमता देखाउन उत्साहित गरेजस्तो लाग्यो। त्यसैले म पोखरा गएर आफ्नो तालिम राम्ररी सकेर आएँ। पोखराबाट आएर मैले उनीहरूकै छोरीहरूलाई पढाउन थालेँ। पढेर मैले के गरेँ भन्ने देखेपछि, उनीहरू पनि शिक्षाको महत्त्वको बारेमा सचेत बने र आफ्ना छोरीहरूलाई पनि स्कुल पठाउन थाले। आजभोलि गाउँमा थुप्रै केटीहरूले एस.एल.सी. पास गरिसकेका छन्।

मैले पढाउन थालेको १४ वर्ष भयो र ५ वर्षअघिदेखि मेरो एउटा पसल पनि छ। बिहानबेलुका पसल गर्छु, दिउँसो स्कुलमा पढाउँछु।

**"नियम-कानुन पुरुषले नै बनाएका छन्"**

छोरो जन्मियो भने सबै खुसी हुन्छन् र उत्सव मनाउँछन्। तर जब छोरी जन्मिन्छे, बाबुआमा नै दुःखी र चिन्तित हुन्छन्। बाबुआमा नै छोरीलाई त्यति वास्ता गर्दैनन् तर छोरालाई भने स्कुल पढाउँछन्। छोरी भनेको साँच्चै अर्काको सम्पत्ति हो र उनीहरूलाई पढाउनुको कुनै अर्थ छैन भन्ने

*भगवती शर्मा, ३३ वर्ष* *नेपाल २७*

पैसा छ भने आइमाई नै भएर पनि आफ्नो हिसाबले खर्चबर्च गर्न सकिन्छ ... परिवारका अरू सदस्यहरूले छोरीको बिहेमा धेरै पैसा खर्च गर्न खोजे भने "अहँ म त त्यो बाछी बेचेको वा ब्याङ्कमा राखेको अथवा समूहमा बचत गरेको पैसाले त छोराछोरी पढाउँछु" भन्न सकिन्छ। आफूसँग पेवा पैसा छ भने धेरै फरक परिहाल्छ नि !

***ताराकुमारी, २५ वर्ष*** *नेपाल १५*

चाडपर्वका बेला महिला र पुरुषको आआफ्नै काम हुन्छ। पुरुषहरू खसी किन्ने, घरमा रङ लाउने, लुगाफाटो किन्ने र अरू व्यवस्था गर्ने गर्छन्। हामी महिलाहरूचैं लुगा धुने, घर बढारकुँडार गर्ने, भातभान्सा गर्ने, भाँडाकुँडा माझ्ने, गाईबस्तु हेर्ने जस्ता अरू काम गर्छौं ... तर काम त महिलाहरूकै धेरै हुन्छ।

सोचाइ बाबुआमाले नै राख्छन्। त्यति मात्र कहाँ हो र हाम्रो धर्म-संस्कृतिमा समेत पुरुषहरू महिलाहरूभन्दा अगाडि छन्। भनिन्छ नारीले पुरुषलाई भगवान्‌को रूपमा हेरेर, आफू दासी भएर सेवा गर्नुपर्छ। पुरुषहरूले नै यस्तो व्यवस्था बनाएका छन्, जसले गर्दा उनीहरू सुरुदेखि नै महिलाको शोषण गरिराखेका छन्। पुरुषले सबै नियमहरू उनीहरूकै आवश्यकतानुसार मात्र बनाएका छन्।

त्यति मात्र होइन महिला र पुरुषले सँगसँगै काम गर्दा उत्ति नै सीप र उत्ति नै बल खर्च हुन्छ, तैपनि भेदभाव गरिहालिन्छ। त्यत्ति नै समयमा त्यत्ति नै काम गर्दा महिलाले चार माना र पुरुषले भने एक पाथी ज्याला पाउँछन्। चाडपर्व मनाउँदा पनि पुरुषलाई महिलाले नै ठाउँ सफा गरीवरी ठीकठाक पारिदिनुपर्छ र अरू आवश्यक सामग्री पनि सबै महिलाले तयार पारिदिनुपर्छ। सबै कामजति महिलाले गर्छन् र त्यसको जसचाहिँ पुरुषले पाउने गर्छन्। नोकरी गर्दा पनि त्यस्तै हुन्छ, पुरुषहरू टाढाटाढा गएर कुनै पनि क्षेत्रमा रोजगारी पाउन सक्छन् भने महिलाहरू त पढ्नका लागिसम्म बाहिर जान सक्दैनन्। बाबुआमाको चिन्ताको विषय सधैँ यस्तो हुने गर्छ, छोरीलाई बाहिर पठायो भने अरूले राम्रो मान्दैनन् र भविष्यमा छोरीको बिहे हुने गाह्रो हुन्छ अथवा बिहे भएपछि पनि घरमा छोरीले अनेक कुरा सुन्नु र सहनुपर्ने हुन्छ भनेर आँट गर्न सक्दैनन्। कार्यालयहरूमा महिलाहरू किन कमै महिलाहरूले मात्र काम गर्छन् भन्ने यसैबाट बुझ्न सक्नुहुन्छ। तर महिलाहरूले नसकेर होइन, महिलाहरूलाई आइपर्ने अनेक सामाजिक व्यवधानहरूका कारण काम नगरेका हुन्।

त्यति मात्र कहाँ हो र, छोरीले अंश पनि पाउने अधिकार छैन। छोरोचाहिँ जन्मनेबित्तिकै अंशको हकदार हुन्छ, तर छोरीले भने बिहे नगरी बाबुआमाकहाँ बसे भने मात्रै केही पाउने हो। कानुनी रूपमा त अझ ३५ वर्ष नाघेपछि मात्र अंश पाउँछन्। अंश पाइसकेपछि बिहे गरे भने त त्यही पनि फिर्ता गर्नुपर्छ। मलाई त छोरीले पनि छोरासरह पैतृक सम्पत्तिको अधिकार पाउनैपर्छ जस्तो लाग्छ।

बिहे गर्नेबित्तिकै महिलाको सम्पूर्ण धन सम्पत्तिमा पुरुषको पनि हक

लाग्छ। पुरुषले त्यसलाई जे गर्न पनि सक्छ तर महिलाले लोग्नेको सहमति बेगर केही गर्न सक्दैनन्। कदाचित् लोग्नेको मृत्यु भयो र सन्तानको लालन पालनका लागि महिलाले सम्पत्ति बेच्नु पर्‍यो भने पनि छोरो १६ वर्षको नभइ केही गर्न पाउँदैनन्। र त्यसपछि पनि उनले छोराको स्वीकृति लिनुपर्छ। मेरो विचारमा बाबुआमाको सम्पत्तिमा छोरीले पनि छोरा सरह हक पाउनुपर्छ।

**"एक हातले ताली बज्दैन"**

अर्को कुरा के भने नेपालको कानूनमा बाबुले छोरालाई हुर्काउने र श्रीमान्‌ले श्रीमतीको हेरचाह गर्नुपर्ने कुरा छ। तर बाबुले छोरीको हेरचाह गर्नैपर्ने कुराको कहीँ कतै उल्लेख छैन ...।

जबसम्म यो देशमा महिला-पुरुषको भेदभाव रहिरहन्छ तबसम्म देशको विकास हुनै सक्दैन। तपाईं एउटा मात्र हातले ताली बजाउन सक्नुहुन्न, एउटा मात्र चक्काले गाडा गुड्दैन। सबै पक्षमा महिला र पुरुष बीचमा समानता हुनैपर्छ र मात्र देशको विकास हुन्छ ... विकासका लागि पुरुषले मात्र सबै कुरा सक्दैनन्। पुरुषले पाएजति सबै सुविधा महिलालाई पनि दिने हो भने देशको स्थिति माथि उठ्न सक्छ ...।

अहिले यो निरक्षर समाजमा पनि, छोरीलाई पढाउनैपर्छ भन्ने सोचाइ बढेको छ। कम्तीमा पनि अहिले, अलि बढी मान्छे सचेत छन्। यो आजभोलि मैले देखेको सबैभन्दा ठूलो परिवर्तन हो।

## गोमा

नेपाल २४

*अहिले २८ वर्ष पुगेको बताउने गोमा काठमाडौँ पस्दा किशोरी नै थिइन्। त्यस बेला उनले "एक दुई वर्ष गलैँचा बुन्छु, पैसा कमाउँछु र घरै फर्किन्छु" भन्ने सोचेकी थिइन्। तर गलैँचा साहुको शोषण, चिताएभन्दा फरक वैवाहिक जीवन र गलैँचा उद्योगमा आएको मन्दीका कारण उनलाई गुजारा गर्न मात्र पनि गाह्रो हुन थाल्यो र घर फर्किने कुरा कुरै मात्र रह्यो। सहर पसेकोमा उनको गुनासो उनका शब्दहरूबाट स्पष्ट हुन्छ, "मेरो बुद्धि बिग्रेर पो त ..."*

काठमाडौँ आएको कति साल भयो, मलाई भन्नै आउँदैन। १३ वर्षजति चाहिँ भइसक्यो होला। छोरा नै ११ को भइसक्यो, १२ वर्ष लाग्छ अब। आउन त गाउँघरको साथीसँग भागेर आएको। त्यस बेला म १५ वर्ष

थियो कि १५ वर्ष पनि थिएन। म १३ वर्ष होला कि १४ वर्ष पुग्नपुग्न लागेको थियो होला। साथीहरूले गलैंचा बुन्न पाउँछ, घुम्न पाउँछ, रमाइलो हुन्छ, काठमाडौँ सहरमा भनेर भन्थ्यो नि!

काठमाडौँमा सबै घुम्न पाउँछ, रमाइलो हुन्छ, गाउँमा जस्तो घरकै कामहरू गर्ने, खेती लाउने, घाँस काट्ने दाउरा खोज्ने, भकारो सोर्नेजस्तो दुःख गरेर बस्न पर्दैन। भित्रभित्रै काम पाइन्छ भनेर भन्थो। हामीलाई नै एकदम रहर लाग्यो आउनलाई।

**यथार्थ**

अँ, उनीहरूले भन्याजस्तो त कहाँ हुन्थ्यो र? काठमाडौँ आएर गलैंचा बुन्ने काम गर्दा ३ वर्षसम्म त न तलब दियो न लुगाफाटो! ... केही नदिएर कस्तो पाऱ्यो। तीन वर्षसम्ममा त मसँगै काम गर्नेहरू धेरै जना फर्केर गयो। मलाईचाहिँ जान दिएन।

कारखानामा पहिला साहुकहाँ लान्छ। उनीहरूले सिकाउन राख्छ। तीन महिनासम्म पैसासैसा केही पनि दिँदैन। बिहानबेलुका खान दिने, त्यति मात्र हो। मैले गलैंचा बुन्न सिकेपछि पनि मेरो तलब मलाई सिकाउनेले नै खाइदियो। अनि आफ्नो तलब माग्दा त उसले पिटेको नि!

अब घर नगएको पनि अब तीन वर्ष हुन लागिसक्यो आफूसगँ एक सुका पैसा थिएन के गरिजानु? काम गरेको पैसा मागिदिने मेरो आफ्नो भन्ने कोही थिएन। बोल्न नसकेको देखेर हेप्नी के ... त्यो बेला म अलि बिरामी पनि भइरहन्थ्यो अनि "खाली बिरामी भइरन्छ" भनेर कराउँथ्यो। दबाईखर्च तीन सय खर्च गरेको छ भने १००० बढाएर लेखदिने, यति भयो तेरो बिल भनेर त्यसो गरी, देखाउने खाली। ... तैंले काम गरेको भन्दा तेरो बढी ऋण भयो भन्ने, पैसा नदिने।

अनि तलब दिएन भनेर त्यहाँबाट भागेँ म। न तलब दिनु, न के दिनु

---

*रामबहादुर छेत्री, ४८ वर्ष* *नेपाल २*

हाम्रो गाउँमा, कुनै बेला छिमेकी बिरामी हुन्छन् ... त्यति बेला अरू गाउँले मिलेर उसको बालीनाली लगाइदिन्छन् र उसले सन्चो भएपछि (पर्म) तिर्छ। कुनै बेला मैले आफैं आफ्नो काम गर्न सक्दिनँ। त्यति बेला छिमेकीले सहयोग गर्छन्। उनीहरूले सहयोग नगर्ने हो भने त म डुबिहाल्छु नि! त्यसैले यो ऊारो-पर्म राम्रो चलन हो। पर्दाखेरि म पनि सहयोग गर्छु। हाम्रो उखानै छ नि – एक थुकी सुकी सय थुकी नदी। काम एक्लै केही पनि हुँदैन। मिलेर गरियो भने जे पनि गर्न सकिन्छ।

अर्को एउटा मान्छेले अर्को ठाउँमा काममा राख्दिन्छु भन्यो। भागेर गएको तर भागेर गएको अर्को ठाउँमा त्यो दिदीले भेटेर लेर आएको अनि पिटेको नि। कुट्नुसम्म कुटेपछि पछि मैले हातमा बेसमारि टोकिदिएपछि छोड्यो। मैले सिकाएपछि अरू ठाउँमा जान पाउँदैन भन्यो। त्यो पाली भागेर फर्केर फेरि अर्को एक वर्ष त्यहीँ बस्यो। अढाई वर्ष भएपछि छुटेर कलङ्कीमा आयो।

मेरो बाबुआमाले मलाई काठमाडौँ ल्याउने दिदीको ससुरालाई मेरो छोरी पठाएको कहाँ छ देखाऊ भनेर बेसमारी कराएछ। मेरो छोरी ल्याइदिएन भने अबचाहिँ तिमीहरूलाई ज्यान मुद्दामा हाल्दिन्छु भनेर धम्काएछ। त्यसपछि दिदीको ससुरा आएछ, खोज्दै आएछ।

तर खै त्यहाँ दिदीको ससुराहरूले कुरा मिलाए अनि पछि काभ्रे जिल्लाको केटासित मेरो बिहे गरिदियो। त्योभन्दा पहिला मैले त्यो केटा देख्या थिएन। चार जनाले बुन्ने ठूलो तान थियो त्यो बेलामा। बूढो पनि त्यही तानमा गलैंचा बुन्थ्यो। त्यो बेलामा त्यो केटा राम्रो होला जस्तो लाग्यो। बानीव्यहोरा केही पनि थाहा थिएन क्यारे त्यही जब हप्ता दिनमा। त्यो बेला त्यो पनि सानै थियो म पनि सानो थियो।

**ऋणको चक्कर**

कहिलेकहिले त सहरमा नै नआ'को भए हुन्थ्यो जस्तो लाग्छ नि, कहिलेकहिले त यो गलैंचा किन सिकेको होला जस्तो लाग्छ। तर सबै साथी काठमाडौंमा नै आउने भन्थ्यो त्यो बेलामा आफ्नो राजधानी ठाउँ भन्यो राम्रो जस्तो लाग्थ्यो। सबै जना जानेजाने भनेपछि आफूलाई नि आउनु मन लाग्थ्यो। तर यहाँ के पो हुनु र आफूले दुःख गर्‍यो भने खान पायो नत्र भने छैन। बस्न र कामसामको लागि त सहरै रमाइलो।

---

***बिमला विश्वकर्मा, २८ वर्ष*** *नेपाल २८*

गाउँभरिमा दुई जना दिदीबहिनीले मात्र हामीसित समान व्यवहार गर्छन्। उनीहरूले अरू उपल्लो जातका महिलाहरूलाई "उनीहरू पनि त हाम्रै दिदीबहिनी हुन् नि !" भन्छन्। हाम्रो समूहमा भगवती दिदीले मात्र हामीले छोएको खानुहुन्छ। हामीलाई उहाँजस्तै मान्छे चाहिन्छ। उहाँ बाहुन भएर पनि छुवाछूतको मतलब गर्नुहुन्न।

***भगवती शर्मा, ३३ वर्ष*** *नेपाल २७*

अज्ञानी त दलितहरूभन्दा पनि बाहुनहरू हुन् किनभने उनीहरूले कुरा बुझ्नै सकेका छैनन्। मलाई त बाहुनको जातलाई नै कुरा बुझाउनुपर्छ जस्तो लाग्छ।

---

*हिजोआज केही काम छैन*

खानपीन गर्नचाहिँ गाउँमै रमाइलो। गाउँमा आफ्नो घरबाट निकालेर खानु पायो। धानको, मकैको जे खाऊँ भने पनि घरबाटै। यहाँ त पैसा नभईकन केही हुने होइन।

पहिला त २000, २५00 सयजति त कमाउन सकिन्थ्यो। अहिले त सक्दैन। गलैंचा बुन्दा बुट्टा अलिअलि बिग्रियो, यस्तो तानहरू लुज भयो, छेउ लुज भयो भने ज्याला काट्छ। कटिङ मिल्यो भने र बुट्टा सफा भयो भने मात्र पूरा ज्याला पाउँछ। एउटा ८0 साइजको बुन्यो भने ७00 पाउँछ। एक पिस सकिन ६, दिन दुई पिस सकिन १२, १३ दिन लाग्छ। दुई पिस सक्यो भने ७00 तर त्यसका लागि पनि ६ दिन लाग्ने। दिनको ५0 रुपियाँ पनि अरू काम गरेन भने मात्र कमाउन सकिन्छ। खाना पकाउने बच्चालाई स्कुल पठाउने गऱ्यो भने त दिनको ३0 पनि कमाउन सक्दैन।

डेराचाहिँ साहुले सित्तैमा दिन्छ तर काम गर्ने मान्छे दुईतीन जना छ भने मात्र दिन्छ। अहिले जम्मा पाँच जना, हामी बूढाबूढी, बच्चा दुईओटा सासू एक जना गरी पाँच जना एउटै कोठामा बस्छौँ।

हामी बस्ने कारखानाचाहिँ दुई महिना भयो सुकेको। पहिलापहिला त चामल सबै सस्तो थियो। जे पनि थोरै पैसाले नै आउँथ्यो।

अरूअरू कारखाना त पहिलापहिला नै सुकेको हो। अहिले त कामै छैन। साहुको ऋणहरू छ। पछि पैसा तिर्न सक्दैन भनेर नदिएको। काम त गर्नैपऱ्यो। अब काम गर्दागर्दा पनि पैसाले पुग्दैन र साहुसँग ऋण लिन्छ त्यो ऋण हुन्छ। फेरि यसले तिर्न सक्दैन भनेर साहुले ज्याला कटाउँछ।

मेरो बूढोले अस्तिदेखि बाहिर काम गर्न थालेको छ। यस्तै लुगाको पिसहरू साइकलमा ओसार्छ। एकदम धपेडी छ भन्छ, छाती दुख्छ भन्छ। हजार पिस कतिकति बोक्नुपर्छ रे। दिनभरि साइकलमा सामानहरू यताको उता लानुपर्छ रे।

कहिलेकाहीँ रिस उठ्ने बेलामा त उसले नपढाऊ है छोराछोरीलाई मलाई त मेरो आमाबुबाले पढाएन भन्छ। मेरो छोराछोरीलाई म अब नपढाउने भन्छ। मेरो आमाबुबाले मलाई नपढाएर कानो बनाएर राख्यो। दाजुलाई पढाएर ऊचाहिँ कहाँकहाँ पुगेर आयो। केके गऱ्यो र मलाईचाहिँ नपढाएर यस्तो दुःख पायो। अब त मैले मेरो पनि छोराहरूलाई नपढाउने। जस्तो म छु त्यस्तै बनाएर राख्छु भनेर भन्छ रिस उठेको बेला त। तिम्रो आमाबुबाले तिमीलाई पो त्यसो गऱ्यो त मेरो छोराछोरीलाई त्यस्तो गर्न दिन्नँ भनेर म भन्छु उसलाई। अर्काको काम गरे र हुन्छ कि, आफूले नखाएर हुन्छ कि, मेरो छोराछोरीलाई पढाउँछु, जसरी भए पनि पढाउँछु,

तिमीले पढाए पढाऊ नपढाए नपढाऊ ।

मेरो बूढोले पहिलापहिला निकै जाँडरक्सी खान्थो ... कुटपिट पनि गर्थ्यो पहिला त धेरै कुटाइ खाइसक्यो मैले । दिनदिनै होइन यस्तै हप्ता १५ दिनमा कुट्ने । यस्तो खानेखाने बेलामा । त्यत्तिकै निहुँ नै पर्ने थिएन । कति दिनसम्म थलै बस्ने गरी कुट्थ्यो ।

कता जाऊँ । जाऊँ भने पनि आफ्नो बच्चाहरूले नै बाटो दिँदैन क्या । बच्चाहरूको माया लाग्छ । लगेर जाऊँ भने कहाँ जाने दुईदुईओटा बच्चा लगेर । अनि बच्चाहरू छोडेर कहीं पनि हिँड्न सक्दैन । त्यही बच्चाहरूले गर्दाखेरि नै हो ।

कहिले त छोडुँजस्तो लाग्छ लोग्नेलाई । यस्तो कुट्ने, पिट्ने हुन नहुने नचाहिने बोल्ने बेला कहाँ जान पाए पनि हुन्थ्यो नि ! कहाँ गएर बसौं । एक दिनलाई मात्र भए पनि कहाँ गएर बसौं लाग्छ । फेरि बच्चाहरूको मुख हेर्दा कहाँ जाऊँजस्तो लाग्छ बच्चाहरूको आँसुले बाटो पाउँदैन । त्यसैले बच्चाहरूको मुख हेर्‍यो बस्यो ।

मलाई पिटेपछि बच्चाहरूलाई पनि पिट्छ । त्यो दिन सुत्न नि दिँदैन । केही गर्न नि दिँदैन । अनि धामीकहाँ गएर औषधि गरियो । धामीले बिगार रै'छ भन्यो । अँ, यस्तो रक्सीसक्सी, चिल्लोहरू फुकफाक गरेर खाने, उल्टा खान दिने गर्दो रै'छ र ठीक भयो ।

घर फर्कौंजस्तो लाग्छ तर साथमा एक पैसा पनि छैन । सानै भए पनि टाउको लुकाउने एउटा घर बनाउनुपर्छ । भएको घर भत्किइसक्यो, अलिअलि भएको काठपात पनि छिमेकीले लगे । मेरो श्रीमान्को जग्गा कसैले पनि नहेरिदिएकाले बाँझै पल्टेको छ । अब घर कसरी बनाउनु ? दुईचार पैसा कमाउन भनेरै काठमाडौं झरिएको थियो, रित्तो हात जाँदा त मान्छे हाँसिहाल्छन् नि !

## उज्याला बत्तीहरू र अँध्यारा दिनहरू

सुरुमा काठमाडौं आउँदा त जता हेरे नि झिलीमिली, जता हेरे नि ठूलाठूला घर रमाइलो देख्या थिएँ नि ! पहिला त रमाइलो लागेथ्यो जता हेरे नि मोटरगाडी झिलिमिली हुने रमाइलो लाग्थ्यो पहिला त । हाम्रो गाउँमा त बिजुलीबत्ती थिएन ।

गाउँघरमा धेरै काम गर्नुपर्छ । जस्तै: घाँस, दाउरा, पानीपँधेरो गर्नुपर्छ, अनि मैलो हुन्छ र फोहोर हुन्छ । गाउँमा बस्तुहरू पाल्नुपर्छ र बस्तुहरूलाई ख्वाउने र स्याहारसुसार गर्नुपर्छ त्यसैले मान्छेहरू धेरै फोहोरी हुन्छ । यहाँचाहिँ त्यस्तो गर्नु पर्दैन । त्यतिको लागि मात्र हो खासै गरी । अरूको

लागि त गाउँघरमै राम्रो छ । बच्चाहरूको पढाइ पनि हुने भए त राम्रो हो तर पढाउन सकेन भने के राम्रो हुनु ?

साथीभाइसँग काममा हिँड्ने यताउति रमाइलो हुन्छ गाउँघरमा त । जे काम गर्दा पनि त्यहाँ साथीहरू धेरै हुन्छ र निकै रमाइलो हुन्छ । यतातिर पनि साथीभाइ त छन् नि तर भए तापनि आआफ्नो काममा नै व्यस्त छन् । गलैंचा बुन्ने साथी त छ तर सबै सेखी गर्ने मात्र हुन्छ । तँभन्दा म धेरै कमाउँछु भन्ने खालको क्या । धेरैजसो सानो कुरा पायो भने पनि साहुलाई लगाइदिने फलानोले यस्तो गर्‍यो, उस्तो गर्‍यो भनेर कुरा लगाउने । आफू राम्रो बन्नलाई र अरूलाई नराम्रो बनाउनलाई ।

काठमाडौंको मान्छेले पहाडको मान्छेलाई कहाँकहाँबाट आएको पाखे, पहाडे भन्छन् नि ! धेरै हेप्छन् कहाँकहाँबाट आएको पाखेहरू, भोटेसोटे धेरै भन्छन् काठमाडौँका मान्छेहरूले । धेरैजसो पाखे भन्छन् ।

धेरैजसो ढुङ्गेधारामा नेवारहरूसँग झगडा हुन्छ पानी लिन जाँदाखेरि । पानी न छो भन्छ । न छु भन्ने, पाखेहरू छुन पाउँदैन यहाँ पूजा नगरेसम्म, चोखो पानी नथापेसम्म छुनु हुँदैन भन्छ क्या । खासै गरी भन्ने हो भने, अनि म पनि तिमीहरू कसाईहरूभन्दा हामी ठूलो, हामी त लामा जात हामी त पुस्तक पढेर बस्ने जात भनेर भन्छु म त । हाम्रो गाउँतिर भए त यस्तो ज्यान मार्ने मान्छेको पानी पनि चल्दैन भन्छु । उनीहरूले पनि मनपरी भन्छ । आफूले पनि रिस खप्न सक्दैन अनि आफूले पनि भन्ने । मान्छेले हेपेको मन पर्दैन ।

धेरै नेवारसँग बस्दैनौं हामी । कोठाकोठा लिएर बसे पनि तामाङ तामाङ धेरै बस्छौं । मेरो बच्चाहरूलाई आफ्नो भाषा सबै आउँछ । आफूले नबिर्सेपछि उनीहरूले आफ्नो भाषा पनि बिर्सेलाजस्तो लाग्दैन । उनीहरूले बिर्सदैन आफूले सिकाइरहनुपर्छ नि ! आफ्नो भाषा पनि बोलिरहनुपर्छ । नेपाली भाषा पनि बोलिरहनुपर्छ, दुवै भाषा बराबर बोलेपछि दुवै भाषा आउँछ ।

सुरुमा आउँदा एकदुई वर्ष मात्र यहाँ पैसा कमाउने र घर जाने विचार थियो । अब यहाँ नै विवाह भयो । गयो अब जिन्दगी गयो नि त्यतिकै । झन्झन् दुःख, अहिले त हिजोआज त धेरै दुःख भैराखेको छ । जता हेर्‍यो तिर्नुपर्ने घरमा दानापानी पनि छैन अनि के गर्ने के नगर्ने भनेर रातभरि निद्रा लाग्दैन ।

माइती गएपछि त्यहीं नै बसीरहुँ जस्तो लाग्छ मलाई त । हुन त आफू त काठमाडौंमा आएँ भने, घुम्न पनि सक्छु । बोल्न पनि सक्छु । गाउँका अरू आइमाईहरूभन्दा म अलि बुद्धिमानी नै छु जस्तो लाग्छ । काम गरेर

खान त कोहीभन्दा कम छु जस्तो लाग्दैन। गाउँमै बसे पनि गरेर खान सक्छु जस्तो लाग्छ मलाई त। गाउँघरमा गए पनि खेतीपाती गर्न सक्छु भनेर आँटचाहिँ आउँछ। *गरिब हुनु सबैभन्दा गाह्रो*

कमाउने सक्ने पैसा हुनेलाई त राम्रै हो काठमाडौं जिन्दगी बिताउनलाई बस्ने खाने घुम्ने तर गरिबको लागिचाहिँ ठीक छैन। सकेसम्म आफ्नै घरमा बसे राम्रो हुन्छ। ... अरूभन्दा पनि गरिब हुनु जस्तो नराम्रो केही रै'नछ। आफू गरिब भएपछि आफन्तहरू पनि नहुने। के गर्ने उनीहरूलाई पनि चाहियो नि, उनीहरूलाई नै छैन। माया गरेर मात्र के गर्ने।

## केदार

नेपाल ६

*३७ वर्षीय केदार पशुको औषधि गर्ने र परम्परागत उपचार गर्ने मानिस हुन्। उनले प्रयोग गर्ने औषधि त्यस्ता जडीबुटीबाट बनेका छन् जसको विशेषताको बारे 'अरूलाई कुनै ज्ञान छैन।' उनी यस्तो उपचारका बदलामा स्थानीय मानिसहरूले आफ्नो खेतीपातीको काम गरिदिने गरेको कुरा बताउँछन्। उनी सिन्धुपाल्चोक जिल्लाको थकनीका बासिन्दा हुन्।*

म यौटा किसान हुँ। म बस्तुभाउहरू बिरामी भएको बेलामा सुई दिने र मानिसहरूको उपचार पनि गर्ने गर्छु। म सागसब्जीको बीउबिजन पनि बेच्छु बिरुवाहरू पनि सस्तो मोलमा वितरण गर्छु।

मेरो अर्को कामचैं के भने म जडीबुटीबाटै मान्छेलाई आखतीमूलो गर्ने गर्छु। मानिसहरू अस्पताल जानुभन्दा जडीबुटीकै प्रयोग गर्न रुचाउँछन्। अस्पताल जाँदा एक गोली औषधिलाई पनि निकै पैसा पर्छ। त्यसमाथि एस्प्रो, सिटामोलजस्ता अनेक औषधि पनि किन्नुपर्छ। सबै गर्दा ४०-५० रुपियाँ त त्यस्सै लाग्छ। फेरि यहाँबाट अस्पताल जान टाढा पर्छ। तर बिरामी अलि साह्रै भयो भनेचाहिँ हामी अस्पताल नै पठाउँछौं। त्यसो त

---

***जयसिंह तामाङ, ५५ वर्ष*** *नेपाल १३*

बिरामी भएर धामी लगाउँदा कुखुरा र बाखा चढाउनुपर्छ, त्यसको कम्तीमा पनि पन्ध्रसोह्र सय परिहाल्छ ... अस्पताल गयो भने बढीमा त्यस्तै बीसपचास खर्च गर्छन्। म पनि एउटा झाँक्री हुँ। म त अस्पतालै जाने सल्लाह दिन्छु। अब गाउँलेले भनिहाले भने जोखाना हेरिदिन्छु, तर कुखुरा, बाखा चढाउने कुराको चाहिँ म विरोध गर्छु।



*एक जना ग्रामीण महिला अन्तर्वार्ताको क्रममा। खेतीपाती र घरव्यवहारमा जीवन बिताएका महिलाहरूसित अरूलाई उपयोगी हुने अनुभव र ज्ञानको ठूलो भण्डार हुन्छ*

अस्पतालमा प्रयोग गरिने औषधि पनि त जडीबुटीबाटै बनेका हुन्छन् नि।

**"हामी विशेषज्ञ हौँ"**

मानिसहरू हामीलाई जडीबुटीको नाम नभन्नू भन्छन्। यो हाम्रो गोप्य कुरा हो। हामीले जुक्तिबुद्धि पुऱ्याएर मात्र खोजी गर्नुपर्छ। हामी यी जडीबुटीहरू चिन्छौँ, तर अरूलाई थाहा हुँदैन। यो काम मैले मेरा हजुरबाबाट सिकेको हुँ। कुनै बेला हामी तीन किसिमका औषधि मिसाउँछौ, कुनै बेला रोगअनुसार हामी चारपाँचओटा कुरा मिसाउँछौ। ज्वरोआएको बेलामा एउटै जडीबुटीको मात्र प्रयोग गरिन्छ अरू कुरा मिसाइँदैन। हातखुट्टा भाँचिएको उपचार गर्दा भने तीनओटा मिसाएर औषधि बनाउँछौँ।

हामी वनमाराबाट पनि औषधि बनाउँछौँ। तर यसको बारेमा नजान्ने मानिसहरू यो खतरा हुन्छ भन्छन्। हातखुट्टा काट्यो भने वनमारा दल्दा रगत बग्न छोड्छ। हामी अर्चलको पात पनि प्रयोग गर्छौं। अर्चलको पातले आयोडिनको जस्तै काम गर्छ। पहिले हातले माडेर घाउमा लगाउँदा रगत बग्न रोकिन्छ। हामीले खरानी खायौँ भने पनि पेटका जुकाहरू मर्छन्। पहिलेपहिलेका बूढाबूढीहरूले पत्ता लगाएको यो एउटा ठूलो औषधि हो। जुकाको उपचार गर्न हामीले अस्पताल नै जानुपर्छ भन्ने छैन।

हामी चिप्लेकीरा, तुलसीको पत्ता, काँक्राको, बिँया, जरायोको सिङ,

***विष्णुप्रसाद, ५६ वर्ष*** *नेपाल १६*

यहाँ यत्तिका धेरै जडीबुटीहरू नै पाइन्नथ्यो। त्यै एउटा पाखनबेत पाइन्थ्यो, अहिले चिराइतो भेटेका छौँ। यो ज्वरो आएको बेलामा खाने ज्यादै तीतो झार हो। आजभोलि यसको राम्रो बिक्री हुन्छ। हिजोआज गरिब किसानहरू जङ्गल गएर चिराइतो जम्मा गर्छन् र सिन्धुलीको धुरेबजार लगेर बेच्छन्। सहरबजारका मान्छेहरूले किनिदिन्छन्। यी जडीबुटीहरू भेला गरेर बेच्दा पैसा पाइने हुनाले मान्छेले जम्मा गर्छन्।

बाँसको तामा, जीरा जस्ता कुराहरू मिसाएर औषधि बनाउँछौँ। यी औषधिहरूले राम्रो काम गर्छन्। केटाकेटीहरूको उपचारका लागि पनि हामीसँग जडीबुटी छ। कुनै महिलालाई सुत्केरी बेथा लागेको छ भने उनको कपालमा छत्तीवनको जरा ल्याएर बाँधिदिन्छौँ। यसले उनलाई बच्चा जन्माउन सजिलो पार्छ। कुनै बेला त ग्लुकोज, चिनीपानी कुरकुरेको झोल आदि दिन्छौँ यसले उनको बेथा केही कम गराउँछ र सजिलै सुत्केरी गराउँछ।

कोही मानिस बोक्सीले दुःख दियो भन्छन। तर मलाई त कस्तो लाग्छ भने मान्छेहरू यस्ता कुरामा त्यत्तिकै विश्वास मात्र गर्छन् ... मैले त कहिल्यै कुनै बोक्सी देखेकै छैन। तपाईंलाई विश्वास छ भने एउटा सल्लोको पातले मात्र पनि ठीक गर्छ। तर विश्वास मान्नुभएन भनेदेखि अस्पतालकै औषधिको समेत केही लाग्दैन।

हिजोआज म कसरी यी बिरुवाहरू संरक्षण गर्ने भन्ने कुरा विचार गरिरहेको छु। मैले यी बिरुवाहरू ल्याएर आफ्नो बगैँचामा रोप्दै छु । यदि यी बिरुवाहरू डाँडापाखामा हुर्काउन सकिने रहेछ भने म ल्याएर आफ्नै बारीमा राम्ररी रोप्छु। धेरै जतन गरेर संरक्षण गर्छु।

पहिलेपहिले म सित्तैमा ओखतिमूलो गरिदिन्थेँ। तर यस्तो काम गर्न थालेपछि दिनभरि नै खट्नुपर्छ। अचेल म पैसा लिएर उपचार गर्ने बारेमा

***शुभलक्ष्मी, ६० वर्ष,*** *नेपाल ३२*

पहिले धेरै केटाकेटी मर्थे। मेरा पनि नौ जनामा पाँच जना खेर गए। तर तिनीहरू खानै नपुगेर होइन, ओखतीमूलो नपाएर अकालैमा मरेका हुन्। जरो आएजस्तो हुन्थ्यो, अलेली खोकी लाग्थ्यो, अनि झिँगा मरेजसरी मर्थे केटाकेटी। त्यो बेला अहिलोजस्तो काँ हो र ? अहिले त बेलाबेलामा सुई लाउन आउँछ, ... अहिले त पहिलेजसरी धेरै केटाकेटी पाउनै पर्दैन नि ! एकदुई जना छोराछोरी भएपछि मानिसहरू बन्द गर्छन् ... अहिले धेरै सजिलो भएको छ ... त्यो गर्नु त राम्रो हो नि !

सोच्दै छु । पैसा तिरेपछि बल्ल उनीहरूलाई यसको महत्त्व थाहा हुन्छ । पैसा लिइनँ भनेँ पनि अरू केही सहयोग माग्नेछु ।

आजभोलि म गाउँलेहरूको उपचार गर्छु त्यसैले उनीहरू मेरो खेतीपाती हेरिदिन्छन् । त्यसैले मैले आफ्नो खेतमा काम गरिरहनु पर्दैन । उनीहरू मेरोबारेमा भन्छन्, "उहाँ हाम्रो गाईबस्तुलाई सुई दिनुहुन्छ हामी र हाम्रा गाईबस्तु बचाउनुहुन्छ ।" मैले उनीहरूलाई बचाएँ भने मलाई पनि उनीहरूले जोगाउँछन् ।

## इन्दिरा

नेपाल ८

*ब्राह्मण परिवारकी २५ वर्षीया युवती इन्दिरा सिन्धुपाल्चोक जिल्लाको सिन्धुकोटमा प्रौढ कक्षाकी शिक्षिका छन् । उनले महिलाहरूप्रति असमान व्यवहार हुने अनेक कुरामध्ये पढ्ने मौका नपाउनु, कलिलैमा बिहे हुनु, दाइजोप्रथा, सम्पत्तिमा अधिकार नहुनु जस्ता विषयमा कुरा गरेकी छन् । उनी यी कुराहरूलाई समाजमा जरा गाडेर रहेका प्रचलनहरू मान्दछिन् । उनी स्थानीय विद्यालयका शिक्षक रहेका उनका श्रीमान् पनि महिलाहरूको हक र हितका बारेमा आफ्नै जस्तो विचार राख्दछन् भन्ने कुरा बताउँछिन् ।*

हाम्रो एकदुई टुक्रा खेत र अलिकति घरबारी छ । आफूले उब्जाएको अन्न वर्षभरि खानलाई मात्र ठिक्क हुन्छ । लुगाफाटो र चाडबाडको बाँकी खर्च भने मेरो तलबले पुऱ्याउँछु ।

मैले एस.एल.सी. पास गरेर पढाउने काम थालेकी हुँ । मेरा बा काठमाडौँमा बस्नुहुन्थ्यो । आफ्ना छोरा नभएकाले र त्यहाँ (काठमाडौँमा) सबैले छोरीलाई स्कुल पठाएको देखेर होला, बाले मलाई स्कुल पठाउने निर्णय गर्नुभयो । मलाई पनि चाख लाग्यो र पढ्न थालेँ । मेरो बिहेका

---

***शुभलक्ष्मी,* ६०** *नेपाल ३२*

म बिहान सबेरै उठ्थेँ र घरको सबै कामधन्दा सक्थेँ । बच्चालाई तेल लाइदिएर, सेकताप गरेर झोलुङ्गामा सुताइराखेर घरबाट हिँड्थेँ । म घाँससाँस काटेर फर्किंदा पनि बच्चा सुतिराखेकै हुन्थ्यो अनि म पकाउने र खाने काम गर्थें । बच्चाको हेरचाह गर्थें, बस्तुभाउलाई स्याहार्थें र फेरि दिउसो काममा जान्थेँ । बच्चा जन्मेको १२-१३ दिनदेखि नै म बाहिर हिँडेर यसरी नै काम गर्थें । मैले त्यस्तरी हुर्काएको छोरो अहिले काठमाडौँमा डाइभर काम गर्दै छ ।

---

लागि धेरैतिरबाट कुरा आयो तर कुनैलाई पनि बाले मन पराउनुभएन। मैले एस.एल.सी. पास गरेपछि बा पनि बित्नुभो।

**"भैँसीलाई जसरी पठाइएकी"**

हाम्रो पहाडमा छोरालाई स्कुल पठाउने र छोरीलाई भने घाँस काट्न, भाइबहिनी हेर्न र घरधन्दा गर्न लाउने चलन छ। स्कुल पठाइहाले पनि १५ वर्ष नपुग्दै उमेर पुग्यो, बिहे गर्ने बेला भयो भन्न थाल्छन्। उनीहरूलाई आफ्नै घरमा 'अर्काको घरखान जानुपर्ने, दुई दिनको पाहुना' को व्यवहार हुन थाल्छ। अनि उनीहरूलाई भैँसीलाई जसरी नै बिदा गरिन्छ।

सिन्धुपाल्चोकमा ३० प्रतिशत महिलाहरू साक्षर होलान् तर अहिलेसम्म एस.एल.सी.मा पुगेका दुईतीन प्रतिशत होलान्। हाम्रो गाउँमा एस.एल.सी. पास गर्ने महिलाहरू चार जना होलान् कि पाँच जना होलान्। कानुनका हिसाबले महिला र पुरुषहरू बराबर मानिए पनि भेदभाव धेरै छ। घाँस काट्ने भन्यो, गोबर सोहोर्ने भन्यो, महिलाहरूलाई घरको कामले कहिले पनि फुर्सद हुँदैन। बिहे गरेर गएपछि काम गर्नैपर्छ, केटीहरू जन्मेकै अर्काका घरमा जानका लागि हो भन्ने चलनले गर्दा उनीहरूलाई पढाउने कुराले प्राथमिकता नै पाउँदैन।

बिहेमा केटीले मनग्गे दाइजो ल्याउनुपर्छ। दाइजो कम भयो भने केटीलाई घर गरिखान नै गाह्रो हुन्छ। केटाहरू 'बिनासम्पत्ति कसैकी छोरी



*"महिलाहरू जहिले पनि काममै व्यस्त हुन्छन्"*

बिहे गरिँदैन। केटीले मात्र पुग्दैन' भन्न थालेका छन्।

दाइजोको चलनले बाहुन-छेत्री परिवारमा बढी जरो गाडेको छ। तामाङ समुदायमा दाइजोको चलन छैन नै भन्दा हुन्छ। हामीले त केटीहरूलाई दाइजो खोज्ने केटाहरूसित बिहे नै नगर भनेका छौँ। त्यसै गरी हामीले मानिसहरूलाई छोरीको बिहेमा सम्पत्ति नबेच्ने सल्लाह पनि दिएका छौँ।

**"परिवर्तन ल्याउन सजिलो छैन"**

जुनसुकै संस्थामा पनि पुरुषहरू नै धेरै हुन्छन् र महिलाहरू थोरै हुन्छन्। स्कुलमा होस् वा अरू कुनै कार्यालयमा, महिलाहरूलाई हेप्नै खोज्छन्। केटीहरू गतिला हुँदैनन् भन्ने खालका कुरा गर्छन्। यस्तो व्यवहारका कारण महिलाहरूलाई जागिर खाने हौसला नै जाग्दैन।

हाम्रा गाउँमा लोग्नेमान्छेको ज्याला दिनको ३० रुपियाँ छ तर महिलाहरूले १५ मात्र पाउँछन्। यस्तो भेदभाव अहिलेको होइन, उहिल्यैदेखि हो। मलाई यो कुरा एकदमै गलत लाग्छ। महिलाले पनि सक्तो मिहिनेत गरेका हुन्छन्, त्यसैले उनीहरूले पनि पुरुषबराबर ज्याला पाउनुपर्छ।

महिलाहरू २४ घन्टामा १८ घन्टा काममै व्यस्त हुन्छन्। झिस्मिसे बिहानदेखि रातसम्म काम गरेर उनीहरू सबै घरधन्दा सक्छन्। लोग्नमानिसहरू १२ घन्टाभन्दा धेरै काम गर्दैनन्। बिहानै उठेर महिलाहरूले गोबरमाटाले घर लिप्नुपर्दछ। बेलुकाको भातभान्सा सकेपछि पनि घरका अरू काम बाँकी नै हुन्छन्। कोठा सफा गर्नुपर्‍यो, लोग्नेमान्छेहरूका लागि ओच्छ्यान लगाइदिनुपर्‍यो। तर यो एकदमै गलत कुरा हो। लोग्नेमान्छेहरूले आफ्नो ओच्छ्यानसम्म त मिलाउन सक्छन् नि, कोठा बढार्न सक्छन्। आइमाईमान्छेले मात्र खाना पकाउनुपर्छ भन्ने कुरा पनि गलत हो।

तर हाम्रो पहाडको गाउँठाउँमा यस्ता कुरामा परिवर्तन ल्याउन सजिलो छैन। हाम्रा गाउँमा त कामजति सबै आइमाईले गर्ने हो भन्ठान्छन् मानिसहरू। महिला र पुरुषहरूको हकअधिकार बराबर हो भन्ने कुरा पुरुषहरूले पनि मान्नैपर्छ।

---

***भगवती शर्मा, ३३ वर्ष*** *नेपाल २७*

पुरुषहरूमा मात्र ध्यान दिएकाले बचत समूहहरूले उति राम्रो गर्न सकेनन्। बचत भएको पैसा महिलाले पाएनन्, सबै पुरुषहरूले नै केके गरे। अहिले हिजोआजका एनजीओहरूले महिलाहरूलाई अघि बढ्न हौसला दिए। अहिले त पैसा तिर्न ब्याङ्कमा जाँदा पनि महिलाहरूले समयमा ऋण तिर्छन् भनेर भन्नुहुन्छ। महिलाहरूका हातमा व्यवहार हुने हो भने आत्मनिर्भर हुन सकिन्छ।

---

*महिलाहरूको सम्मान बढेको छ*

**परिवर्तनको अभ्यास**

हाम्रो गाउँका १०० जनाजति महिलाहरूले प्रौढ कक्षामा पढेका छन्। हाम्रो अनुभवमा यसबाट धेरै परिवर्तन पनि आएको छ। पहिले उनीहरूलाई केटाकेटीको स्वास्थ्यका बारेमा केही कुरा थाहा थिएन। बचतका बारेमा पनि थाहा थिएन। साक्षरता कक्षामा पढेपछि उनीहरू पढ्न सक्ने भएका छन्, आफ्नो नाम लेख्छन् र आफ्ना छोराछोरीलाई स्कुल पठाउँछन्। स्वास्थ्यका बारेमा पनि उनीहरूको चासो बढेको छ।

अहिले उनीहरूले आफ्नै बचत समूह गठन गरेका छन्। पहिले, साक्षरता कक्षा सुरु हुनुअघि उनीहरू पैसा मात्र थुपारेर के गर्नु र भन्ठान्थे। अहिले केही पैसा ब्याङ्कमा राखेका छन्, अलिकति पैसा बाख्रा, कुखुरा, बङ्गुरपालनमा लगानी गरेका छन्। ब्याज उठ्तै जाँदा बचत समूहको आम्दानी पनि बढ्दै गएको छ। यसले गर्दा उनीहरू अझ ठूलो लगानी गर्न सक्ने भएका छन्।

पहिलेपहिले पुरुषहरू 'आइमाईहरू केही काम गर्न सक्दैनन्' भन्ठान्थे। अहिले महिलाहरू आयमूलक गतिविधिमा लागेका छन् र फाइदा गर्न थालेका छन्। अहिले उनीहरूको मानसम्मान बढेको छ।

**"पोथी बास्न थाले"**

हाम्रा यहाँका अफिस र संस्थाहरूमा महिलाहरू धेरै छैनन्, धेरै भए ५ प्रतिशत होलान्। महिलाहरूको प्रतिनिधित्व यस्तो कम भएको चेतना नभएकैले हो। 'चेतना' भनेको आफूले ठीक ठानेको कामकुरा गर्नु हो, आफ्नै विचारमा हिँड्नु हो, अर्काले जेजे भन्यो त्यहीत्यही गर्नु होइन।

बैठक, सेमिनार र अरू कार्यक्रमहरूमा २५ प्रतिशतजति महिलाहरू सहभागी हुन्छन्। वृक्षरोपण, भ्रमणजस्ता कार्यक्रमहरूमा भने महिलाहरूको सहभागिता अत्यन्त कम हुन्छ, किनभने पुरुषहरूले नै त्यो अवसर लिन्छन्। महिलाहरूले पालै पाउँदैनन्। उनीहरूको सहभागिता कम भएको अवसर नै कम भएकाले हो। परम्परागत ढङ्गले हुर्केकाहरू महिलाहरूको कुनै महत्त्व नै छैन भन्ठान्छन्। महिलाहरूले बैठकमा बोल्दा पनि मानिसहरू "हेर हेर पोथी बासेको" भन्छन्।

परिवारका सबै सदस्यहरू शिक्षित त हुनुपर्छ नै, परिवारको सम्पत्तिमा महिलाहरूको पनि हक हुनुपर्दछ। बिहे गरेर पठाए पनि परिवारमा जे छ, त्यसमा आफ्नो अंश भागचैं पाउनैपर्दछ। मेरो विचारमा, सम्पत्ति, खास गरी जग्गा बेच्नुपरेमा छोराछोरी दुवैको सहमति लिनुपर्दछ।

हाम्रो गाउँठाउँमा ७५ प्रतिशतजति महिलाहरूले बाबु, दाजु वा श्रीमान्ले भनेका ठाउँमा भोट हाल्छन्। उनीहरू निरक्षर भएकाले र पत्रपत्रिका पढ्न

*गौमती, ५१ वर्ष* *नेपाल ८*

रिनपान नगरी गुजारा गर्नै गाह्रो हुन्छ। हलगोरुलाई पैसा तिर्नुपर्‍यो, रोपाइँमा पनि खर्चै हुन्छ। हुन त पैसा चाहिने मुख्य तीन महिनाका लागि हो। सकेसम्म हामी इष्टमित्रहरूसित सरसापट गरेर नै काम चलाउँछौँ, केही सीप लागेन भनेचाहिँ ब्याङ्कबाट रिन लिन्छौँ। ब्याङ्कको काम मेरो श्रीमान्ले हेर्नुहुन्छ ... मेरो विचारमा ब्याङ्कको ब्याजदर सयकडा चारजति होला। ब्याङ्कको काम एकदम सजिलो छ तर झन्झट पनि धेरै छ। ठ्याक्क भनेका बेला पैसा पुर्‍याउनुपर्छ। गाउँमा झन्झट हुँदैन तर सयकडा २० सम्म ब्याज तिर्नुपर्छ।

नसक्ने भएकाले नै हो यस्तो भएको। उनीहरू मिटिङमा जाँदैनन्, न त आफ्नावरिपरि के भइरहेको छ भन्ने कुरा नै बुझ्छन्।

संविधानले त बराबरको हक दिएको छ तर कतिपय कुरा व्यवहारमा लागू भएका छैनन्। समान हक र अधिकारका कुरा संविधानको संविधानमै छन् र महिलाहरू गाउँको गाउँमै।

## अलिकति प्रगति

गरिब महिलाहरूको काम झन् धेरै हुन्छ। तर गरिबका छोराले भने छोरीले जत्तिकै काम गर्नुपर्दछ। उनीहरूले ज्याला मजदुरी गरेर भए पनि घरपरिवारलाई भरथेग गर्नुपर्दछ। खासमा गरिबहरूकहाँ महिला र पुरुष समान देखिन्छन्। ससाना कुरामा पनि घरसल्लाह हुने गर्दछ।

महिलाहरूलाई सहयोग पुर्‍याउनका लागि ऋण उपलब्ध गराउन सकिन्छ तर उनीहरूका बाबु, दाजु र श्रीमान्ले सहमति नदिन पनि सक्छन्। घरको तालाचाबी सबै पुरुषहरूसितै हुन्छ त्यसैले महिलाहरूले लिएको ऋण तिर्न सक्छन् भनेर धेरैले पत्यारै गर्दैनन्।

## सुखी जीवनका लागि पैसा ?

काम गर्नका लागि नेपाली केटीहरू भारत जान थालेको २००७ सालतिर हो र त्यहाँदेखि यो क्रम निरन्तर चलिरहेको छ। बम्बईबाट राम्राराम्रा लुगा लाएर फर्केका केटीहरू देखेर यहाँका केटीहरू पनि लोभिन्छन्। उनीहरूका बाबुआमाले त्यस्ता लत्ताकपडा किनिदिन सक्दैनन्, त्यसैले उनीहरूलाई पनि आफैँ त्यस्तै राम्रा लुगा किन्नसक्ने हुन रहर लाग्छ। बम्बईबाट फर्केका केटीहरूले ल्याएको पैसा देखेर कतिलाई त उनीहरूकै आमाबाबुले नै पनि पठाउँछन्। उनीहरूको भनाइ नै छोरीलाई बम्बई पठाएर सुखी जीवनका लागि पैसा पाइन्छ भन्ने हुन्छ। अनि अर्का थरीलाई भने मानिसहरूले

*चेतना भनेको जथाभावी अर्काको सिको गर्नु होइन*

काठमाडौं लगेर बिहे गर्ने बहानाले फकाउँछन् र बम्बई पुऱ्याउँछन्।

उताबाट कसैकसैले एकदेखि डेढ लाख रुपियाँसम्म ल्याउँछन्। त्यसमध्ये धेरै त आफन्त र नातागोताका लागि लुगाफाटा र कोसेली किन्दै सकिन्छ। २५ प्रतिशतजति जग्गा किन्न र घर बनाउनमा खर्च हुन्छ। कति त काठमाडौंबाट हेलिकप्टरमा समेत गाउँ आउँछन्। तामाङहरूको परिवार र समुदायमा उनीहरूलाई राम्रो व्यवहार गरिन्छ। अरू, खास गरी बाहुन-छेत्रीले भने नराम्रो ठान्छन्। बम्बईबाट फर्केका धेरैजसो महिलाहरूको भने यहाँ बिहे पनि हुँदैन।

कसैकसैलाई एड्स भएको छ। यो, हाम्रो क्षेत्रमा भने १०-११ जना आइमाईहरूलाई रोग लागेको होला। यी महिलाहरू एड्सका र त्यसको रोकथामका बारेमा जानकारी बाँड्ने काम गर्छन्। उनीहरू आफूलाई जे भयोभयो, अब फर्काउन सकिँदैन तर अरू केटीहरूले त्यहाँ जानु हुँदैन भन्छन्। यो एकदम प्रभावकारी भएको छ। एकपटक उनीहरूले आफूलाई के भयो भन्ने कुरा बताएपछि त्यो दोहोऱ्याइरहनै पर्दैन। हामीले अरूबाट सुनेको कुरो त्यत्तिकै भनेको पनि त हुन सक्दछ तर उनीहरूले नै भनेको कुरो भने त्यस्तो होइन। उनीहरूले सुनाएका सबै कुरा सही हुन्।

## रीता

नेपाल ३०

*तामाङ समुदायकी युवती रीता दलालले फँसाएर कोठीमा बेचिएको र एउटा ग्राहकले आफ्नो उद्धार गरेको रामकहानी सुनाउँछिन्। उनी ती दिनमा आफू कस्ती सोझी थिएँ भन्ने कुरा सम्झिँदै आफू हीराको व्यापार गर्न भनेर भारत गएको कुरा बताउँछिन्। तर उनी अर्कै संसारमा पुगिन्। यिनै अत्यन्त पीडादायी अनुभवहरूका कारण उनी उनको वास्तविक उमेर २३ वर्षकी भन्दा परिपक्व र सहानुभूतिशील भएकी छन्। उनी हिजोआज काठमाडौंमा बस्छिन्, युवती र महिलाहरूका लागि सरसल्लाह दिने काम गर्छिन्।*

हाम्रो पहाड घर त गोर्खा हो। म दुई वर्षको हुँदा मेरो बाबा खस्नुभयो। त्यसपछि मेरो ममीले मलाई आन्टीकहाँ राखिदिनुभयो। उहाँले अर्को बिहे गर्नुभयो। दुई वर्षदेखि १८/१९ वर्ष हुँदासम्म आन्टीकोमैं बसें। आन्टिकोमा मलाई राम्रै भैरहेको थियो। तर सानैदेखि आफ्नो आमाको माया नपाएको, बाबाको माया पनि नपाएको। अब हुन्छ नि माया नपाएको। कसैले यसो अलिकति माया दिएको भए पनि सायद म पनि केही हुन्थें कि भनेजस्तो

लाग्थ्यो हैन ? अब आन्टीकोमा पनि मैले त्यति राम्रो माया पाउन सकिनँ, ममीको माया पनि पाउन नै सकिनँ, झन् बाबाको त कुरै छोडौं । त्यसपछि म सानैदेखि माया नपाएरै मायाको खोजीमा नै भौंतारिंदै हिँडिरहेको थिएँ । कसैले मलाई अलिकति माया दिए पनि हुन्थ्यो जस्तो भैरहेको थियो ।

## काठमाडौंको यात्रा

आर्थिक स्थिति कमजोर भएको कारणले गर्दा मैले पढ्न छोडिदिएँ । अनि एक जना दाइले मलाई काठमाडौंमा होटेलमा काम मिलाइदियो । त्यहाँ होटेलमा एउटा साथीसँग चिनजान भयो ऊचाहिँ डान्सर थियो मचाहिँ वेट्रेस थिएँ । बिहान १० बजेदेखि लिएर बेलुका १० बजेसम्म होटेलमा नै काम गर्नुपर्थ्यो ।

त्यसको केही महिनापश्चात् मेरो साथीले मलाई हेर म पनि कति दिनसम्म यो डान्स रेस्टुराँमा डान्स गरेर बस्ने र तिमी पनि कति दिनसम्म वेटर गरेर बस्ने भन्यो । अब हामीले पनि केही काम गरौं, केही व्यापार गरौं भनेर भन्यो । अनि उसले मैले दाइहरू चिनेको छ । त्यो दाइहरू एकदमै राम्रो दाइहरू हो र त्यो दाइहरू डाइमण्डको व्यापार गर्नुहुन्छ भनेर भन्यो साथीले । अनि मैले सोधेको त्यो दाइहरूलाई हामी केटीमान्छेलाई किन लानुहुन्छ, केटामान्छे जाँदैन ? भनेर । उनीहरूले केटामान्छेलाई जति केटीमान्छेलाई चेक हुँदैन त्यसकारण केटीमान्छेलाई लानुपर्छ भनेर भन्यो ।

साथीको विश्वासले र खास त अब साथीले त्यो दाइहरू कस्तो राम्रो छ र उसले राम्ररी चिनेको छ भन्यो । त्यसपछि ल त हुन्छ भनेर म गएँ । अनि चिया खान बस्दा उनीहरूले हामीलाई फान्टा दियो हैन ? फान्टा खाइसकेपछि कस्तो हुने के अब मान्छेलाई सायद विश्वास गर्न गाऱ्हो हुन्छ होला तर हामीलाई त्यो परेको छ । फान्टा पिएपछि निद्रा लाग्ने एकदमै ऊ हुने अनि त्यस्तो भयो । त्यसपछि हामी उनीहरूसँग गयौं । गैसकेपछि इन्डिया क्रस गऱ्यो ।

अनि हामीलाई एउटा एकदम ठूलो घरमा लिएर गयो एउटा मोटी आइमाई त्यहाँ बसिराखेको थियो । अनि हामीलाई एउटा भित्र कोठामा लगेर राख्यो । मलाई अलि डरजस्तो कस्तोकस्तो लागेकाले अनि मैले एउटा केटालाई हातमा समातेर राखिराखें । अनि पछि एक्कासि मेरो मनमा कस्तो शङ्का लाग्यो ... के ल अब हामी बेचिन लागेको त होइन जस्तो लाग्यो मलाई । त्यसको एक्कैछिन पछि त मोटी आइमाई आएर पाँचदस मिनेटपछि त्यो केटालाई लौ तिम्रो दाइले बोलाएको छ लौ हिँड भनेर मैले हातमा समातेर राखेको मान्छेलाई मेरो हातबाट छुटाएर उता लिएर गयो ।

तिमीहरू दुई जना यहीं बसिराख भनेर हामीलाई भनेर त्यो केटालाई लिएर गयो।

शङ्का गर्छ भनेर मेरो साथीलाई त्यहीं राखेर मलाई मात्र लिएर गयो। अनि मलाई अर्को घरमा लिएर गयो। मैले त्यो दिदीलाई सोधेँ खै त दाइहरू हुनुहुन्न त।

अनि त्यो केटीले त तिमीहरूको दाइहरू त अब कहिले पनि फर्केर आउँदैन भनेर भन्यो। अनि तिमीहरूलाई त उनीहरूले बेचेर गयो भनेर त्यस्तो भन्यो के अनि त म त पहाडबाट खसेजस्तो भएँ।

अनि मसँग मेरो नागरिकताहरू सबै थियो त्यो सबै नागरिताहरू पनि खोसे तिनीहरूले। अनि म भाग्न कोसिस गरिरहेको थिएँ। यो भाग्न लाग्यो भनेर थाहा भयो। दुईतीन जना मिलेर एकदमै पिट्यो आइमाई-आइमाईले। अनि भोलिपल्ट मलाई त्यो केटाहरूले सबैभन्दा पहिले बेचेको घरवालीले पछिको घरवालीलाई पहिलो घरवालीले मलाई त्यहाँ बेचेको थियो। पछिको घरवालीले पहिलेको घरवालीलाई बोलाएर, त्यो घरवालीले पनि मलाई एकदमै पिट्यो के। यत्रो लट्ठीले पिटेको त्यो लट्ठी नभाँचिउन्ज्यालसम्म मलाई पिट्यो। यस्तो नराम्रो हालत भएको थियो मेरो। तिनीहरूले मेरो टाउको यस्तो भित्तामा ठोक्काइदिने गरे। मलाई यस्तो भयो कि, त्यो बेलाको कुरा म अहिले भन्नै सक्दिनँ।

## परिस्थितिको सिकार

मैले दुईतीन दिनसम्म खाना पनि खाइनँ। धेरै कष्ट पनि खाएँ र बाध्य भएर त्यो काम गरेँ। सुरुमा चाहिँ एउटा मुसलमान आयो र हिँड भन्यो र गएँ अनि मलाई रुन मन लाग्यो के अनि म रोएँ र उसले भन्यो तिमी किन रोएको के भयो भनेर भन्यो। अनि मैले उसलाई भनेँ, मलाई यस्तो ठाउँमा बेच्यो। मलाई यहाँबाट निकाल्नुस् म यहाँबाट जान चाहन्छु, म यस्तो काम गर्दिनँ भनेर यस्तै गरी बोलेँ के ऊसँग। कोही मान्छेहरू त भलादमी हुन्छन्। पहिला सुरुमा आउने मान्छेलाई मैले सबै कुरा भनेँ, अनि उसले ए तिमी त पहिला सुरुमा आएको मान्छे रहेछ तिमी नयाँ रहेछ। तिमिलाई कसैले बेचेको रहेछ त्यसैले तिमीलाई म यस्तो काम गर्दिनँ।

त्यहाँको ग्राहक इन्डियन मात्रै हो। इन्डियनहरू, क्याम्पस पढ्नेहरू, स्कुल पढ्नेहरू, बिजनेसम्यानहरू, यस्तो मात्रै आउँथ्यो। दुई नम्बरको धन्दा गर्नेहरू आउँथ्यो। तर कोही त राम्रो टाइपको मान्छेहरू पनि आउँथ्यो।

मकहाँ आउने थुप्रै मान्छेहरूलाई भनेको थिएँ मलाई यहाँबाट निकाल म यहाँबाट जान चाहन्छु भनेर के। प्राय: मान्छेहरूले त्यहाँबाट निकाल्न

*धेरैजसो पहाडकै चेलीहरू बेचिएका छन्*

डराउँथे के। त्यहाँ नेपाली ग्राहकहरू कसैलाई पनि आउन दिँदैन। त्यहाँ नेपाली आयो भने, नेपालीलाई भन्छ भनेर पनि नेपालीलाई आउन दिँदैन।

अनिखेर, तीन महिनापश्चात् इन्डियन एउटा दाइ आयो। अनि उसलाई मैले सबै कुरा भनें। अनि उसले तिमी कहाँबाट आएको भनेर सोध्यो। सबै उसलाई भनें। अनि तिमीलाई म मद्दत गर्छु भनेर भन्यो र तिम्रो घरको ठेगाना देऊ भनेर भन्यो हैन। मैले उसलाई मेरो आफ्नो घरको ठेगाना दिएँ। त्यसपछि ऊ यहाँ माइती नेपालमा आयो। माइती नेपालमा आयो। माइती नेपालको अफिस बम्बईमा पनि छ। अनि बम्बईको बालकृष्ण अङ्कलहरूले हामीलाई निकाल्न आयो। मलाई बेचेको ठाउँमा अरू कत्ति दिदीबहीनीहरू छन्। मैले उनीहरूलाई अब हामी यहाँ नबस्ने हिँड हामी बरु नेपालमा नै गएर केही काम गर्ने। यस्तो काम नगर्ने हिँड जाऔँ भनेर मैले कत्ति भने, नयाँहरूचाहिँ आउन माने तर त्यहाँ बसेको पन्ध्रसोह्र वर्ष भैसकेका केटीहरू आउन मानेनन्।

उनीहरूले "हामी जाँदैनौं, हामी नेपालमा गएर के पाउँछौं, दुःखसिबाय केही पाउँदैनौं, हामीलाई यसरी बेचिसक्यो, हामी अब रण्डी भैसक्यौं, हामीलाई समाजले स्वीकार्दैन, हामी जाँदैनौं, गए पनि हामी पैसा लिएर मात्र जान्छौँ" भनेर त्यस्तो भन्छ के तिनीहरूले। अनि छापा मार्न आउने पुलिसहरूले पनि जान चाहनेलाई हामी लान तयार छौं तर जान मन नलाग्नेहरूलाई हामी लाँदैनौं भन्छन् के उनीहरूले पनि।

त्यसपछि हामी एक्काइस जना फर्किन मान्यौं। अनि मैले भनें बालकृष्ण सरलाई मेरो साथी त्यो घरमा पनि छ जानुस् त्यो मेरो साथीलाई पनि लिएर आउनुस् भनेर पठाएको थिएँ तर मेरो साथीलाई चाहिँ उनीहरूले भेट्टाउन सकेनछन्। पुलिस आएको थाहा पाएर उसलाई घरवालीले अन्तै लुकाइसकेछ। ऊ उतै छुट्यो। मलाई अहिले सम्झिँदा पनि कस्तो दुःख लाग्छ। मैले उसलाई छुटाउन सकिनँ। अनि पछि थाहा भयो अरू साथीहरूले भने मलाई मेरो साथीलाई त्यहाँबाट पनि अर्कै ठाउँमा बेचिदियो भनेर सुने मैले।

पुलिसहरू आउने बेला केटीहरूलाई लुकाउने ठाउँ नै, त्यो ठाउँ नै भिन्नै हुन्छ के तिनीहरूको। पुलिस आउनुभन्दा पहिला नै तिनीहरूले कसरी हो कसरी थाहा पाइसकेको हुन्छ। ... पैसा खुवाउँदो रै'छ उनीहरूलाई अनि मलाईचाहिँ के लाग्यो भने, ठूलो पुलिस आज आउँदै छ भनरे सानो पुलिसले खबर गर्ने रै'छ के।

**कोठीको हालत**

म त्यहाँ चार महिनाजति बसेँ होला। जब नयाँ केटीहरू आयो भनेचाहिँ धेरै ग्राहक आउँदो रै'छ। दिनमा बीसपच्चीस जना ग्राहक राख्नुपर्ने के त्यस्तो। त्यसबाट हामीलाई एक पैसा पनि दिँदैन, ग्राहकले हामीलाई छुट्टै दियो भने मात्र हो। त्यो पनि आफूले लुकाएर राख्यो भने मात्र हो।

दिनको बीसपच्चीस जना ग्राहक हुदाँ आफूलाई सुत्ने, आराम गर्ने टाइम पाउन पनि धेरै गाऱ्हो हुन्थ्यो। बिहान पाँच बजेदेखि लिएर राती एक बजेसम्म ग्राहकहरू राख्नुपर्थ्यो हैन। कस्तो हुने हामीलाई त अनि भिटामिन औषधिहरू दिने, घरवालीले यस्तो सुईहरू लगाइदिने, यस्तो गर्थ्यो के। अनि हामीलाई दुख्थ्यो नि, हामीलाई तल एकदम दुख्थ्यो नि हैन?

सबै नेपाली छ त्यहाँ। सबै नेपालकै सिन्धुपाल्चोकको, नुवाकोटको। केटीहरू त्यहाँबाट निस्कन सक्दैन, त्यहाँ त्यस्तो झ्यालढोकामा फलामको ग्रिल मात्रै हुन्छ त्यहाँ, त्यस्तो झ्यालमा ग्रिल हुन्छ, ढोका एउटै मात्रै हुन्छ, आउनेजाने, यतापट्टि पाले उत्तापट्टि पाले केटा मान्छे राखेको हुन्छ। चौबीसै घण्टा घरवाली बाहिर बसिराखेको हुन्छ। अनि त्यहाँभित्रका केटीहरूलाई साथी पनि बनाउन नहुने। मैले एक जना केटीलाई साथी बनाएको थिएँ, घरवालीले मलाई एकदम पिट्यो।

अब हामीलाई कहिले थाहा थिएन एच.आई.भी. एड्सको बारेमा। बिनाकन्डममा गऱ्यो भने प्रेगनेन्ट हुन्छ भन्ने थाहा थियो हामीलाई, त्यस्तो अरू थाहा थिएन। सबैले कन्डम प्रयोग गर्थे। कतिले कण्डम प्रयोग नगर्ने भनेर आउँछ हगि, तर हामी मान्दैनथ्यौँ। त्यस्तोलाई लिँदैनथ्यौँ। त्यहाँ के गर्दो रहेछ भने त्यस्तो रोग भएकोलाई चाहिँ घर पठाइदिँदो रै'छ।

कस्टमर लिन मानेन भनेचाहिँ पिटाइ खाने। मेरो शरीरमा तलदेखि माथिसम्म जीउमा एउटा पनि खाली नकुटेको ठाउँ थिएन। सबै ठाउँमा नीलोनीलो डाम जीउभरि नै। अनि पहिला पिट्नुसम्म पिटेपछि चाहिँ कोही कष्टमरले के भएको भनेर सोध्यो भने पिटेको भनेर नभन्नु म भऱ्याङबाट लडेको भन्नु भन्थ्यो के। अनि औषधि पाउँदो रहेछ त्यो दाग जाने औषधि अनि तिनीहरूले नै औषधि लगाइदिन्थ्यो मलाई के।

अनपढ मात्र बेचिन्छन् भन्नु गलत हो। किनकि धेरै पढेकाहरू पनि बेचिइराखेको छ। त्यहाँ धेरै पढेलेखेका केटीहरू पनि बेचिएका छन्। कतिलाई अब बिहे गरेर लान्छ अनि बेच्छ। अब हामीलाई त बिहे गरेर लगेको पनि होइन। हामीलाई त बहिनी बनाएर लगेको। म त खास साथीको विश्वासले गर्दा त्यस्तो भएको हो।

काठमाडौँको केटीहरू पनि त्यहाँ पुगेको छ। धेरैजसो क्याबिन रेस्टुरेन्टमा

*केटीहरूलाई फकाएर र फुक्याएर त्यहाँ पुऱ्याइन्छ*

काम गर्नेहरू त्यहाँ पुगेको छ। हुन त क्याबिन रेष्टुरेन्टमा काम गर्नेहरू पनि सबैजसो पहाडबाटै काठमाडौँ आएर काम गर्नेहरू हुन्छ। अनि त्यसपछि त्यहाँ एकदम पहाडको केटीहरू बेचिएको छ। मलाईजस्तै फकाएर फुक्याएर यस्तै गरी लगेको हो।

**"मलाईचाहिँ आफू भाग्यमानीजस्तो लाग्छ"**

मलाई इन्डियामा लगेर बेचेपछि मलाई नेपालीले नै लगेर बेचेको हुनाले नेपाली देखेर एकदमै घृणा लाग्न थालेको थियो के मलाई। त्यहाँबाट फर्केपछि मलाई नेपाली मान्छेहरू देखेर पनि एकदमै रिस उठ्थ्यो। तर माइती नेपालमा छ महिनासम्म हामीलाई ट्रेनिङ हुँदो रै'छ हैन। छ महिनासम्म ट्रेनिङ गऱ्यो के। आजभन्दा भोलिभन्दा साथीहरूसित पनि घुलमेल गर्न मन लाग्यो।

माइती नेपालमा छ महिना सिलाइकटाइ तालिम हुन्छ। अनि यसो झोलाहरू बुन्ने, पोतेहरू उन्ने, तानहरू त्यस्तो हुन्छ। बोल्नेहरू पनि ट्रेनिङ हुन्छ, पढाइहरू पनि हुन्छ, अनि काउन्सिलिङ गर्ने। अहिले म यहीँ काउन्सिलरको काम गर्छु। त्यसरी बेचिएर फर्केकाहरूको मनमा धेरै दुःखपीडाहरू भैराखेको हुन्छ। कसैलाई पनि भन्न र बाँड्न सकिराखेको हुँदैन। हामी गएर उनीहरूको मनको कुरा खोतलेर अलिकता हलुङ्गो हुन्छ कि भनेर उनीहरूसँग कुरा गर्छौं उनीहरूलाई सम्झाउँछौँ।

हामी नेपालमा फर्केपछि यहाँको वकिल पुलिसले कस्तो गर्छ हामीलाई। कस्तो गरेर सोध्छ त्यसले त झन् घाउमाथि घाउ बनाउँछ। उनीहरूले यस्तो ठानेर सोध्छ के हामीलाई यिनीहरूचाहिँ आफू जानीजानी गएको हो। अब म उताबाट फर्केर यो जावालाखेल पुलिस स्टेसनमा केटामान्छेले जाहेरी लेख्दाखेरि अरू कति केटामान्छेहरू पनि थियो हैन। हामीलाई न्याय दिनु त कताकता उल्टै हामीलाई सबैको अगाडि कति जनासँग कसरी सुतिस् भन्नेजस्तो प्रश्न गरेर सबैको अगाडि बेइज्जत गरिदिन्छ। यसले गर्दा झन् दुःख लाग्छ।

तर अरूको दाँजोमा चाहिँ म भाग्यमानीजस्तो लाग्छ। अरूहरूलाई एच.आई.भी. एड्स रोग लागेको छ तर मलाई त्यस्तो भएको छैन। ... जिन्दगीमा एउटा सहारा चाहिन्छ। मेरो दुःखहरू, मेरो घटनाहरू, कसैले बुझिदियो, उसले मलाई सबै बुझेर पनि स्वीकार्छ भने, म बिहे गर्छु।

## अनामिका

नेपाल २६

*यी आफ्नो नाम खोल्न नचाहने २८ वर्षीया गुरुङ महिला आफ्नो परिवारका केही सदस्यहरू माओवादीका समर्थक भएको र कोही भने तिनीहरूको आक्रमणमा नै परेको बताउँछिन् । उनी माओवादीका केही कुराप्रति सहानुभूतिशील देखिए तापनि उनीहरूका 'धेरै कमजोरीहरू' पनि देख्छिन् र माओवादी र सरकार दुवैतिरबाट भएको निर्दोष व्यक्तिहरूको हत्याप्रति दुःख व्यक्त गर्छिन्; उनकी नन्द पनि प्रहरीको गोलीबाट मारिएकी थिइन् । उनी अहिले सुरक्षाको खोजीमा पहाडघर लमजुङ छाडेर चितवनमा बस्तै आएकी छन् ।*

मेरो कान्छी नन्द एक जना हुनुहुन्थ्यो, बिहे नभएको । उहाँ पहिलापहिला सरकारी स्कुलहरूमा फिस घटाउनुपर्छ र सर्वसाधारणले पढ्न पाउनुपर्छ भनेर आन्दोलनमा लाग्नुभएको थियो । उहाँको माओवादीप्रति झुकाव थियो नै । हाम्रो घर भएको भोर्लेटार एरिया भनेको माओवादीकै एरिया हो । अब आए होलान् माओवादीहरू हाम्रो घरमा पनि । माओवादी आउनेजाने गरेपछि प्रभाव त परिहाल्छ । त्यसरी उहाँ विद्यार्थी आन्दोलनमा हिँड्नुभो ।

हाम्रो गाउँको स्कुलमा ठूलो आमसभा भएको थियो अरे । सर्वसाधारण गरिबका छोराछोरीले पनि पढ्न पाउनुपर्छ भनेर कार्यक्रम लिएर गएका थिए अरे । त्यो कार्यक्रममा मेरो नन्द पनि हुनुहुन्थ्यो । कार्यक्रम सकेपछि पानी खान जानुभएछ । कसले के लाइदियो, थाहा छैन तर उहाँले पानी खाइरहनुभएकै अवस्थामा उहाँ समातिनुभएछ । साथीहरूलाई पनि पानी खुवाउँछु भनेर हातमा दुईओटा तुम्लेट लिएर आउँदाखेरि उहाँ समातिनुभएछ ।

समातिएपछि प्रहरीले लुगा खोल्न भन्यो अरे है । अनि उहाँलाई गोली हानेर मारेछ । त्योचाहिँ मैले देखिनँ । त्यहाँको त्यो घटना देख्ने स्थानीय व्यक्तिले भनेको । पछि हामी लास लिन गयौँ । त्यहाँ स्थानीय गुरुङ समाज थियो । एक जना गुरुङ दाइले देख्नु भएको । बीचमा के कुरा भयो, त्यो उहाँले पनि सुन्न सक्नुभएन । तर दुइपट्टि पाखुरामा समातेर गोली हानेको रे त्यो नानीलाई ।

त्यसभन्दा अघि सायद माओवादीहरू जुन प्रहरीहरूबाट मारिएका मान्छेहरू थियो, तिनीहरूको लास लिन गएको थिएन । हामीले पनि सुनेको थिएन । हाम्रो नारायणगढमा पुस्तक, पत्रपत्रिका पसल थियो । उक्त पसल मैले चलाइराखेको थिएँ । त्यस्तो घटना सुनिएको थिएन । त्यो नै पहिलो घटना होला, जनताले प्रहरीहरूबाट मारिएका आफन्तको लास ल्याएर अन्तेष्टि गरेको । हाम्रो बहिनीको लास नै पहिलो हुनुपर्छ त्यो ।

लास लिन हाम्रो गाउँलेहरू सबै गए। गाउँलेहरूले यो आफ्नै चेलीबेटी हो, छोरी हो भने। त्यहाँ त्यो काङ्ग्रेस, यो कम्युनिस्ट भन्ने नै रहेन। सबै जना उर्लिएर गए। लास लिएर आइयो। लास ल्याएपछि त सरकारको निम्ति चुनौती नै भयो। त्यहाँ इलाका प्रहरी कार्यालय छ भोर्लेटारमा। त्यहाँको हेर्ने मान्छेचाहिँ इन्सपेक्टर हुनुहुँदो रहेछ। पछि लास लिन जानेहरूलाई "तिमीहरू सबै माओवादीको लास लिन गएका। तिमीहरू



*सर्वसाधारण नेपालीहरू सुरक्षाकर्मी र माओवादीको दोहोरो मारमा परेका छन्।*

सबैलाई म चिसो छिँडीमा थुन्छु। मार्न मन लागेकोलाई मार्छु" भन्यो अरे गाउँलेहरूलाई। त्यसको लगत्तै त्यस घटनाको प्रभावबाट हुनसक्छ बदला लिएको पनि हुन सक्छ, हाम्रो भोर्लेटारमा अर्को एउटा घटना घट्यो। इलाका प्रहरी कार्यालयमा माओवादीहरूले आक्रमण गर्दा नौ जना प्रहरीहरूचाहिँ मऱ्यो। बरु ठीकै गऱ्यो माओवादीले भन्ने कुरा पनि भयो त्यति बेला त्यहाँ। त्यसपछि त्यहाँ प्रशासनले केही पनि गर्न सकेन।

**"ज्यान मार्ने अभ्यास"**

म त कहिलेकाहीँ मात्र घर जान्छु। मेरा श्रीमान् पनि बाहिरै पत्रकारिता पेसा गर्नुहुन्छ। उहाँलाई पनि अस्ति सेनाले थुन्यो। उहाँलाई २८ दिनै आँखामा पट्टी बाँधेर राखेछ। उहाँलाई चाहिँ तेरो घरको मान्छेहरू सबै माओवादीमा छन् ती कहाँ छन् र अरू कोको माओवादी हुन् देखा भनेर कुटेका रहेछन्। उहाँ ब्यारेकबाट फर्केपछि पनि बिरामीजस्तै हुनुहुन्छ। उहाँलाई सेनाले लौरोले र लात्ताले पिटेको रहेछ। पिट्नसम्म पिटेर उहाँ बेहोस भएपछि तिनीहरूले पानी खन्याइदिँदो रहेछ। अनि मात्र उहाँ बिउँझनु हुन्थ्यो रे। मेरो दुई जना ससाना छोरीहरू छन्। हामी यहाँ डेरामा बस्छौँ। कस्तो गाह्रो भयो मलाई!

मेरो माइती पनि माओवादी एरियामा नै पर्छ। माओवादीले मेरी आमासित पाँच पाथी धान मागेको थियो रे। अनि मेरो ठुल्दाइको परिवार मा पनि तिनीहरूले पैसा मागेछ। त्यसपछि उहाँ घर बस्नुभएन। काठमाडौँतिर हुनुहुन्छ रे अहिले। ठुल्दाइले हाम्री एक जना टुहुरी दिदी पर्नेलाई पालेर राखेको थियो तर त्यो दिदीको सम्पति नै खाइदिनुभयो र उहाँलाई राम्रोसँग राख्नु पनि भएन। त्यस्तो मान्छेलाई चाहिँ माओवादीले कारबाही गर्नैपर्ने मान्छेजस्तो लाग्छ मेरो आफ्नै दाइ पर्ने मान्छे भए पनि। उहाँलाई माओवादीले मात्र होइन जसले पनि कारबाही गर्नुपर्छ त्यस्तो एक जना टुहुरीलाई अत्याचार गर्नेलाई।

माओवादीले जे गऱ्यो सबै ठीक छ भन्ने पक्षमा म पनि होइन। उनीहरूका पनि धेरै कमीकमजोरीहरू छन्। माओवादीहरूले पनि सर्वसाधारणलाई ट्याक्स लगाउने, पाँच पाथी धान उठाउने भनेको नि राम्रो होइन। अब गरिबलाई पाँच पाथी धानले दुई चार दिन खान पुग्छ। यस्तो गर्नु पनि नराम्रो हो। अब होला एउटा दुइटाले माओवादीको छुस्की प्रहरीलाई लाउने गऱ्यो होला त्यही निहुँमा सामान्य जनतालाई मार्नु राम्रो होइन। तर कतिलाई सेना र प्रहरीले माओवादी को हो देखा भन्दै पिटेर मार्छु भनेपछि त्यो मान्छेले कोही न कोहीलाई यो माओवादी हो

*दुःख पाउने त गरिब मात्रै हुन्*

भनेर देखाएपछि आफू बच्छु भनेर पनि त्यतिकै यो माओवादी हो भनिदिएको हुन सक्छ।

सर्वसाधारणलाई मार्ने चलनचैं दुईतिरकै राम्रो होइन। अब माओवादी भन्दै सर्वसाधारणलाई पनि त्यसरी नै मारेको त होला। अनि समाचारमा दोहोरो भिडन्तमा मरेको भन्छ जस्तो लाग्छ मलाई त। यति जना माओवादीलाई हतियारसहित माऱ्यो भनेको समाचार मलाई विश्वास लाग्दैन। किनभने हाम्रै आँखाअगाडि यो चितवनको गौरीगन्जमा अस्ति एउटा घटना घट्यो।

हाम्रै आँखाअगाडि भनेर म त्यहाँ घटना हेर्न प्रत्यक्ष त थिइनँ। तैपनि मेरो नजिकको आफन्त त्यहाँ थियो। मकै छर्ने बेला थियो। के भएछ भने सेनाहरूचाहिँ माओवादीको भेष धारण गरेर माओवादीको कार्यक्रम गर्न थाल्यो रे त्यहाँ। चौतारी नजिकै थियो। सेनाले माओवादी भएर चौतारीमा गएर "ल आउनुस् कमरेडहरू, देशमा यस्तो भइरहेको छ। यस्तो समस्या समाधान गर्नुपर्छ। हामी तपाईंहरूलाई यसैको जानकारी दिन आएका हौं।" अनि हामीले यस्तो गर्नुपर्छ उस्तो गर्नुपर्छ भनेर भाषण दिएछ। अनि त्यो भाषण सुनेर त्यहाँका स्थानीय मानिसहरू सबै जम्मा भएछ। महिला, केटाकेटी पुरुष जम्मै त्यहाँ भेला भएछ। अनि सबै जना जम्मा भइसकेपछि सरर सेनाको गाडीहरू र सेनाहरू गएर त्यो ठाउँलाई कब्जा गरेछ। पूरै त्यो एरिया नै कब्जा गर्न थालेपछि कोही डराए, कोही चिच्याउन थाले, कोही रुन थाले। त्यसैले गर्दा केही मान्छेहरू दौडेर भाग्न खोजेछ।

त्यसपछि सेनाले भाग्नेहरूलाई गोली ठोकेछ। हामीले चिनेको एक जना मान्छे पनि मऱ्यो। त्यो मान्छे एक्लो छोरो थियो विचरा। दिनभरि खेतमा मल छरेको त्यो गोली लागेर मर्दा पनि हातभरि मलैमल थियो उसको। अनि ऊचाहिँ लुक्न गएको ट्याक्टर भएको घरमुनि। म नि लुक्छु भनेर ट्याक्टर भएको घरमा लुक्न जाँदा सेनाले गएर योचाहिँ पक्का माओवादी

---

***ताराकुमारी, २५ वर्ष*** *नेपाल १५*

आफ्ना छोराछोरीलाई खुवाउन नसकेपछि अरू उपाय नलागेपछि त हो नि एउटी आइमाईमान्छेले ज्याला मजदुरी गर्ने। गाउँलेहरूले बोलाउँछन्। उनीहरू (पनि) गरिब भएकाले यनीहरूलाई बोलाएपछि ऊ आउँछे र खेतबारीमा परिआएका सबै, खन्ने, रोप्ने, गोड्ने, काम गर्छे भन्ने थाहा छ। महिलाहरू सबै काम गर्न सक्छन्। घर बनाउने काम, ढुङ्गामाटो ओसार्ने ...। यसरी उनीहरू अलिकति ज्याला जोगाएर राख्छन् अनि लोग्नले सोधे घरखर्चमा खर्च भइसक्यो भन्छन्।

---

*विकासको काम सबै ठप्प भएको छ*

हो भनेर उसलाई गएर गोली हानेछ र ऊ मऱ्यो। त्यो केटा त्यस्तै ३२, ३३ वर्षको होला।

मेरो दिदीहरूले राम्रै चिन्ने मान्छे हो। त्यसपछि बेलुकाको समाचार सुन्यौं हामीले त्यो घटना घटेपछि। समाचारमा सुन्दाखेरि चितवनमा एक जना आतङ्ककारीको भिडन्तमा मृत्यु भन्ने समाचार सुन्यो।

त्यो समाचार सुनिसकेपछि त्यहाँका स्थानीय जनता त्यो ठाउँ अहिले कस्तो भएको छ रे भने त्यो टोलचाहिँ बागलुङे समाज हो र उनीहरू काङ्ग्रेस भनेर त्यस्तो कट्टरचाहिँ होइन तर भोटचाहिँ काङ्ग्रेसलाई दिने खाले हो। तर अबको चुनावमा काङ्ग्रेसले त्यहाँबाट भोट पाउँदैन। त्यहाँकाहरूले भन्न थालेका छन् हाम्रो आँखाअगाडि मारेर समाचारमा भिडन्तमा मारिएको भन्छन्। सरकार काङ्ग्रेसकै हो नि। अब हामी कसैलाई भोट दिन जाँदैनौं भन्ने अवस्थामा पुगेका छन् त्यहाँका जनता।

अब समग्रमा भन्दाखेरि छ वर्षमा गाउँघरमा धेरै नै फरक आयो। पहिलाजस्तो जीवन सजिलो र सुरक्षित छैन पहाडमा। खेतीपाती गर्ने र कमाउने उमेरका मानिसहरू जङ्गल पसेपछि उत्पादन घट्यो। गाउँमा विकास ठप्प छ। उत्पादन भएको धान माओवादी समस्याले गर्दा बजारमा ल्याएर बेच्न सकेको छैन अब दुईचार वर्षदेखि। धानको भाउ घटेको छ। गाउँका युवाहरू विदेशिँदै छन्। अब गाउँमा बस्न सक्ने अवस्था नै छैन। धेरै मान्छेहरू विस्थापित भए।

पहिला गाउँमा अलिकति केही गल्ती कमजोरी गरेको मान्छे गाउँमा बस्न सक्ने अवस्था नै छैन। गरिव सर्वसाधारणहरू बसे पनि ती माओवादी र सेना दुवैसँग डराइडराइ बसेका छन्। अहिले सङ्कटकालमा त सेना र प्रशासनको डर छ। अब के गर्ने हुन् तिनीहरूले भनेर। भाग्न सक्ने र भाग्न हुनेहरू भागिहाले गाउँबाट। अब गरिबहरू अझै बसेका छन्। आखिर पीडित त गरिबहरू नै भयो।

## दुर्गाकुमारी

नेपाल २५

*"५० नाघिसकेकी" दुर्गाकुमारीले "एक खोलापारि" नुवाकोटमा रहेको आफ्नो माइतीघर देखाउँदै कुरा सुरु गरिन्। उनी एकदम सानै छँदा उनकी आमा बितेकी थिइन्, "१६ कि १७" हुँदा बिहे गर्नका लागि उनले घर छाड्न् र छ जना छोराछोरी पाइन्। उनलाई आफ्ना केटचौले उमेरका तीन जना छोराहरूलाई केही होला कि भनेर असाध्य पीर लाग्छ। उनलाई त्यत्तिकै पीर लागेको होइन, उनले उनका दुई जना ज्वाईंसमेत गाउँका कति मानिसहरू सेना र माओवादीको मारामारमा परेका देखेकी छन्।*

ठूलो कुलो ल्याएपछि गाउँलाई एकदमै सुविधा भएको छ। खेती पनि राम्रो भएको छ। पहिला एक बाली मात्र लाउँथ्यो र अहिले दुईतीन बाली आयो नि। दुई बाली धान हुन थालेको अहिलेचाहिँ भयो होला छसात वर्षजति। पहिले त त्यही मकै, कोदो हो। अहिले गहुँ, तोरी, धान बढाए। पानीले भाको हो त्यो। पहिला तरकारी लगाउने चलन थिएन। पानी थिएन कहाँबाट लगाउने। पानी नभएपछि कहाँबाट के हुनु।

सिँचाइ कल्ले ल्याइदिन्थ्यो र? आफूआफूले ल्याएको। आफूआफू पैसा हाल्दै लग्यो यसो गरेपछि अहिले सिँचाइचाहिँ हिउँदै नि भयो बर्खे नि भयो। त्यसो भएर गाउँमा पहिले सुख नै छ नि पहिलेभन्दा धेरै सुख छ। पहिलाको व्यवस्था नराम्रो थियो गयो अहिलेको व्यवस्था त राम्रै छ।



*अलिअलि प्रगति भएको थियो त्यो पनि गयो*

*छोरा मारिएलान् कि भनेर साह्रै डर लाग्छ*

अर्को फेरि माओवादीले गर्दा दु:ख दियो।

खै कोही मार्‍यो भन्छ कोही के भन्छ कोही यसो लुटेर खाने भन्छ। कति दु:ख दिइसक्या छन्। मलाई नदिए पनि मेरो ज्वाईंलाई आर्मीले लगेर दु:ख दिनसम्म दिए। भवन, टेलिफोन केके बिगारे तिनीहरूले। गाविस भवनमा हाने। ठूलो सामान बिगारिहालेछ। स्कुल, पढ्ने भुरालाई चाहिँ केही गर्‍या छैन। पुल, टेलिफोन हान्दियो कति अरू ठाउँमा हान्यो। पुल त गाउँलेले बनायो नि। तर टेलिफोनचाहिँ के पाँच वर्ष बन्दैन भन्छ।

अहिले फोन नहुदाँ हात भाँच्याजस्ता भा छ। भएन त अब? सहरको सन्चो बिसन्चो केही थाहा भएन। काठमाडौं जाँदा बाटामा पाँचछ ठाउँमा आर्मीले चेक गर्छ। अब उनीहरूले दु:ख त दिँदैन। तर दु:ख त अब जाँदाखेरि ठाउँठाउँमा बसबाट ओर्लनुपर्‍यो, बस्नुपर्‍यो दु:ख यसै गरी हुन्छ। गएपछि सरासरी जान पाएन। पहिला त आनन्द थियो आर्मीले यसो बसमा हेरेर फर्किहाल्थ्यो। हामीले काठमाडौं जान उनीहरूको क्याम्पकै बाटोबाट हिँडनुपर्छ। अहिले त बसबाट ओर्ली भन्छ। झोला देखा भन्छ। सिटमा झोला त राख्न पाउन्न। जुरोसमेत खोल्न लगायो भन्छन् नि अस्ति कपालसमेत खोल्न लायो रे अरू आइमाईहरूको जुरोमा केही लुकाको छ कि भनेर यहाँबाट काठमाडौं पुग्न पहिलेभन्दा धेरै बढी समय लाग्छ।

भुरालाई डर भयो। पढ्न जान नि डर हुन्छ भन्छ, माओवादीले समातेर लाने हो कि भन्ने लाग्छ। अहिलेसम्म त हाम्रा भुरालाई उनीहरूले केही भन्न आएका छैनन्। तर पनि डर त लाग्छ नि आफ्नो कोही छैनन् छोरीहरूलाई बिहे गरिदिहालें। आफू मरे त केही डर छैन। छोराहरू मर्‍यो भने, उनीहरूलाई माओवादी र पुलिसले लग्यो भने त डर भयो नि। उनीहरूकै आशामा बस्नुपर्ने। एउटा १८ वर्ष लाग्यो। एउटा १६ वर्ष लाग्यो। अर्को १३ वर्ष।

**सबै विकास भताभुङ्ग भएको छ**

अहिले हाम्रो गाउँमा माओवादी लागेको वर्ष दिनजति भयो। हामीले खोलेका त्यस्तो महिला बचत समूह सबै भताभुङ्ग बनाइदियो। सुरुमा २०/३० जनाजति भेला भएर गाउँमा महिला समूह गठन गरेको तीन वर्षजति भयो। मैले पनि हाम्रै समूहको पाँच हजार रुपियाँ ऋण लिएको हो, बाहिरबाट लिनुपरेन। तर अहिले माओवादी आएर गोली ताक्न आउँछ। यसरी बैठक बस्नु हुँदैन भनेर र केही कार्यक्रम पनि गर्न दिँदैन र हामीलाई बैठक बस्न पनि दिँदैन।

हाम्रो समूह राम्रैसँग चलेको थियो। अहिले हामी सबै सदस्यहरूको

*सबै आपसमै मारामार गरिरहेका छन्*

११/११ सय जम्मा भा छ रे भन्थ्यो। हामी सात दिनमा पाँच रुपियाँ जम्मा गर्थ्यौं र सातसात दिनको पालो थियो पैसा जम्मा गर्ने। अब डरले आआफ्नो पैसा कतिले चाहिँ लगिहाल्यो। २२ जनामा अहिले जम्मा नौ जना मात्र बाँकी छ समूहमा।

माओवादीले हाम्रो समूहको भवन पनि जलाइदियो। १४ गते राति समूहलाई पैसा नदिनु र हामीलाई दिनुपर्छ भनेर ढोकामा लात्ताले हान्यो। यसो बाखा किनेर केही व्यापार गरेर केही न केही त फाइदा हुन्थ्यो होला नि। बनाउँदै लाँदा ठूलै गर्न सकिन्थ्यो होला भनौं न। पहिला सानो राख्ने पछि त ठूलो हुन्थ्यो होला नि। मैले पनि बाखा किनेर पालें, कुखुरा किनेर पालें, सबैले अलिअलि गरे। अलिअलि प्रगति गर्न पाथ्यो। त्यो पनि छैन अहिले।

**दोहोरो मारमा**

खै, आर्मी, पुलिस पनि गा'छैन। त्यही हो एकदुई दिनचाहिँ यसो आएर ज्यामरुम धेरैलाई समातेर लगे। फेरि अब माओवादीहरू नारा लगाएर रातभरि हिँडेको हिँड्यै गर्छन्। बेसकन कराउँछन्। हाम्रो माग पूरा होस् अरू केके हो यस्तैयस्तै भन्छन्। डरलाग्दो स्थिति भा'को छ त।

आर्मी पुलिसले गाउँको ३५ जनाजति लग्यो रे भन्ने सुन्छु। मेरो आफ्नै ज्वाईं पनि पऱ्यो। मेरो ज्वाईंचाहिँ खेतीपाती गर्ने। विचरो के राजनीति गर्नु नि। त्यही हलो जोत्नु बस्नु त हो नि। पढ्या त छैन के राजनीति गर्नु? बालखैमा बाबु मऱ्या रे। पाँचछ जना पालेर बस्या रे के पढ्नु के राजनीति गर्नु विचरा केही त थाहा छैन।

पुलिसले कुटेको छ रे। तर मेरो ज्वाईं त हिडिँरहनु भा'छ तर गाउँको मास्टरलाई त धुनधानै कुटेको छ। टेक्नै नहुने गरी कुटेको रे। अब स्कुलमा मास्टर पनि छैन पढाउने।

माओवादीले मेरो अर्को ज्वाईंको हातखुट्टा भाँचेर काठमाडौं अस्पतालमा नै छन् क्यारे अहिलेसम्म पनि हातखुट्टा चलेको छैन रे। उसको घरको परिवारलाई पनि कुटेर लखटेर बस्नु देको छैन गाउँमा। अब जे गरे पनि केही गर्न सक्दैनन् त्यस्तै भैराखेको छ नि।

घनले हानेको रे थ्यालथ्याल पारेर केहीकेही नराखेको। अनि गाउँ नै छाडेर जानुपऱ्यो। बस्नु नै दिएनन् गाउँमा नदिएपछि गाउँको जग्गा सबै अर्काले खाएको छ। बच्चाहरूलाई पढ्न जान र जाँच दिन पनि दिएनन्। माइतीबाट पनि लखटेका रे केटीहरूलाई। खै, पहिले गाउँमा राम्रो नगऱ्या रे भन्छन्। आफूलाई थाहा भएन। अब उनीहरूले राम्रो गऱ्या नराम्रो

गऱ्या आफूलाई याद भएन। त्यति बेला उनीहरूले गरेजस्तो आफूलाई लाग्दैन।

### भत्किएको विश्वास

बढ्ता भयो भने माओवादीले लान्छ रे। त्यस्तो भएपछि मान्छेहरूले खेती गर्न पनि छोड्ने भयो हैन। हुन त छोड्न पनि मिलेन के गर्ने खानु परिगो। माओवादीले आफैं शासन चलाउन लागेका होला नि। तर राजालाई सिध्याउनुपऱ्यो रे। अहिले त यस्तो गरेर हिँडेकाछन् पछि के होला थाहा नभएको कुरा के राम्रो हुनु ?

अब गाउँको सबै जना दाजुभाइ दिदीबहिनीजस्तै मान्छे अहिले सबै जना आफैंआफैं लडिरहेजस्तो लाग्छ। तर हाम्रो गाउँको त कोही पनि गएको छैन। अब नदेखिने गरी कोको गए त्योचाहिँ थाहा छैन। देखिने गरी थाहा छैन। थाहै छैन अब उनीहरूले हो भन्दैन। हामीले हो भन्न पनि हाम्रो अधिकार पनि छैन।

## सोमा

नेपाल २८

*काभ्रेको रैलेगाउँकी ७४ वर्षीया सोमा तामाङ उहिलेका दुःखका कुरा सम्भेर धर्धरी आँसु बगाउँछिन्। उनका सात जना छोराछोरीमध्येका एउटै छोरा र दुइटी छोरी सानैमा खसे। गाउँका महिलाहरूले दाउरा बेच्ने गरेका दिनका उनका सम्झनाबाट त्यस बेलाको वनमाथिको चाप पनि स्पष्ट हुन्छ। हिजोआज, उनी भन्छिन्, "धेरै सुविधा थपिएको छ" तर माओवादीको डरले मात्र बाँचिनसक्नु भएको छ।*

हामी त अब दिनैभरि काम गऱ्यो यही बालक छोराछोरी थियो। यत्रो लौ काम गर घाँससास हाल बस्तुलाई। हामी रातभरि जङ्गलमा गएर दाउरा काट्थ्यो। दाउराको भारी बोकेर गयो ४ बजे बिहानै गयो। अनि अँध्यारोमा हिँड्यो दाउरा बोकेर बेच्न भादगाउँमा पाँच मोहरमा दाउरा बेच्यो। पाँच मोहरमा दाउरा बेचेर अनि त्यो पनि फेरि अनि डराउनुपर्ने। त्यो वनपाले हामीलाई दाउरा काट्न जाँदा भेट्यो भने लौ हिँड गोदाउरी हिँड भन्ने होगि। हामीलाई लौ चोरहरू भन्थ्यो। अनि मेरो पालो त्यसलाई तर्साउन यत्रो लौरौ घुमायो। गुहार भन्दै कराउँदै लौरो घुमायो। हामी जङ्गलमा दाउरा खोज्न जाने ६०, ७० जना हुने। अब कतिखेर भने हामी बिहान एक फेरा दाउरा ल्याउँथ्यौं। अनि खानपीन गऱ्यो बस्तुधन्दा गऱ्यो।

अनि फेरि दिउँसो एक भारी ल्यायो र खाना खायो अनि त्यो दाउरा बेच्न भादगाउँमै जाने ।

भादगाउँ पुग्नलाई अब एक कोश आधा छ । बिहान साढे ५ बजे एक ठाउँमा पुग्यो होगि । त्यहाँबाट सबै जना जम्मा पारेर गयो । अनि त भादगाउँ पुग्दाखेरि हामीलाई त्यही हो ११ बजे १२ बजे पुग्छ । त्यसरी दाउरा बोकेर जाँदा यताबाट आउँछ वनपाले उताबाट आउँछ होगि । वनपालेलाई छल्दै जानुपर्ने । वनपाले त कुर्छ हामीलाई दोबाटोमा भेट्न । हाम्रो दाउरा खोस्न । अनिखेर त हामी जम्मा भो १०० जनाजति गाउँभरिको सबै जना दाउरा बेच्न जानेहरू जम्मा भो अनि खेर लु हिँड भन्नुपर्छ । कोही डराएर कहाँ हिँड्नु हामी त जाँदैन भन्छ । अनि यत्रो लौरो लिएर होगि हामी बूढाबूढी त गुहारगुहार भनेर कराउँदै घुमायो वनपालेले छेकेपछि । अनि त्यसरी लौरो घुमाएपछि अनि सबै भाग्ने वनपाले पनि भाग्ने भागाभाग हुने ।

अँ, म नडराउने कोही देखेर नि नडराउने । वनपालेलाई उल्टै कुट्ने वनपालेलाई खुर्पीले कुट्थ्यो फेरि धपाइदिन्थ्यो । अब त्यस बेला हाम्रो कोहीको घरमा चाहिँ चामल छैन नुन छैन अब के गर्ने त दाउरा नबेची पैसा हुँदैनथ्यो । त्यसैले वनपालेसँग जुधेर लौरो घुमाएर तर्साएर भए पनि ५/५ मोहरमा दाउरा बेचेर खा'को ।

अहिले अब त्यस्तो समय गयो । अब कस्तोकस्तो समय आयो । पहिलेका मान्छेले पछि त पानीमा पनि आगो बल्छ भन्थे त्यस्तै समय आयो । अहिले पानीमुनि आगो बलेन त हेर अब हेर अब अहिले माओवादी चल्यो । यो माओवादीले मार्लाकि भन्ने डर भएन त ?

पहिला कहाँको डर त पहिला त आनन्दसित गीत गाएर हिँड्न पाउने जङ्गलमा रातभरि हिँडे पनि त्यो जङ्गलमा बास भए पनि डर छैन अहिले त आफैं अहिले यहाँबाट निस्किएर हिँड्न पनि डर छ । राति ढोकाबाट निस्कन डर लाग्छ । त्यस्तो भो अब । हामी त रातभरि हिँड्ने, रातभरि गीत गाएर हिँड्ने दाउरा टिप्न जाँदा । अहिलेचाहिँ त्यस्तो गयो अब । अब त माओवादी आउँछ रे, मार्छ रे ।

**हामी तामाङसेलो गाउँछौँ**

पहिले जात्रा निकै हुन्थ्यो । जात्रा राम्ररी हेर्न पाउँथ्यो रातभरि । माओवादी आएपछि त्यस्तो छैन । यसपालि खोइ आमाको तीर्थमा बाउको तीर्थमा जान पाएन । डरले नगएको जात्रामा गएर गीत त गाउँछगाउँछ । हामी त नगाउने कुरै छैन । साथीहरू सबै स्याउँस्याउँ गर्छ । गाऊगाऊ भन्छ ।

***टेकप्रसाद, ६७ वर्ष*** *नेपाल ३*
गीत गाउने त हामी बूढापाका त बाँकी छौं नि! हामी बूढाहरू एकएक गर्दै मर्दै गयौं भने हाम्रो संस्कृतिबाट भजन र चुड्का हराएरै जान्छन्।

हामी तमाङ गीत गाउँछ। कोही मादल बजाउँछ। अहिले पनि गाउँछु म त। कोहीकोहीचाहिँ जुहारी खेल्छ कोहीकोही त आफ्-आफैं के आइमाई-आइमाई खेल्छ के।

तर बूढाहरू गाउँदैन। हामीले गीत गाउँदा त कस्तो गर्छ बूढाले कुट्छ, मार्छ। गीत नगा भन्छ। गीत गाएको मन पराउँदैन। अर्कोसँग पोइला जान्छ भनेर होला नि गीत नगा गीत नगा भन्छ। अब गीत गाउँदैमा त पोइला जान्छ त? अब जाँदैन नि। आफ्नो मन त हो नि होगि गीत गाएर पोइला जाने गीत नगाएर पोइला नजाने हो र त्यो कुरो त मिलेन नि।

अब पहिलेको कुरा सोच्यौं भने रमाइलो छ होगि अहिले पहिलेको कुरा भनौं भने रुन मन लाग्छ होइ। पहिले गाह्रो थियो। मासु खानलाई दसैं आउनुपर्थ्यो, तिहार आउनुपर्ने थियो। अहिले मकै, गहुँ, धान धेरै तोरी आयोआयो है। सबै कुरा खान पायो। अब पहिले त त्यो बेलामा अब देशीमल थिएन। बस्तुको मलले आए आउँछ नआए आउँदैन होइ। अनि अब हामी मकै पिसाउन कहाँ पुग्थ्यो भने तिमाल, गादे पुग्थ्यो मकै पिसाउन। यो अब जेठ-असारमा मकै पिसाउन त्यहाँ पुग्थ्यो चारपाँच दिन लाग्थ्यो। केही पनि थिएन। बिस्कुट त थिएन। केही पनि थिएन। ए अहिलेकोहरूले त चाउचाउ, बिस्कुट केके खान पाउँछ अमिलो अचार केके छ।

अँ, आजकलका केटाकेटीहरू फिलिम हेर्न लाग्यो। टिभी ल्याएर दिनभरि हेर्छ। टिभी हेर्छ केही काम गर्दैन होगि यही टिभी मात्र हेर्छ।

खेतबारीमा काम गर्न मनै गर्दैन आजभोलि। केही पनि गर्दैन। गाउँमा एकदुई वर्ष अघिसम्म बत्ती थिएन। टिभी पनि थिएन। आनन्दै थियो अहिले त हैरानै गऱ्यो यसले।

**खालि यो माओवादीले गर्दा मात्र हो अलि दुःख भएको**

अब जङ्गलमा पसौं भने हामीलाई मार्छ कि भन्ने डर भो के। त्यति हो बहिनी, नराम्रो पहिलाभन्दा अरू त हामीलाई राम्रै छ। तर यहाँतिर माओवादी आयो भने त गु निकाल्ने गरी कुट्छ गाउँलेले। ऊः पर त कुट्यो पोरपरार कुट्यो तिनीहरूलाई। कुट्यो अब तर त्यो चोर हो कि माओवादी हो। मैले त नकुट्, नकुट् भन्छ। माया लाग्छ के नकुट्, नकुट्

भन्छ तर आङै नीलो हुने गरी कुट्यो नि ।

यस्तो होला भनेर हामी तरुनी छँदा त सोचेको पनि थिएन नि होइ । हामीले कति दु:ख पायो । अहिले त कति सजिलो भयो कति । पैसा भए सबै कुरा गाउँमै किन्न पाइन्छ अहिले । खालि यो माओवादी अनि केके होले गर्दा मात्र हो अलि दु:ख भएको नत्र त अहिलेकोहरूलाई त हामीलाई भन्दा धेरै नै सुविधा भो नि ।

# अनुसूची

## व्यक्ति, विषय र पृष्ठ सङ्ख्या

**सानुमाया तामाङ, ४७ वर्ष, रैले (काभ्रे)**
गाउँको जीवन, वन, नयाँ खानेकुरा पहिले र अहिलेको जीवनस्तरमा आएको अन्तर, परदेश जाने आवश्यकता खेतीपातीमा जनशक्ति, शिक्षा र परिवर्तित मूल्यप्रणाली, जातिगत र सामुदायिक अन्तर्सम्बन्ध, असुरक्षा, ५-११

**मणि तामाङ, २३ वर्ष, सरसुङ (सिन्धुपाल्चोक)**
शिक्षाको अभावमा ग्रामीण जीवन, बाहुन-तामाङ अन्तर्सम्बन्ध, वातावरण, जनजीविका र जनशक्ति, खर्चिलो मृत्युसंस्कार-घेवा, छोरा र छोरीमा हुने अन्तर, विदेश गएर काम गर्ने महिलाहरूको स्थिति, १२-१६

**सत्यलाल महर्जन, ८२ वर्ष, सानागाउँ (ललितपुर)**
पानी व्यवस्थापनको परम्परागत प्रविधि, धार्मिक भावना, सामुदायिकता र सहकार्य, परिवर्तित मूल्यप्रणाली, १६-१८

**बिमला विश्वकर्मा, २८ वर्ष, कृष्णपुर (चितवन)**
जातिगत भेदभाव र त्यसका कारण मानवअधिकार विकासमा परेको अन्तर, २०-२३

**रामजी (ब्राह्मण) ३५ वर्ष, बाँसबारी (सिन्धुपाल्चोक)**
समुदायको विकासका लागि समुदायकै सहभागिता, सामुदायिक वन, बढ्दो जीवनस्तर र विकासबाट गरिबले प्रतिफल पाउन नसकेको अवस्था, २३-२६

**चन्द्रबहादुर दुलाल, ५५ वर्ष, झाँक्रीडाँडा (ललितपुर)**
वनविनाश, भूसंरक्षण, यातायातको वैकल्पिक व्यवस्था रोपवे, कृषि उत्पादनको बजारले गाउँमा ल्याएको परिवर्तन, २७-३०

**इन्कुमारी, ३५ वर्ष, सिद्धेश्वर (सिन्धुली)**
महिला र शिक्षा, महिला हक र पुरुष, सम्पत्तिमा महिलाहरूको अधिकार, ३०-३३

**गोमा तामाङ, २८ वर्ष**
रमाइलो र रोजगारीका लागि सहरमा बसाइँसराइ, गलैंचा कारखानामा हुने श्रमशोषण, पतिपत्नीको सम्बन्ध र महिलालाई हुने अन्याय, सहरी जीवनको यथार्थ र अनमेल सामुदायिक सम्बन्ध, ३३-३८

**केदार, ३७ वर्ष, थकनी (सिन्धुपाल्चोक)**
ग्रामीण जीवनमा परम्परागत उपचारको आवश्यकता र महत्त्व, परम्परागत उपचारको सीप र जीविका, ३८-४२

**इन्दिरा (ब्राह्मण) २५ वर्ष, सिन्धुकोट (सिन्धुपाल्चोक)**
महिला र शिक्षा, महिला र विवाहकेन्द्रित मूल्यप्रणाली, विवाह र दाइजो, पुरुषप्रधान सामाजिक व्यवस्था र महिलाहरूमा हुने कामको बोझ, प्रौढकक्षा, आयमूलक गतिविकि र बचत, महिला अग्रसरताप्रति समाजको दृष्टिकोण, पैसाका लागि हुने चेलीबेटी बेचबिखन, ४२-४७

**रीता तामाङ, २३ वर्ष (गोरखा)**
मान्छेको जीवनमा मायाको महत्त्व, चेलीबेटी बेचबिखनको जालो, वेश्यालयको जीवन, शोषण मुक्तिपछिको जीवन, ४७-५२

**अनामिका गुरुङ, २८ वर्ष (लमजुङ/चितवन)**
माओवादी र सुरक्षाकर्मीका चेपमा परेको ग्रामीण जीवन, सुरक्षाकर्मीहरूबाट हुने ज्यादती, असुरक्षाका कारण गाउँमा परेको असर, ५३-५७

**दुर्गाकुमारी, ५०+**
सिँचाइले गाउँमा ल्याएको परिवर्तन, द्वन्द्वका कारण समाज र विकास कार्यक्रममा परेको असर, छोरा मारिएलान् भन्ने चिन्ता, ५८-६१

**सोमा तामाङ, ७४ वर्ष, रैले (काभ्रे)**
आम्दानीका लागि दाउरा बेच्नुपर्ने दिनको सम्झना र वनपालेसितको सम्बन्ध, तामाङजातिमा नाचगान, मनोरञ्जन र त्यसमा आइरहेको परिवर्तन, माओवादी द्वन्द्वका कारण समाजमा परेको असर, ६१-६४

## बक्समा रहेका अन्तर्वार्ता – अंशहरू

**रामबहादुर छेत्री**
विकास, सिँचाइ र खेतीपाती, ६; पशुपालन, वन र कृषि, २४; छरछिमेकमा सरसहयोग, ३४

**ताराकुमारी**
कामका लागि बाहिर जाने पुरुष र घर बस्न बाध्य महिला, ८; चाडबाडमा महिला र पुरुषको भूमिका, ३२; महिलाको काम र आयआर्जन, ५६

**दावा ग्याल्मु**
परम्परागत विवाहप्रणाली, महिलाहरूप्रति हुने जबर्जस्ती र महिलाहरूमा आएको परिवर्तन, ९ ल्होसार कसरी मनाइन्छ, १५

**गौमती**
छोराको महत्त्व, १४; आर्थिक कारोबार र ब्याङ्क, ४६

**विश्वानाथ**
ठूला विकास आयोजनाबाट गाउँको कुलोमा परेको असर, १७

**लालबहादुर**
घट्ट र घट्ट चलाउने समुदायहरू, १८

**बद्रीप्रसाद घिमिरे**
वनसंरक्षण र पहिरो रोकथाम, २५

**शेरबहादुर मगर**
गाउँमा विकासका पूर्वाधारको अभाव, २५

**राम**
कृषि र सिँचाइ, २८

**भगवती शर्मा**
छोरा र छोरीमा भेदभाव, ३१; महिलाको जीवनमा आफ्नो कामले ल्याउने अन्तर, ३१; जातीय भेदभाव, दलित र बाहुन, ३५; बचत कार्यक्रममा महिला र पुरुषको सहभागिता, ४४

**बिमला विश्वकर्मा**
जातिगत भदेभाव, ३५

**जयसिंह तामाङ**
धामीझाँक्री र अस्पतालको अन्तर, ३९

**विष्णुप्रसाद**
जडीबुटीको महत्त्व र आम्दानी, ४१

**शुभलक्ष्मी**
बालमृत्यु र परिवार नियोजन, ४१; महिलाको काम, ४२

**टेकप्रसाद**
बूढाबूढी र सांस्कृतिक संरक्षण, ६३